सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद किन ढल्यो ?
-क. नीहार मुखर्जी, SUCI का महासचिव

# मूल्याङ्कन

मूल्य रु. १५।-

पूर्णाङ्क २९, असार २०५२



अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट

**नेपालको बिजुली भारतमा बेच्न के हुनुपर्छ, हाम्रो रणनीति र योजना ?**

बिद्युतविज्ञ, अर्थविद र राजनेताहरु के भन्छन् ?

**नेपालमा भूमिसुधार केका लागि र कसरी गरिनुपर्छ ?**

—मोहनविक्रम सिंह

अमेरिका-जापान व्यापार युद्ध

तालिबान समूह नेपालमा एकिकृत भएको थियो ?

टर्की, इटाली र क्यानाडाको कम्युनिष्ट आन्दोलन


विशेष अन्तर्वार्ता

**उप प्र.म. तथा एमाले-महासचिव माधवकुमार नेपाल**

के भन्छन् प्रमुख बाम नेताहरू ?

राजाद्वारा मध्यावधि चुनावको घोषणा

## के आगामी सरकार बाम सरकार हुन सक्छ ?




ANZ Australia | ANZ Bahamas | ANZ Bahrain | ANZ Bangladesh | ANZ Brazil

ANZ Chile | ANZ China | ANZ Cook Islands | ANZ Fiji | ANZ France

ANZ Germany | ANZ Greece | ANZ Guernsey | ANZ Hong Kong | ANZ India

ANZ Indonesia | ANZ Iran | ANZ Japan | ANZ Jersey | ANZ Jordan

ANZ Korea | ANZ Malaysia | ANZ Nepal | ANZ New Zealand | ANZ Oman

ANZ Pakistan | ANZ PNG | ANZ Phillipines | ANZ Qatar | ANZ Singapore

ANZ Solomon Islands | ANZ Sri Lanka | ANZ Switzerland | ANZ Tonga | ANZ Taiwan

ANZ Thailand | ANZ UAE | ANZ UK | ANZ USA | ANZ Vanuatu

ANZ Vietnam | ANZ Western Samoa

There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP



## आवरण कथा

# के आगामी सरकार वाम सरकार हुन सक्छ ?

राजाद्वारा मध्यावधिको घोषणा, किन ? ५

## 'हामीलाई कुर्सी प्यारो छैन'

**क. माधवकुमार नेपालको विशेष अन्तर्वार्ता**

साथमा क. चित्रबहादुर के.सी., क. रोहित र क. दीपक शर्मासंग कुराकानी

## जलविद्युत भारतलाई बेच्न सक्ने हुन के हुनपर्छ, नीति र योजना ?

का. शंभुराम श्रेष्ट
क. रोहित
क. मोहनचन्द्र अधिकारी
डा. बाबुराम भट्टराई
क. चन्द्रदेव जोशी
डा. किशोरकुमार गुरुघराना
दीपेन्द्र क्षेत्री
दीपक ज्ञवाली
ओम ब. गुरुङ्ग
स्नेह साय्मि
डा. गोपाल पोखरेल
डा. गोविन्द नेपाल
विकास पाण्डे

अन्तर्क्रियाको जीवन्त रिपोर्ट ! ३०

## के वामपन्थीहरुले विगतको चुनावबाट पाठ सिक्लान् ?

## सोभियत संघ र पूर्वी यूरोपमा समाजवाद किन ढल्यो ?

**SUCI** का महासचिव
क. नीहार मुखर्जीसंग कुराकानी २०

क. स्तालिन जीवित छँदै विश्व कम्युनिष्ट आन्दोलनको दोष औंल्याएको दावी !


❑ **हाम्रो मूल्यांकन**
हाय, हाय, नैतिकताको यो खडेरी ! ४

❑ **घटना र प्रवृत्ति**
के यो सरकार पनि मृत्युदण्डको पक्षमा छ ? -एल्भीस जोशी ३८

❑ **नीति/संस्कृति**
कसरी मुक्त हुने हचुवापन र एघारौं घण्टे कु-संस्कृतिबाट ? -सुशील कर्माचार्य ३६

❑ **आँखीझ्याल**
तालिवान समूह नेपालमा एकीकृत भएको थियो ? १५
अमेरिका र जापान व्यापार युद्ध, किन ? -दीपक वैद्य १६

❑ **विश्व कम्युनिष्ट आन्दोलन**
क. इब्राहिम स्मृति दिवस १८
इटालीमा वामपन्थीहरुले सरकार बनाउलान् ? १८
क्यानाडाको कम्युनिष्ट पार्टीको सम्मेलन १९
पोर्चुगलकी 'कम्युनिष्ट रानी'को मृत्यु ४१

❑ **अन्तर्क्रिया**
नेपलिमा भूमिसुधार कका लागि र कसरी गर्नुपर्छ ? क. मोहनविक्रम सिंह २७

❑ **पाठकको कुरो** ४२


पृष्ठ २४ मा प्रकाशित लेखका लेखक दीपक प्रधान हुनु हुन्छ । -मूल्यांकन

आवरण फोटोः उप प्रम एवं एमालेका महासचिव क. माधव नेपाल । फोटोः एल्भीस जोशी । आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार । फोटोग्राफरः उषा

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क २९
२०५२, असार



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**कार्यालय व्यवस्थापन तथा लेखा**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा. लि.
न्हूसाल, भोंछे, ख- २,२३७
काठमाडौं- २३
फोन: २१३६९४
पो. ब. नं. ७०५०, काठमाडौं


# हाय, हाय, नैतिकताको यो खडेरी !

नेपालको प्रजातन्त्रमा नैतिकताको निकै ठूलो खडेरी हुन लागेको छ । नैतिकताबिनाको प्रजातन्त्र मनपरीतन्त्र र अराजकता सिवाय केही हुँदैन । प्रजातन्त्रमा नैतिकता झिकी दिने हो भने राजनीति सानो एउटा स्वार्थी र धूर्त जमातको फोहोरी खेलमा बदलिन्छ । यसले देशलाई बर्वादीको खाडलमा धकेल्छ । यसले जनतामा विश्वासको संकट सिर्जना गर्छ र प्रजातन्त्रप्रति नै निराशा ल्याउँछ । स्वतन्त्रता स्वच्छन्दतामा बदलिन्छ । धमिलो पानीमा माछा मार्न सिपालु निरंकुश तत्वहरू जनताको हताश मनस्थितिको जगमा फेरि पुरानो भ्रष्ट तानाशाही व्यवस्थाको महल खडा गर्न उद्यत हुन्छन् । नेपालमा यस्तै हुन लागिरहेछ ।

यसको लागि कोही अरु दोषी छैन, सिवाय यहाँका अनैतिक र स्वार्थी राजनीतिज्ञहरू । यहाँका पूँजीवादी राजनीतिज्ञहरूमा पूँजीवादी नैतिकताको नामोनिशान देखिएन । यहाँका सर्वहारा राजनीतिज्ञहरूमा पनि अनिकाल नैतिकताकै देखियो ।

अहिलेको मध्यावधि आफैं नैतिकताविहीन "प्रजातन्त्रवादी"हरूको नितान्त स्वार्थी क्रियाकलापबाट जन्मिएको हो । पोहोरकै मध्यावधि पनि, जगजाहेर छ, नेपाली कांग्रेसभित्रको एउटा सानो नितान्त स्वार्थी र भ्रष्ट तप्काको अनैतिकताको गर्भबाट जन्मिएको थियो ।

गत वर्ष सत्तारुढ गिरिजा गुटले, अरु त अरु, चरम भ्रष्टाचार र तानाशाहीले गर्दा आफ्नै पार्टीको विश्वास र समर्थनसमेत संसद्मा प्राप्त गर्न सकेन । उसको सरकारी नीति र कार्यक्रम संसद्को बहुमतले अस्वीकृत गऱ्यो । पूँजीवादी नैतिकताअनुसार संसद्को विश्वास नरहेपछि गिरिजालाई एकछिन पनि कुर्सीमा रहने हक थिएन । तर आश्चर्य, आफ्नो कुर्सी जाने देखेपछि उनले जन-निर्वाचित सार्वभौम संसद् भंग गरे र आफूचाहिं कुर्सीमा रहिरहे । पूँजीवादी कानूनले उनको यही कदमलाई वैधता दियो । अनैतिकताको योभन्दा अग्लो चुली के हुन सक्छ ?

यही वर्षको कुरा गरौं । एमाले सरकार सत्तामा आएको ६ महीना पनि बितेको छैन । उसले आफ्नो बजेट र सरकारी नीति तथा कार्यक्रम नै समेत संसद्मा प्रस्तुत गर्ने मौका पाएको छैन । नेपाली कांग्रेसलाई लाग्यो– त्यही बजेट र कार्यक्रमले यस्तो केही कुरा घोषणा गरिदिन सक्छ, जसले एमालेलाई लोकप्रियताको शिखरमा पुऱ्याओस् । यही औडाहाले छट्पटाएर नितान्त धुर्त्याईंका साथ उसले असार १ गते नियमित संसद् अधिवेशन हुँदाहुँदै असार २ गते विशेष संसदीय अधिवेशन डाक्न लगायो । र त्यहीं अविश्वासको प्रस्ताव पास गरेर एमाले सरकारलाई बजेट र कार्यक्रम नै सार्वजनिक गर्न नदिई सत्ताच्यूत गर्ने दाउ गऱ्यो । हो, संविधान र कानूनको हिसाबले यो विल्कुलै कानूनी कदम ठहरिन सक्छ । तर के सबै कानूनी कुराहरू नैतिक हुन्छन् र ? के पूँजीवादी प्रजातन्त्रमा कुनै पनि सरकारलाई उसको पहिलो बजेट र सरकारी कार्यक्रमसमेत पेश गर्ने अवसर नदिनु प्रजातान्त्रिक नैतिकता हुन्छ ? विश्वास पैदा गर्न शुरु कार्यक्रम र शुरु बजेट नै ल्याउन नपाई तँलाई मेरो अविश्वास छ भनेर सिध्याइदिनु के पूँजीवादी नैतिकता हुन्छ ?

अहिले कंगाल देशले जुन महँगो मध्यावधि भोग्नु परिरहेछ एक वर्षमा दुई पटक, त्यो पूँजीवादीहरू स्वयम्ले पूँजीवादी प्रजातन्त्रको नैतिकता छोड्नाले भोग्नु परिरहेछ । नेपालमा पूँजीवादी प्रजातन्त्र बेवारीश भएको छ; सरोकारविहीन बेवारीश नाबालक जस्तो । स्वयम् पूँजीवादीहरू तुच्छ स्वार्थवश पूँजीवादी मूल्य-मान्यता र नैतिकताको संरक्षक नभएपछि कसले वारेस थामिदिने यसको ?

धार्मिक स्वतन्त्रताको झण्डा विश्वमा पहिलो पल्ट उचाल्ने पूँजीवादीहरू नै हुन् । तर भर्खरैको तथाकथित गाईकाण्डमा, कट्टर अन्ध-हिन्दूहरूलाई उचालेर पूँजीवादी धार्मिक स्वतन्त्रताको नारा दिएर वामपन्थी नेता पद्मरत्नलाई धराशायी पार्ने निकृष्ट स्वार्थसिद्धि गर्न यहाँका पूँजीवादीहरूले आफ्नै धार्मिक स्वतन्त्रताको झण्डा रछानमा मिल्काए । तुच्छ कुर्सी स्वार्थको लागि देशलाई सांप्रदायिक दंगाको आगोमा धकेल्न खोजे । अनैतिकताको योभन्दा ज्वलन्त नमूना अरु के हुन सक्छ ? अब कसले झण्डा थामिदिने पूँजीवादी धार्मिक स्वतन्त्रताको ?

नैतिकताको यो अनिकाल सर्वहारा राजनेताहरूमा पनि देखा परेको छ । आफूलाई सर्वहारा वर्गको प्रतिनिधि ठान्ने एउटा दल चुनावअघि अरुण-तेस्रोको राष्ट्रघाती शर्त विरुद्ध जेहाद छेड्छ । तर सरकारमा जाने बित्तिकै ऊ तिनै शर्तहरूलाई घुमाई फिराई स्वीकार्छ, जसका विरुद्ध आकाश-पाताल उचाल्न उसले हिजो जनतालाई आह्वान गरेको थियो । यो स्वीकारोक्ति पनि फगत यस निहुँमा कि यसो नगरी विदेशी सहायता आउँदैन, त्यो आएन भने सरकार टिक्दैन ।

सरकारमा जानुअघि घोषणा-पत्रमा "राष्ट्रिय, स्वाधीन अर्थतन्त्र"को नारा दिइन्छ । तर सरकारमा जानासाथ त्यो नारालाई मलखाडीमा मिल्काएर अर्कै नारा दिइन्छ– उदारवादको र खुला बजार अर्थतन्त्रको !

घोषणा एउटा; व्यवहार त्यसको ठीक उल्टो; यो पनि अनैतिकताको ज्वलन्त उदाहरण हैन र ?

सर्वहारा नैतिकताको मूल चुरो हो– आफ्नो हितलाई समाजको हितमा लीन गराउनु, समाजको स्वार्थसँग आफ्नो स्वार्थ एकाकार गर्नु । तर यहाँ चुरो कुरो भइरहेछ, आफ्नो स्वार्थलाई धुरी बनाउनु !

सबै समूहले आफ्नो स्वार्थलाई मूल धुरी बनाउनाले नै २०४८ सालमा र पोहोर 'एक वाम एक ठाम' हुन सकेन । नेपालमा एकलौटी बहुमत प्राप्त वाम सरकार बन्ने पूरापूर संभावना भएर पनि यही कारणले त्यो संभावना तुहिरहेछ कि यहाँका 'सर्वहारा राजनेताहरू' आफ्नै स्वार्थलाई धुरी बनाइरहेछन् र सर्वहारा नैतिकताको चुरो कुरा छोडिरहेछन् ।

तसर्थ सबै फाँटमा नैतिकताको भीषण अनिकाल परिरहेछ । अहिलेको प्रमुख आवश्यकता सबैतिर यही नैतिक ह्रासको विरुद्ध नैतिक-सांस्कृतिक आन्दोलन चलाउनु हो । यो आन्दोलनमा बलेको अगुल्टोले मात्रै नबलेको अगुल्टो बाल्न सक्छ । त्यसैले, जो जसमा नैतिक मूल्यको आगो अझै बलिरहेछ र अरु बाल्नुपर्छ भन्ने ध्याउन्ना छ, उनीहरूले नै नबलेका अगुल्टाहरू बालिछोड्न पहिलो पहल गर्नुपर्छ । अन्यथा हाम्रो समाजको भविष्य अन्धकारमय हुन बिल्कुलै संभव छ । ❑

टाइप सेटिंग: माइक्रोचिप्स कम्प्युटर सर्भिस, बागबजार । मुद्रक: इन्द्रेणी अफसेट प्रेस, बागबजार फोन: २२५९५४

# के आगामी सरकार वाम सरकार हुन सक्छ ?

## राजाद्वारा मध्यावधि चुनावको घोषणा, किन ?

श्याम श्रेष्ठ



चार दिन लामो अन्यौलपूर्ण प्रतीक्षा र गंभीर दवाब-प्रतिदवाबपछि आखिर यही जेठ ३० गते १ बजे राजाबाट मौजुदा प्रतिनिधि सभाको विघटन र मध्यावधि चुनावको घोषणा भइछाड्यो । नयाँ संविधान आएको साढे चार वर्ष मात्र भएको छ, तर आउँदो ६ महिनापछि तेस्रोपटक देशमा आम निर्वाचन हुँदैछ ।

दरबारले गरेको ढिलाइ देखेर धेरैले घटनाक्रम अर्कै बाटो जाने भयो भनेर अनुमान गरिरहेका थिए, किनभने पोहोर गिरिजाको संसद् भंग गर्ने सिफारीश २४ घण्टाभित्रै स्वीकार भएको थियो । आफू जोगिन राजाले बल्ल अब सर्वोच्च अदालतमा फ्याँक्ने भएछन् कि भन्ने धेरैको अड्कल थियो । कांग्रेस, राप्रपा र सद्भावनाले स्वतन्त्र सांसद्समेतको समर्थन जुटाएर २०५ सिटको संसद्मा १०३ बहुमत आफूसित भएको राजालाई जाहेर गरिसकेका थिए । कांग्रेसी संसदीय दलका नेता शेरबहादुर देउवालाई भावी प्रधानमन्त्रीको रुपमा अघि सारिसकिएको थियो । कतै त्यही पक्षमा दरबारिया घोषणा त हुने होइन? यो आशंका पनि सर्वत्र छाउन थालेको थियो ।

तर घटनाक्रम यसपटक कांग्रेस र राप्रपाले चाहेको दिशामा गएन । यो यसकारणले होइन कि राजतन्त्र र उनीहरुको वर्ग-स्वार्थ अलग-अलग थियो । यो यसकारणले पनि होइन कि राजा अब प्रजातन्त्रवादी भएका छन् र संविधानको रक्षा गर्न चाहन्छन् । यदि यस्तो भएको भए पोहोर साल संसद्को बहुमत गुमाइसकेर राजिनामा गर्न वाध्य प्रधानमंत्री गिरिजाको सिफारीशमा बिल्कुलै गैर-प्रजातान्त्रिक तरीकाले संसद् भंग गर्ने काम राजाबाट हुने नै थिएन । राजा प्रजातन्त्रवादी भएका भए र संसद्को पूर्ण बहुमत अर्थात् १०५ सांसदहरू, सत्तारुढ नेपाली कांग्रेस स्वयम् र आम नेपाली जनताले सडकमा उत्रेर विघटित संसद्को पुनर्स्थापनाको माग गर्दा पनि टेरपुच्छर नलाउने काम राजाबाट हुने नै थिएन ।

यसपल्ट त्यही पोहोरको नजीर राजाको निम्ति 'भालुको कन्पट' सावित भयो । त्यो नजीरको विपरीत जाँदा राजतन्त्र विल्कुलै पक्षपाती सावित हुने, विवादग्रस्त हुने र संभावित जन-आक्रोशले राजाको बचेखुचेको शक्ति पनि डढाउन सक्ने- संभवत: यही डरले सबैभन्दा बेसी राजालाई यो मध्यावधिको घोषणातिर धकेल्यो । फेरि, गएको ६ महिनामा एमाले सरकारले राजालाई खुशी पार्न कुनै कसर पनि त बाँकी राखेको थिएन, चाहे राजनीतिक नियुक्तिमा होस् वा पहिलेभन्दा धूमधामका साथ जन्मोत्सव समारोह मनाउने सवालमा वा जनआन्दोलनले क्षतिग्रस्त पारेको राजाको शालिकको पुनर्निर्माणमा । यसले पनि यो दिशामा निर्णय आउन थोरै भूमिका खेलेकै हुनुपर्छ ।

मध्यावधि घोषणाको नेपाली कांग्रेसले लाजै नमानी सख्त विरोध गरेको छ । यद्यपि यो त्यही नेपाली कांग्रेस हो, जसको प्रधानमंत्रीले पोहोर आफैं आफ्नै पार्टी, नेपाली जनता र संपूर्ण प्रतिपक्षले तीव्र विरोध गर्दागर्दै, एक्लै जबर्जस्ती तुच्छ स्वार्थवश देशलाई ६२ करोड महँगो मध्यावधितिरै धकेलेको थियो ।

त्यो राप्रपाले पनि यसपाला मध्यावधि घोषणाको शरमनै नमानी विरोध गरेको छ, जो खुदैले पोहोर आफ्नो केही सिट बढ्ने तुच्छ स्वार्थमा आधारित भएर गिरिजाको मध्यावधि घोषणा गर्ने तानाशाही र अनैतिक कदमलाई रातो तुल बिछ्याएर स्वागत गरेको थियो ।

'माछा आए भित्र हात, सर्प आए बाहिर हात' उनीहरूको यो अनैतिक प्रवृत्ति यो घटनाले उदांगो पारेको छ । दुवै पार्टीले अलग अलग ढंगले मध्यावधि घोषणाको विरुद्ध सर्वोच्च अदालतमा रीट दायर गरिसकेका छन् । कांग्रेसी छात्र संगठन- ने.वि.संघले गत जेठ ५ गते उपत्यका बन्दको आयोजना गरिसकेको छ ।

पंचहरुको पार्टी राप्रपाको छात्र संगठनको सहयोगमा ढुंगा-मूढा र तोडफोडजन्य हिंसालाई आधार बनाएर सफलतापूर्वक गरिएको भनिएको उपत्यका बन्दपछि कांग्रेसीहरु "नेपाल बन्द"को स्तरसम्म यो संघर्षलाई अगाडि बढाउने हिम्मत गर्दैछन् ।

कांग्रेस र रा.प्र.पा. दुवै मिलेर सडकमा गए पनि यो कार्यकर्ता आन्दोलनमै सीमित हुने

पक्का छ । मेचीदेखि महाकालीसम्मका पारिश्रमिक दिएर बस-ट्रकमा राजधानीमा ल्याइएका मान्छेबाट जन-आन्दोलनको सिर्जना कदापि हुँदैन । नेपाली जनताले कांग्रेसको तीन वर्षे खुनी तानाशाही र पंचायतको ३० वर्षे कालरात्रीलाई पनि छिट्टै बिर्सिसकेका छैनन् । त्यसैले कांग्रेस र राप्रपाको आन्दोलन जन-आन्दोलनका रुपमा बदलिने कुनै संभावना छैन ।

कथंकदाचित छिटपुट रुपमा कांग्रेस-राप्रपाले संघर्ष गरिहाले पनि तिनीहरुको तोडफोड र हिंसाको प्रतिकारमा जनता स्वयं उत्रने कुरा पनि निश्चित छ, यो संकेत ने. वि. संघका अराजक समर्थकहरुले उपत्यका बन्दको क्रममा गरेको तोडफोडको विरुद्ध काठमाडौंवासीहरुले काठमाडौंको मुटुमै रहेको असन तथा इन्द्रचोक क्षेत्रमा पसलहरू बन्द गरेर स्पष्ट रुपमा देखाइसकेका छन् ।

प्रधान न्यायाधीश यतिखेर सरकारसित रुष्ट देखिनु भएको छ । सरकारले अदालतको बजेट निकासामा झमेला गऱ्यो भनेर । तर यत्तिकै भरमा अदालत मध्यावधिको विरुद्ध जान सक्ने देखिदैन । पोहोरको आफ्नै फैसलाको नजीरले अदालतको मुखमा भोटेताल्चा लगाइदिने प्रबल संभावना छ । त्यो नजीर विरुद्ध गएमा अदालतप्रतिको जनविश्वासमा भुइँचालो जान सक्छ । स्मरणीय छ, पोहोर सर्वोच्च अदालतले संसद्‌को बहुमत गुमाइसकेको र पदबाट राजिनामा दिइसकेका प्रधानमंत्रीले समेत संसद् भंग गर्ने र मध्यावधि चुनाव गर्ने वैध सिफारीश गर्न सक्छ भन्ने फैसला गरेर एउटा नयाँ नजीर कायम गरेको थियो ।



नेकाको असह्य हताश मनस्थितिको उपज: उपत्यका बन्दको क्रममा भएको जुलूस

### किन मध्यावधि ?

सर्वोच्चको पोहोरको फैसलाले संविधानको अविश्वासको प्रस्तावसम्बन्धी धारालाई नै निष्कृय र खोक्रो पारिदिएको छ । अब अविश्वास प्रस्ताव आउने भयो वा संसद्‌मा सरकारमाथि बहुमतको विश्वास नरहने भयो भन्ने आशंका हुनासाथ हरेक संकटग्रस्त प्रधानमंत्री संसद् भंग गर्न उत्प्रेरित हुने भएको छ । किनकि प्रधानमंत्री यस्तो गर्न विशेष अधिकार प्राप्त भएका छन् ।

संसद् सार्वभौम छ भन्ने कुरा अब

# विगतको चुनावमा झैं देशभक्त र प्रजातान्त्रिक शक्ति विभाजित हुनुहुन्न !

**–क. चित्रबहादुर के.सी.**, पोलिटब्यूरो सदस्य, नेकपा मसाल

*मूल्यांकन : मध्यावधि चुनावको घोषणा कस्तो लाग्यो ?*

क. चित्रबहादुर: **यति छिटो छिटो हाम्रो जस्तो गरीब मुलुकमा आमचुनाव हुनु त्यत्ति उपयुक्त थिएन, तै पनि पुनरूत्थानवादी र प्रतिक्रियावादी शक्तिले यो सीमित स्वतन्त्रता भएको बहुदलीय व्यवस्थालाई आफ्नो पैत्रिक सम्पतिझैं सम्झने, सदनमा अल्पमतमा रहेको एमालेको सरकारलाई सत्ताच्यूत गरेर नेपाली जनतामाथि पुनः हालीमुहाली मच्चाउन रचेको षड्यन्त्र असफल भएको छ । यो षड्यन्त्रबाट बच्नको लागि पनि अहिलेको परिस्थितिमा मध्यावधि चुनाव बाहेक अर्को विकल्प थिएन । त्यसैले मध्यावधिको घोषणा ठीकै भएको छ ।**

*मूल्यांकन : कांग्रेसले आषाढ २ गते अविश्वासको प्रस्ताव ल्याउनुको लागि जुन विशेष अधिवेशन डाक्यो, त्यसैबाट डराएर एमालेले मध्यावधि चुनाव गर्न खोजेको भन्छन् नि ?*

क. चित्रबहादुर: **यदि त्यस्तो अर्थ लगाउने हो भने एमालेसित डराएर नेकाले र राप्रपाले राजाकहाँ समावेदन पेश गरी एमालेलाई पहिलेनै ढाल्न षड्यन्त्र गरेको भन्न पनि सकिन्छ र, गरेका थिए पनि । विगत ६ महिनामा एमालेले मुलुकका लागि जे जति राम्रा काम गर्न सक्थ्यो र पर्थ्यो, त्यो उसले गर्न सकेन । तैपनि एमाले सत्तामा बसेको नेका र राप्रपालाई ठूलो छट्पटी लागिरहेको थियो । त्यसकारण आगामी बजेट र वार्षिक नीति तथा कार्यक्रम एमालेले सदनमा प्रस्तुत गर्दा जनतामा उसको साख बढ्नेछ भन्ने डरले नै यिनीहरुले एमालेतिर बन्दूक सोझ्याएका हुन् । तर त्यो बन्दूक आफूतिरै पड्क्यो । यसबाट उनीहरु बढी निराशिएका छन, हताशिएका छन र पराजित भए भन्ने कुरा चाहिँ होइन । यिनीहरुले भोलि संगठित रुपले जनताका सीमित हक अधिकार समेत खत्तम पार्ने गम्भीर संम्भावना छ ।**



*मूल्यांकन: प्रतिक्रियावादीहरु र पुनरूत्थानवादीहरुलाई परास्त गर्न आउँदो चुनावमा कसरी जानु पर्दछ भन्ने लाग्छ ?*

क. चित्रबहादुर के. सी.: **आगामी मध्यावधि चुनावमा भाग लिने नलिने ठेगान पार्टीले अझै गरेको छैन । पार्टीले जेसुकै निर्णय गरेपनि हामीले त्यही मान्नु पर्छ । तर विगतको मध्यावधि चुनावमा झैं देशभक्त र प्रजातान्त्रिक शक्तिहरु विभाजित भएर चुनावमा सामेल भए भने उनीहरुले प्रतिक्रियावादी र पुनरूत्थानवादी तत्वहरुबाट नराम्रो पराजय भोग्न पर्नेछ । त्यसैकारण आपसमा भएका मतभेदहरुलाई चलाउँदै आगामी चुनावमा जानु पर्छ । र, प्रतिक्रियावादी र पुनरूत्थानवादी तत्वहरुलाई परास्त गरिदिनु पर्छ। विगतमा झैं कांग्रेस फुटेको छ र हामी एक्लै बहुमत ल्याउँछौं, एकलौटी सरकार बनाउछौं भन्ने अहंकार एमालेले छोड्नु पर्छ र आफ्नो औकातभन्दा बढ्ता लाभ उठाउन खोज्ने नीति अन्य पक्षले पनि लिनु हुन्न । त्यस्तो भयो भने एकता हुन सक्छ र प्रतिक्रियावादी पुनरूत्थानवादी तत्वहरुलाई परास्त गर्न सकिन्छ ।**

मध्यावधि चुनावबारे नेकपा मसाल के भन्छ ?

संविधानका अक्षरमा मात्र सीमित हुने भएको छ, वास्तवमा सार्वभौम त प्रधानमंत्री हुने भएका छन् किनकि उनी मन लागेको बेलामा सार्वभौम संसद्लाई समेत भंग गर्न सक्छन् । यसबाट प्रश्न के उठेको छ भने, अब संसद्मा अविश्वास प्रस्ताव आउन सक्छ नै कसरी ? संसद्ले प्रधानमंत्रीलाई नियन्त्रण गर्न सक्छ नै कसरी ?

यसपालि संकटग्रस्त भएको एमाले सरकारले सर्वोच्चको पोहोरको त्यही नजीरलाई व्यवहारमा प्रयोग गऱ्यो । अहिलेको मध्यावधि निर्वाचन त्यसको परिणाम मात्र हो । स्थितिमा फरक यत्ति मात्रै हो कि मनमोहनले संसद् भंगको सिफारीश गर्दा गिरिजाले जस्तो संसद्को बहुमतको विश्वास गुमाइसकेका थिएनन् । किनकि राप्रपाको र सद्भावनाको समर्थन अझै उनलाई प्राप्त नै थियो र अरु वामहरूको पनि । गिरिजा जस्तो एउटा व्यक्तिको निर्णयले होइन, पूरै पार्टी र मंत्री परिषद्को निर्णयले यो सिफारीश भएको थियो ।

**नियमित अधिवेशनमा सरकारी नीति र कार्यक्रम, वजेट र केही सुधारवादी कार्यक्रम ल्याउन नै नदिन एमालेलाई अविश्वास प्रस्तावद्वारा सत्ताच्यूत गर्नका लागि नैं यो विशेष अधिवेशनको आयोजना गरिएको थियो ।**

संसद्को नियमित अधिवेशन असार ११ गते डाकिसकिएको थियो । एमालेले त्यसमा आफ्नो सरकारी नीति र कार्यक्रमका साथसाथै वार्षिक वजेट पनि पेश गर्ने कार्यक्रम थियो । एमाले सरकारले गएको ६ महिनामा कुनै क्रान्तिकारी र युगान्तकारी कार्यक्रम ल्याएको थिएन । केही सुधारवादी काम मात्र उसले थालेको थियो । उसको सुधारवादी कार्यक्रममध्ये जनतालाई सबैभन्दा बेसी प्रभावित पारेको कार्यक्रम "आफ्नो गाउँ, आफैं बनाऔं" कार्यक्रम र सुकुम्वासीलाई जग्गा वितरण कार्यक्रम थियो । यो अधिवेशनमा उसले भूमि सुधार, कमैया प्रथाको खारेजी र नारीलाई समान संपत्तिको अधिकार जस्ता केही कार्यक्रम ल्याउने योजना थियो । "आफ्नो गाउँ आफैं बनाऔं" को रकम बढाएर ६ लाख पुऱ्याउने योजना थियो ।

तर यति सानो र थोरै सुधारवादी कार्यक्रम एमाले सरकारले ल्याउने छाँटकाँटबाटै नेपाली कांग्रेस निक्कै अत्तालियो । ऊ डाहाले यति छट्पटायो कि- दुई हप्तापछिको अधिवेशनमा यति कुरा एमाले सरकारलाई ल्याउन दिने धैर्य र संयमसमेत उसित रहेन । नेपाली कांग्रेस केले पनि निकै छट्पटायो भने, निजीकरण, उदारवाद र बजार अर्थतन्त्रलाई ज्यूँका त्यूँ स्वीकार गरेर एमाले सरकाले अन्तर्राष्ट्रिय र देशभित्रका ठूला पूँजीपति वर्गको समर्थन पनि आफ्नो पक्षमा तानिरहेको थियो, जुन गर्ला भनेर कांग्रेसलाई अपेक्षा थिएन । साथै एमाले सरकारले राजनीतिक नियुक्तिबाट दरबारलाई पनि आफ्नो पक्षमा तान्न खोजिरहेको नेपाली कांग्रेसले देख्यो ।

सत्ता स्वार्थभन्दा ठूलो अरु केही नभएको नेपाली कांग्रेसको निम्ति यो सारै असह्य भयो । जुन जुन वर्गको समर्थनमा नेपाली कांग्रेसका निम्ति सत्ता अडेको थियो, तिनीहरूको समर्थन एमालेले आफूतिर तानिरहेको र केही माथि भनिएका लोकप्रिय कार्यक्रमद्वारा आम जनताको समर्थनसमेत आफूतिर तानिरहेको तथ्यले नै नेपाली कांग्रेस सबैभन्दा धेरै आत्तिएको थियो ।

# प्रगतिशील शक्तिबीच सिटको तालमेल नै सर्वश्रेष्ठ उपाय हो

**–क. रोहित,** अध्यक्ष, नेपाल मजदूर किसान पाटी



**मूल्याङ्कन– कस्तो लाग्यो तपाईलाई मध्यावधिको घोषणा ?**

**क. रोहित–** यो घोषणा संविधानसम्मत छ । गिरिजाको पालामा पनि यस्तै भएको थियो । अहिले त्यही किस्सा दोहरिएको मात्र हो । संसदीय व्यवस्थामा संविधानले प्रधानमन्त्रीलाई असाधारण अधिकार दिएको हुन्छ । यो असाधारण अधिकार अन्तर्गत प्रधानमन्त्रीले संसद् भंग गर्न र मध्यावधि चुनावको सिफारिस गर्न सक्छ । साधारणतया आफ्नो पार्टीको असन्तुष्ट तप्का र प्रतिपक्षी पार्टीलाई खबरदारीका लागि यो असाधारण अधिकार प्रयोग हुने गर्छ । यही अधिकार प्रधानमन्त्रीसित हुने हुनाले यसलाई पूँजीवादी तानाशाही भन्ने गरिन्छ । गिरिजाले पोहोर त्यही पूँजीवादी तानाशाही प्रयोग गरेको हो र अहिले मनमोहनले पनि । संविधानको धारा ५३ (४) अनुसार अहिले प्रतिनिधि सभा भंग गर्ने र मध्यावधि चुनाव गर्ने घोषणा त्यसैले संविधानसम्मत छ ।

**क.रोहितलाई कस्तो लाग्यो, मध्यावधि घोषणा ?**

**मूल्याङ्कन– संसद्को नियमित अधिवेशन आषाढ ११ गते डाकिंदा डाकिंदै पनि किन फेरि कांग्रेसले आषाढ २ गते विशेष अधिवेशन डाकेको होला ?**

**क. रोहितः–** संविधानको धारा ४२ (१) मा फर्किनको लागि यस्तो गरेको हुनुपर्छ । तर यो बिल्कुलै सम्भव नभएको कुरा हो किनभने धारा ४२ (१) प्रयोग गर्न त राजाले पहिले नै आह्वान गरिसकेको हो । त्यो प्रयोग गर्न नसकेर त धारा ४२ (२) मा गएको हो । अब फेरि धारा ४२(१) मा फर्कने भन्ने कुरा हरेक हिसाबले नमिल्ने कुरा हो ।

**मूल्याङ्कन– आगामी चुनावमा प्रतिक्रियावादीहरूको हार र वामपन्थी शक्तिहरूको जीत सुनिश्चित कसरी होला भन्ने लाग्छ ?**

**क. रोहित :–** तपाईंहरू एमालेलाई वामपन्थी भन्नुहुन्छ कि हुन्न ? मलाई थाहा छैन । उसका ६ महिने क्रियाकलापहरू वामपन्थी दिशामा देखिंदैनन् । तथापि कांग्रेस र रा.प्र.पा.को तुलनामा ऊ अझै प्रगतिशील शक्ति हो । मेरो विचारमा सबै प्रगतिशील शक्तिबीच चुनावमा सिटको तालमेल नै सर्वश्रेष्ठ उपाय हो ।

**मूल्याङ्कन– वाम तालमेलका लागि प्रमुख बाधा के हो तपाईंको विचारमा ?**

**क. रोहितः–** एमालेको नेतृत्वमा अहंकार होइन, विवेक हुनु पऱ्यो । विषयवस्तु र परिस्थितिको गंभीरतालाई उहाँहरूले बुझ्नु पऱ्यो । यति भएको खण्डमा वाम तलामेल राम्ररी हुनसक्छ ।

**मूल्याङ्कन– तपाईहरूको आफ्नो चाहिं केही कमजोरी छैन ?**

**क. रोहितः–** हामीले हरेक समयमा आफ्नो पार्टीको आकारअनुसार मात्र सिटको माग गरेका छौं । र कुनै पनि वामपन्थी मित्रको खुट्टा तान्ने काम कहिल्यै गरेका छैनौं । अरुको संगठनलाई फोड्ने काम हामीले गरेको छैनौं । सानो पार्टी भनेर होच्याउने काम पनि हामीबाट भएको छैन । आन्दोलनको बेलामा समान पार्टी-प्रजातन्त्रको बै
उपभोगको बेलामा स्थानीय पार्टीको रुपमा यस बन्द
भेदभाव हामीले गरेका छैनौं, अरुले पनि वधानले
भएन ।
क्रान्तिलाई

**मूल्याङ्कन– तपाईंहरू अहिले र** युगान्तकारी
**सरकारमा सामेल हुने कि नहुने ? तपाईंहरूको**
**खाँचो छ ?**

**क. रोहितः–** अनुरोध
पनि भएको छ । तर हाम्रो पार्टी सम्पन्न गर्ने दायित्वका
पार्टी सरकारमा नजाने, प्र मा वाम एकता अहिलेको
निभाउने भन्ने निर्णय नेपालमा अहिले विद्यमान
उहाँहरूको अनुरोधल भने आगामी चुनावमा वाम
हामीलाई दुःख छ संसद्मा अत्यधिक बहुमत हासिल
गर्नेछौं । जनता भव छ । त्यो भएन भने, अहिलेकै
भनेका छौं पनि स्पष्ट बहुमत नभएको खिचडी
बस्दैछ । त पनि पक्का छ ।

अहिल्यै 'आफ्नो गाउँ आफैं बनाऔं' र
सुकुम्वासीलाई जग्गा वितरण गर्ने कार्यक्रमले

# "मध्यावधिबाट राजाले जथाभावी स्वविवेक प्रयोग गर्ने बाटो खत्तम भएको छ"

-क. दीपक शर्मा

सचिव, ने.क.पा. (एकता केन्द्र), राष्ट्रिय सम्मेलन आयोजक समिति

मूल्याङ्कन- यो मध्यावधि चुनावको घोषणालाई तपाईको पार्टीले कसरी लिएको छ ?

दीपक शर्मा- **प्रतिक्रियावादी शक्तिसितको गठबन्धन सरकार वा मध्यावधि चुनाव यी दुईमध्ये एउटा रोज्नुपर्ने स्थिति राष्ट्रिय राजनीतिमा अहिले पैदा भएको छ । पूँजीवादी संसदीय व्यवस्थाको नियति नै यस्तै हुने गर्छ । यी दुईमध्ये कुनैको र जोडाइले पनि जनताको आधारभूत समस्या हल हुन सम्भव छैन । त्यसैले यी दुईमध्ये कुनैको पनि माग हामीले गरेनौं, गर्दैनौं । हाम्रो देशको अहिलेको आवश्यकता भनेको राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको सुनिश्चितताको दिशामा देशलाई डोऱ्याउनु हो । जनक्रान्तिले मात्रै यो सुनिश्चित हुन्छ ।**

**अहिलेको मध्यावधिको घोषणाबाट राजाले जथाभावी स्वविवेक प्रयोग गर्ने संभावना अन्त भएको छ । यसबाट प्रतिक्रियावादीहरूको गठबन्धन सरकार बन्ने सम्भावना पनि तत्कालको लागि खतम भएको छ । यस अर्थमा यो ठीकै भएको छ । मध्यावधि चुनाव खराबहरूमध्ये कम खराब विकल्पको रुपमा हामीले ग्रहण गरेका छौं ।**

मूल्याङ्कन- किन नेपाली कांग्रेसले विशेष अधिवेशन डाकेर एमालेलाई यति छिट्टै अपदस्थ गर्न कस्सियो भन्ने लाग्छ तपाईलाई ?

क. दीपक- **संसदीय व्यवस्थामा सत्तामा नरहेका पार्टीले सत्तामा रहेकालाई हमेसा अपदस्थ गर्न त खोज्छन् नै । त्यसमाथि एमाले कम्युनिष्ट शक्ति नभए पनि कांग्रेस र राप्रपाको समकक्षको प्रतिक्रियावादी पार्टी त होइन नै र उसले आफूलाई कम्युनष्टि नै भन्दै आएको छ । त्यही कारणले उसलाई अपदस्थ गर्न कांग्रेस र राप्रपा सुरिएका हुन् । एमालेले क्रान्तिकारी कार्यक्रम ल्याउन खोजेकोले त्यसलाई रोक्नका लागि चाहिँ उनीहरूले अपदस्थ गर्न लागेका होइनन् । किनभने एमालेको कुनै त्यस्तो कार्यक्रम नै थिएन ।**

मूल्याङ्कन- आउँदो बजेट र सरकारी कार्यक्रमबाट डराएर एमालेलाई अपदस्थ गर्न लागेको भन्ने लाग्दैन?

क. दीपक- **आउँदो बजेट र कार्यक्रममा एमाले सरकारले आमूल परिवर्तनकारी कार्यक्रम त ल्याउन लागेको थिएन । आफ्नो भोट बैंक बढ्ने, जनता तुरुन्तै आकर्षित हुने, पपुलिष्ट खालको बजेट र कार्यक्रम एमालेले ल्याउन लाग्यो भनेर चाहिं नेपाली कांग्रेस निश्चितै रुपमा डराएको हो त्यसैले हतार हतार विशेष अधिवेशन डाकेको हो ।**

मूल्याङ्कन- आउँदो चुनावमा प्रतिक्रियावादीहरूलाई परास्त गर्न र वामपन्थीहरूको जीत निश्चित पार्न के गर्न लाग्दै हुँदैछ तपाईहरू ?

क. दीपक- **हामीले संसदीय चुनावलाई कार्यनीतिक सवाल मान्दछौं । यो चुनावमा के गर्ने भन्ने बारेमा नै हामी आन्तरिक छलफलको क्रममा छौं । ठोस निर्णय भइसकेको छैन । यसबारे हाम्रो छिट्टै बस्ने केन्द्रीय समितिको बैठकले निर्णय गर्नेछ ।**

❑

**के भन्छ एकता केन्द्र– मध्यावधि चुनावबारे ?**

**राप्रपाको आफ्नो शक्तिको अति मूल्याङ्कन गर्ने र 'औंला दिंदा डुँडुलो निल्न' खोज्ने प्रवृत्तिले एमालेको त्यो वैचारिक प्रवृत्तिलाई संकटग्रस्त पाऱ्यो,**

नियमित अधिवेशन सामुन्ने हुँदाहुँदै नेपाली कांग्रेसले बडो गुपचूप, चलाखीपूर्वक र पूर्वतयारीका साथ असार २ गते डाक्न माग गरेको "विशेष अधिवेशन" नेपाली कांग्रेसको यही असह्य हताश मनस्थितिको परिणाम थियो । नियमित अधिवेशनमा सरकारी नीति र कार्यक्रम, वजेट र केही सुधारवादी कार्यक्रम ल्याउन नै नदिनु, त्यो ल्याउनुअघि एमालेलाई अविश्वास प्रस्तावद्वारा सत्ताच्यूत गर्नका लागि नैं यो विशेष अधिवेशनको आयोजना गरिएको थियो । नत्र यसको आवश्यकता नै के थियो ? उपादेयता नै के थियो ?

यही विशेष अधिवेशनले एमाले नेतृत्वलाई तुरुन्तै मौजूदा प्रतिनिधि सभा विघटन गर्न र मध्यावधि चुनावमा जान उक्सायो । अविश्वासको प्रस्तावबाट बच्ने मुख्य उपाय उसले यसैलाई बनायो ।

संविधानको धारा ४२ (२) अन्तर्गत सरकार पुनर्गठन गरेर केही पदहरु दिने एमालेको शर्त राप्रपालाई मंजुर भएको भए, घटनाक्रम मिलिजुली सरकारको दिशामा जानेवाला थियो । तर अस्तित्व र सामाजिक स्वीकृतिको संकट भोगिरहेको पूर्व पंचहरूको संगठन राप्रपा धारा ४२(१) अन्तर्गत मात्र सरकारमा जान राजी भयो, किनकि ऊ यतिखेर आफूलाई निर्णायक शक्ति ठानिरहेको थियो र यस शर्तमा सत्ताको समान हिस्सेदारको रुपमा सरकारमा सामेल हुन मोलतोल गरिरहेको थियो । राप्रपाको आफ्नो शक्तिको अति मूल्याङ्न गर्ने र 'औंला दिंदा डुँडुलो निल्न' खोज्ने प्रवृत्तिले एमालेको त्यो वैचारिक प्रवृत्तिलाई संकटग्रस्त पाऱ्यो, जो जसरी पनि सरकार टिकाउन राप्रपा जस्तो प्रतिक्रियावादी शक्तिसित पनि संयुक्त सरकार बनाउन तयार थियो ।

यतिखेरै राप्रपा जस्तो एमालेको पाँचौं
...धिवेशनले "प्रतिगामी र पुनरुत्थानवादी"
...तिक शक्तिसित मिलेर सरकार
...पंक्तिभित्र, माथि र तल,
...। येनकेन प्रकारेण
...माथि यो विद्रोही
...न्छ,

' आम जनताले जब यो आफ्नै
...र्न् कि विद्यमान संसदले
...टक्कै दिएको छैन,
लागि जनता स्वयम्
संभव हुन्छ । एमाले
यो बाटो रोजेको भए के

...विकता के भयो भने, एमाले
... नै यो बाटो समातेन । ऊ केही
...प्रिय सुधार गर्नमा बेसी केन्द्रित
...आफ्नो गाउँ आफैं बनाऔं' कार्यक्रम,
...ाई जमीन वितरण आदि । सरकार
ऊ जनतामा भन्दा बेसी कूटनीतिमा
... भयो । सरकार चलाउन राप्रपासित
...कता गर्ने प्रयत्न त्यही दिशाको एउटा उदाहरण हो ।

तर नेपाली कांग्रेसको लागि भने तिनै सानातिना लोकप्रिय सुधारहरू समेत सह्य भएन । त्यत्ति पनि गर्न नदिन उनीहरू सरकार गठन भएको ६ महिना मै अविश्वास प्रस्ताव ल्याउन प्रयत्नशील भए । एमालेको वजेट र कार्यक्रम नै नियमित अधिवेशनमा आउन नदिन त्योभन्दा पहिले नै उनीहरूले संसद्को विशेष अधिवेशन डाकेर षड्यन्त्र गरे । एमालेले रा.प्र.पा.सित मिलेर यो षडयन्त्रको सामना गर्ने प्रयत्न गऱ्यो । जब यो कूटनीतिक बाटो विफल भयो, ऊ मध्यावधि चुनावमा ओर्लियो ।

यो घटनाले के अहं प्रश्न उब्जाएको छ भने- सानातिना सुधार गर्दा त नेपाली कांग्रेस र राप्रपा यति आत्तिन्छन् भने समाजमा कुनै सामाजिक शक्तिले साँच्चै नै आमूल परिवर्तनकारी काम गर्न

**कांग्रेसद्वारा विशेष अधिवेशन, रा.प्र.पा.को अडान र एमालेभित्रैको पार्टी-संकट झेल्न एमाले प्रतिनिधि सभा विघटन गर्न र मध्यावधि चुनाव गर्न उद्यत भयो ।**

थाल्ने हो भने, उनीहरूको प्रतिक्रिया कस्तो हुँदो हो ? क्रान्तिकारी सरकारलाई सत्ताच्यूत गर्ने उनीहरू के केसम्म गर्दा हुन् ?

पुरानो पूँजीवादी राज्ययन्त्र अन्तर्गत क्रान्तिकारी काम गर्न किन सारै मुश्किल छ ? के हुन् यसका चुनौती र समस्याहरू ? त्यो यो ६ महीनाको घटनाले केही हदसम्म उदांगो पारेको छ ।


समाजमा आमूल परिवर्तनकारी काम गर्न प्रतिक्रियावादी पार्टीहरूमाथि बहुसंख्यक जनताको तानाशाही किन जरुरी छ, त्यो पनि अहिलेका घटनाहरूले छर्लङ्ग पारेका छन् । अन्यथा प्रतिक्रियावादी पार्टीहरू सानातिना सुधारहरूसमेत सुबिस्तासाथ गर्न दिंदा रहेनछन्, क्रान्तिकारी काम त टाढैको कुरा रह्यो, कांग्रेस र राप्रपाको वर्तमान व्यवहारले त्यही देखाएको छ ।

एमालेले अहिलेकै संविधान र राज्ययन्त्र अन्तर्गत केही सुधारहरू गर्न खोज्यो त्यही पनि यिनीहरूको लागि घोर आपत्तिको विषय बन्यो र एमालेलाई षडयन्त्रपूर्ण ढंगबाट विशेष अधिवेशन डाकेर सत्ताच्यूत गर्न खोजे । अहिलेको मध्यावधि चुनाव त्यसैको प्रतिवादमा सुधारवादी एमाले सरकारले प्रतिक्रियावादी पार्टीहरूमाथि अहिलेकै संविधानको दायराभित्रबाट जबर्जस्ती लादेको तानाशाही हो । संविधानको दायराभित्रै काम गर्दा यो तानाशाही लादनै पर्थ्यो या अविश्वासको प्रस्ताव पारित हुन दिएर प्रतिक्रियावादी पार्टीहरूको तानाशाही भोग्नु पर्थ्यो-अर्को कुनै बीचको बाटो त थिएन ।

गरीब जनता र कंगाल मुलुकको लागि मध्यावधि चुनाव सारै महँगो र पीडादायी कुरा हो । तर कांग्रेस र राप्रपाको संयुक्त सरकार, त्यसले गर्ने भ्रष्टाचार र अत्याचारको तुलनामा यो मध्यावधि चुनाव पनि देश र जनताका लागि धेरै सस्तो र कम पीडादायी छ । संसद्को प्रतिक्रियावादी बहुमतले क्रान्तिकारी काम गर्न छेकेको हुनाले त्यो बन्धन फुकाउने विकल्पको रुपमा यो मध्यावधि चुनाव आएको भए यो सर्वश्रेष्ठ विकल्प हुन्थ्यो । अहिले त्यो त्यसरी आएको छैन । यस परिप्रेक्ष्यमा मध्यावधि चुनाव खराबहरूमध्येको बेस विकल्पका रुपमा मात्र आएको छ । या त सबै पार्टीको संयुक्त सरकार या कांग्रेससितको संयुक्त सरकार या राप्रपासितको संयुक्त सरकार या मध्यावधि चुनाव, यी बाहेक छान्नको लागि अर्को कुनै असल संसदीय विकल्प नै छैन । यो स्थितिमा देश र जनताको लागि सबभन्दा कम खराब विकल्प मध्यावधि चुनाव नै'भएको छ ।

## यतिखेरको दायित्व

यसरी देश अब मध्यावधि चुनावतिर डोरिइएको छ । घटनाक्रमले कांग्रेस, राप्रपा र सद्भावनालाई एउटै थलोमा गोलबन्द गरेको छ । धेरै सम्भावना छ, उनीहरू चुनाव पनि तालमेल मिलाएर लड्न सक्छन् । देशमा वामशक्ति हावी नै हुन नदिन उनीहरू प्रयत्नशील हुँदैछन् । कांग्रेस पहिलेको मध्यावधि चुनावताका भन्दा अहिले बेसी एकताबद्ध भएको छ ।



एमाले सरकारको ६ महिने कामले देखाएको छ- एमाले क्रान्ति र प्रतिक्रान्तिका बीचमा, जनता र प्रतिक्रियावादका बीचमा, आफ्नो साम्यवादी आदर्श र कुर्सी स्वार्थका बीचमा बेस्सरी ढुलमुलाई रहेछ । उसको अघिल्लो गोडा कुर्सी स्वार्थको लागि जे पनि गर्ने र जे पनि छोड्ने दिशातिर डोरिएको छ, पछिल्लो गोडाले जनता र क्रान्तिलाई पूरा पूरा छोडिसकेको छैन । ऊ विद्यमान आर्थिक, राजनीतिक र सांस्कृतिक संरचनालाई बदल्ने काम कम, त्यसैमा घुलमिल हुने काम बेसी गरिरहेछ । ऊ क्रान्तिकारी कम, सुधारवादी बेसी भएको छ । ऊ जनता र सिद्धान्तमा कम, प्रतिक्रियावादीसितको कूटनीति र तात्कालीन फाइदामा बेसी निर्भर हुन थालेको छ ।

अहिलेकै संविधान र आर्थिक राजनीतिक संरचना अन्तर्गत गर्न सकिने केही आमूल परिवर्तनमुखी सुधार पनि एमाले सरकारले गरिरहेको देखिन्न । आफ्नो पार्टीको चुनावी घोषणा-पत्रमा मात्रै दृढ र प्रतिबद्ध भयो भने पनि एमाले सरकारले असमान सन्धिहरूको अन्त गर्न सक्नुपर्ने हो, देशमा प्रगतिशील भूमि सुधार गरेर सामन्तवाद उन्मूलन गर्न सक्नुपर्ने हो, नारी असमानताको अन्त गर्न सक्नुपर्ने हो । उसले जनजाति र भाषिक असमानता अन्त गर्न नसक्नु पर्ने कुनै कारण छैन । आफ्नो राष्ट्रिय क्षमता र विशेषतामा आधारित दीर्घकालीन औद्योगिक, जलविद्युतीय, स्वास्थ्य र शिक्षासम्बन्धी रणनीति तयार पार्न एमाले सरकारलाई केले छेक्छ ? अश्लील र सांस्कृतिक प्रदूषण फैलाउने साहित्य र श्रव्य-दृश्य सामग्रीको बिक्री वितरणमा रोक लाउन केले बाधा दिन्छ ? देशमा सांस्कृतिक जागरण ल्याउन प्रगतिशील कलाकार र साहित्यकारहरूलाई परिचालित गर्न किन सकिदैन ? देशमा निरक्षरता उन्मूलन गर्न प्रगतिशील शिक्षित युवाको सेना किन परिचालित गर्न सकिन्न ? तर विगत ६ महिनामा एमाले सरकारले यीमध्ये कुनै पनि आमूल परिवर्तनमुखी सुधारहरू गर्न दह्रो कदम उठाएको पाइएको छैन । जताततै आयोगै आयोगको ताँती लगाउनु सिवाय !

एमाले सरकारको मूल चिन्ता यी कामहरू गर्नुको सट्टामा त्यस्ता कामहरू गर्नुमा देखिएको छ, जसले तुरुन्तै लोकप्रियता हासिल हुन्छ र मत-आधार पहिलेभन्दा विस्तृत बन्छ । एमाले सरकारको मूल चिन्ता कुर्सी जोगाउनु नै रहेको देखिएको छ ।

अहिले एमालेभित्रका सबै क्रान्तिकारी तत्वहरूको दायित्व हो- उनीहरूको यो कुर्सीमुखी प्रवृत्तिको विरुद्ध जोडदार संघर्ष छेड्नु । एमाले सरकारले विगतमा त गरेन गरेन, अबको ६ महिनामा गर्न सकिने क्रान्तिमुखी र जनमुखी काम गर्न लगाउन सशक्त दवाव दिनु । माथि भनिएका र आफ्नै चुनावी घोषणा-पत्रले समेत निर्देशित गरेका र आमूल परिवर्तनमुखी कामहरू एमाले सरकारले गर्न थाल्ने हो भने ऊ जनतामा अत्यधिक लोकप्रिय त हुन्छ हुन्छ, साथसाथै नेपालका सबै क्रान्तिकारी शक्तिहरू यी कामको वरपर गोलबन्द हुन सक्छन् । अहिलेको शक्ति सन्तुलन र संविधानले अनुमति दिने हदसम्म पूँजीवादी जनवादी क्रान्तिलाई पूरा गर्ने कार्य संपन्न हुनेछ । यो एउटा युगान्तकारी काम हुनेछ ।

## किन वाम-एकताको खाँचो छ ?

यिनै कार्यक्रमहरू सम्पन्न गर्ने दायित्वका आधारमा मध्यावधि चुनावमा वाम एकता अहिलेको सर्वप्रमुख खाँचो हो । नेपालमा अहिले विद्यमान विशिष्ट स्थिति के हो भने आगामी चुनावमा वाम एकता भयो भने संसद्मा अत्यधिक बहुमत हासिल गर्नु विल्कुलै संभव छ । त्यो भएन भने, अहिलेकै जस्तो कसैको पनि स्पष्ट बहुमत नभएको खिचडी संसद् हुने पनि पक्का छ ।

'आफ्नो गाउँ आफैं बनाऔं' र सुकुम्वासीलाई जग्गा वितरण गर्ने कार्यक्रमले

**अहिलेको मध्यावधि चुनाव सुधारवादी एमाले सरकारले प्रतिक्रियावादी पार्टीहरूमाथि लादेको तानाशाही हो ।**

## मूल्यांकन मासिकको सुझाव

# के यो कार्यक्रमको आधारमा संयुक्त वाम उम्मेदवारी र संयुक्त वाम सरकार हुन सक्दैन ?

### के एमाले सरकारले तुरुन्तै यी काम गर्न सक्दैन ?

- ❑ असमान र राष्ट्रघाती सन्धि संझौताहरुको अन्त
- ❑ प्रगतिशील भूमिसुधार कार्यक्रमद्वारा सामन्तवादका सबै अवशेषहरुको अन्त्य र स्वेच्छिक सहकारीकरण आन्दोलनको थालनी
- ❑ कामको लागि खाद्यान्न र "आफ्नो गाउँ आफैं बनाऔं"को भावनाको आधारमा ग्रामीण सिंचाईकरण र सडकविस्तार कार्यक्रम, निश्चित दरमा राज्यले विद्युत् किनिदिने र ऋण र प्राविधिक भरथेग गर्ने नीतिका आधारमा ग्रामीण विद्युतीकरण कार्यक्रमको थालनी
- ❑ सम्पत्तिमा नारीहरुलाई समान कानूनी हकको घोषणा
- ❑ मजदूरहरू र कृषि मजदूरहरुलाई मानव जीवनयोग्य मासिक वेतन र सेवा शर्तको कानूनी ग्यारेण्टी
- ❑ उत्पीडित, जनजाति र भाषाभाषीहरुको भाषाको लागि विकासको समान र विशेष अवसर प्रदान गर्ने कार्यक्रमको थालनी
- ❑ नेपालको राष्ट्रिय क्षमता र विशेषतामा आधारित दीर्घकालीन औद्योगिक, व्यापारिक, जलविद्युत्, स्वास्थ्य र शैक्षिक रणनीतिको तर्जुमा
- ❑ जनताको आधारभूत आवश्यकताका वस्तुहरु सुपथ र नियन्त्रित मूल्यमा राज्यले नै आपूर्ति गर्ने र बजारमा हस्तक्षेप गर्ने आपूर्ति व्यवस्थाको सूत्रपात; शहरी क्षेत्रमा राशनकार्ड व्यवस्थाको थालनी
- ❑ निरक्षरता उन्मूलन अभियानको थालनी र यस निम्ति सारा शिक्षित प्रगतिशील युवाहरुको परिचालन
- ❑ सामाजिक विकृति र सांस्कृतिक प्रदूषण ल्याउने श्रव्य-दृश्य र साहित्यको प्रचारमा प्रतिबन्ध, उन्नत वैज्ञानिक चेतना र संस्कृति उत्थान गर्ने कार्यक्रमहरुको थालनी; यस निम्ति प्रगतिमुखी सांस्कृतिक कलाकर्मीहरुको राष्ट्रव्यापी परिचालन ❑



एमालेको अहिलेभन्दा ५-७ सिट बढ्नु संभव छ, तर शहरमा यो ६ महिनामा एमालेको लोकप्रियता चर्को महँगी र गलत राजनीतिक नियुक्तिले गर्दा घटेको पनि छ । काठमाडौं उपत्यकामा आफ्नै कार्यकर्ता र जनतामा रेडियो नेपालबाट संस्कृत भाषाको प्रसारण गरेर एमाले सरकारले केही निराशा फैलाउने काम गरेको छ । यसले चुनावमा पनि असर गर्न सक्छ ।

देशको र नेपाली क्रान्तिको अहिलेको आवश्यकता संसदीय भ्रम र सीमाको व्यापक पर्दाफास गर्नु हो । आम जनताले आफ्नै वर्ग संघर्षको र व्यवहारको अनुभवबाट बुझ्नु कि संसद्मार्फत उनीहरूको आमूल परिवर्तनको आकांक्षा किन पूरा हुन सक्दैन । अनि मात्र उनीहरू यसको आमूल अन्त्यको लागि सहमत हुनेछन् । यस्तो गर्नको लागि सबै क्रान्तिकारी वाम शक्तिहरू अहिले स्पष्ट क्रान्तिकारी नीति र लक्ष्यसहित सरकारमा जानु जरुरी छ ।

यही राजनीतिक संरचना अन्तर्गत समाज व्यवस्थाको आमूल परिवर्तन गर्ने उद्देश्यले होइन, यस अन्तर्गत आमूल परिवर्तन गर्न किन संभव छैन भन्ने कुरा आम जनताले बुझ्ने भाषामा दिनानुदिनको संघर्षको अनुभवबाट व्यवहारतः देखाउन वाम क्रान्तिकारीहरू सरकारमा जानु जरुरी छ । वाम क्रान्तिकारीहरूले सरकारमा गएर साम्राज्यवाद र सामन्तवादको उत्पीडनको अन्त गर्ने काम थाल्नुपर्दछ- जस्तो, असमान सन्धिको अन्तद्वारा, प्रगतिशील भूमिसुधारद्वारा, नारीमाथि, उत्पीडित जनजाति र धर्मावलम्बीहरूमाथिको असमानताको अन्तद्वारा, विकृत पूँजीवादी संस्कृतिको प्रचारमा रोकद्वारा आदि ।

जसरी स-साना सुधारका काम गर्दा एमाले सरकार विरुद्ध कांग्रेस र राप्रपा अहिले खनिएका छन्, यी काम थाल्दा यी प्रतिक्रियावादीहरू अरु आक्रामक र वाधक भएर संसद् र संसद्बाहिर प्रस्तुत हुनेछन् । उनीहरूले आमूल परिवर्तनको प्रक्रियामा बाधा खडा गर्नेछन् । ठीक यही अवसर हो- जनतालाई व्यवहारतः देखाउने कि यो व्यवस्था अन्तर्गत उनीहरूको जीवनमा आमूल परिवर्तन किन आउन सक्तैन भनेर; उनीहरूको परिवर्तनको मूल वाधक को हो भनेर ।

एउटा वाम सरकारले जनताको न्यायपूर्ण वर्ग संघर्ष र प्रजातान्त्रिक आन्दोलनमा ढालको रुपमा काम गर्न सक्छ र काम गर्नुपर्छ, जुन कुनै पनि प्रतिक्रियावादी सरकारले गर्दैन । जनताको न्यायपूर्ण वर्ग संघर्ष र प्रजातान्त्रिक आन्दोलनमा सेवा र प्रहरी प्रयोग नगर्ने उसको नीति हुन सक्छ र हुनुपर्छ ।

एउटा वाम सरकारले जनतामाथि लागू हुने सबै नीति, कार्यक्रम, कर-प्रस्ताव र कानून जनतामाथि लागू हुनुअघि तिनीहरूबारे जनताबीच व्यापक छलफल गराउने प्रक्रिया थाल्नुपर्छ र थाल्न सक्छ । यसले जनताको राजनीतिक चेनास्तर र शासन गर्ने क्षमतामा र राज्यको मामलामा जनताको आलोचनात्मक सहभागिता र सजगतामा काफी वृद्धि गर्न सक्छ ।

वाम सरकारले प्रशासनलाई तटस्थ, जनमुखी र भ्रष्टाचारमुक्त पार्न पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ । वाम सरकारमा रहँदाको क्रान्तिकारी नीति यो हुन सक्छ ।

पार्टीले र जनवर्गीय संगठनले संसद्बाहिरबाट, तलबाट जनताको न्यायपूर्ण आन्दोलन र संघर्ष शुरु गर्ने, सरकारले माथिबाट त्यसलाई छहारी र ढालको काम गर्ने, यही प्रक्रिया अगाडि बढाउने दौरानमा कामदार जनता वास्तविक रुपमा शासक वर्गका रुपमा विकसित हुँदै जान सक्छन् । संसद्को सीमा व्यवहारतः पर्दाफास हुन सक्छ । नेपालको क्रान्तिकारी आन्दोलनले अहिले हिंड्नुपर्ने बाटो यही भएको छ । नेपालका सारा घटनाक्रमहरू यही दिशातिर डोरिडरहेछन् ।

यदि यस दिशामा काम गर्ने हो भने, यो टड्कारो संभावना छ- नेपालको आगामी सरकार बहुमत प्राप्त वाम सरकार हुनेछ । यो नितान्त संभव छ नेपालमा ।

अहिलेकै मध्यावधि चुनावमा वामशक्ति संयुक्त हुने हो भने, उनीहरूले सजिलै अत्यधिक बहुमत हासिल गर्न संभव छ । गएको दुईवटा आम चुनावमा पनि यो स्पष्ट संभावना थियो । मत गणनाको विश्लेषण गर्दा गएकै मध्यावधिमा वामपन्थीहरूले एकताबद्ध भएको खण्डमा सजिलैसित २४ सिट बेसी अर्थात् ११८ सिट हासिल गर्नु संभव थियो । १० वटा क्षेत्रमा त भोट जोड्दा संयुक्त वामपन्थी शक्तिको बेसी छ, जीत प्रतिक्रियावादीहरूको भइरहेको छ, यस्तो नतिजा देखिएको थियो । २०४८ सालको आम चुनावमा १४ वटा ठाउँमा यस्तै परिस्थिति देखिएको थियो । यो गल्ती अहिले सच्याउनुपर्छ । त्यो सच्याइयो भने अवश्यंभावी छ- नेपालको इतिहासमा पहिलो पटक नेपालमा बहुमत प्राप्त वाम सरकार गठन हुनेछ ।

तर हामीमा दुईवटा प्रमुख दोष छन्: हामी कोही जडसूत्रवादी छौं, हामी नेपालको वास्तविकता र यहाँको घटनाक्रमको मूल प्रवृत्ति मुताविक हाम्रा नीति र कार्यक्रम तय गरिरहेका छैनौं । हामी कुनै अन्य ठाउँको उधारो परिस्थिति हुबहु यहाँ खोज्दैछौं । हामी कोही नितान्त स्वार्थन्ध छौं, हाम्रो स्वार्थ- हाम्रो कुर्सी स्वार्थ, हाम्रो जीतवाजीको स्वार्थभन्दा प्यारो हामीलाई केही छैन । हामीलाई समाजको साम्यवादी आदर्शको र सिद्धान्तको जीतभन्दा पनि प्यारो हाम्रो स्वार्थ छ ।

यिनै दुई दोषले हामीलाई खर्लप्पै गाँजेको छ । विगतका गल्ती सच्याउने हो भने हामीले यही दुई मूल दोषबाट मुक्त हुनैपर्छ । नत्र मौका आउनेछ र त्यो बिनसित्ती जानेछ, त्यसले हामीलाई पर्खने छैन । ❑

**एमाले क्रान्ति र प्रतिक्रान्तिका बीचमा, जनता र प्रतिक्रियावादका बीचमा, आफ्नो साम्यवादी आदर्श र कुर्सी स्वार्थका बीचमा बेस्सरी ढुलमुलाई रहेछ ।**


### वाम सरकारले अप्नाउनुपर्ने तीन प्रमुख राज्यनीतिहरु

१. जनताको कुनै पनि जायज र न्यायपूर्ण प्रजातान्त्रिक आन्दोलन, संघर्षमा राज्यले दमन र हस्तक्षेप नगर्ने नीति,
२. प्रशासनयन्त्रलाई छरिटो र तटस्थ, जनमुखी र भ्रष्टाचार मुक्त पार्ने नीति,
३. जनतामाथि लागु हुने सबै नीतिहरू, कानूनहरु र कर प्रस्तावहरु लागू हुनुभन्दा पहिले जनतामा व्यापक छलफल गर इने नीति,

विशेष अन्तर्वार्ता

**मध्यावधि चुनाव घोषणा भएपछि नेकपा (एमाले) कसरी अघि बढ्दै छ ? त्यो अहिले सार्वजनिक चासोको विषय भएको छ । पोहोरको गल्ती सच्याएर वाम एकता गर्ने पक्षमा एमाले छ कि छैन ? यो धेरैको जिज्ञासाको विषय भएको छ । यिनै र यस्तै अन्य महत्वपूर्ण समसामयिक विषयमा मूल्याङ्कन मासिकका प्रधान सम्पादकले हालै उप प्रम माधवकुमार नेपालसित उहाँकै कार्यकक्ष सिंहदरवारमा लामो कुराकानी गर्नु भयो । प्रस्तुत छ, त्यही कुराकानीको सारसंक्षेप ।**

**– *मूल्याङ्कन***



## उप प्रम तथा एमालेका महासचिव क. माधवकुमार नेपालसित कुराकानी

# "हामीलाई कुर्सी प्यारो छैन"

**मूल्याङ्कन** – तपाईंहरूले अहिले जुन मध्यावधि चुनावको माग गर्नु भयो र चुनावको घोषणा भयो, त्यो माग प्रतिपक्षले अविश्वासको प्रस्ताव ल्याउन खोजेको डरले गरेको भन्ने आरोप छ । यसमा तपाईंको भनाइ के छ ?

**क. माधव**– यो पनि एउटा कारक तत्व हो जस्तो लाग्छ । जब हामीले देख्यौं कि अब देशमा राजनैतिक अस्थिरता उत्पन्न हुने स्थिति आयो र अरू राजनैतिक पार्टीहरू पनि हामीलाई सहयोग नगर्ने मनस्थितिमा पुगेको देख्यौं, त्यसपछि स्थिर सरकारको लागि जनतामा जानु नै एकमात्र विकल्प देख्यौं र हामीले संवैधानिक निकास खोज्यौं । त्यसैले जनादेशको लागि जनतामा जाने भन्ने निर्णय हामीले गर्‍यौं ।

**मूल्याङ्कन**– यो संवैधानिक निकास बाहेक अरू कुनै विकल्प थिएन र ? जस्तो संसद्मा जनमुखी कार्यक्रमहरू ल्याउने, त्यतिबेला संसद्को बहुमतले बाधा दियो भने संसद् विघटन गर्दा यो भन्दा राम्रो हुने थिएन र ?

**क. माधव**– जब त्यहाँका प्रतिपक्षहरूले नै एमालेले जनमुखी बजेट र कार्यक्रमहरू ल्याउनै नसकोस भनेर उनीहरूले हतार हंतार अविश्वासको प्रस्ताव ल्याउनको लागि विशेष अधिवेशन डाक्छन् भने स्वभाविकै रूपले जनमुखी कार्यक्रमहरू ल्याउनको लागि पनि राजनैतिक स्थिरताको आवश्यकता पर्छ । प्रस्तावहरू संसद्बाट पास हुनु पर्‍यो । फेरि हामीले सरकार गठन गरेको ३० सौं दिनदेखि नै नेपाली कांग्रेस एमाले सरकारलाई फू गरेर ढाल्छौं, यसलाई नढालेसम्म हामी चैनसँग बस्ने छैनौं भनेर धम्कीको भाषामा र नकारात्मक रूपमा आइसकेपछि एउटा समस्या उत्पन्न भएकै हो । तैपनि यो समस्या समाधान गर्न अरू पार्टीहरूसँग वार्ता चलायौं तर समाधान निक्लन सकेन । अनि हामी मध्यावधिमा जान बाध्य भयौं ।

**मूल्याङ्कन**– तपाईंहरूले राप्रपासँग जुन वार्ता चलाउनु भयो, त्यो राप्रपाले ४२ (१) को शर्त राखेकोले वा पार्टीको राप्रपासँग सरकार नबनाउने भन्ने विषय भएकोले टुटेको हो ?

**क. माधव**– पार्टीको धारणा त के थियो भने राजनैतिक अस्थिरतालाई हटाउनका लागि राष्ट्रिय सहमति बनाएर जानुपर्छ । अरू पार्टीहरूको सहमति लिने कोशिश गर्नुपर्छ । त्यो पनि प्रमुख प्रतिपक्षी पार्टी मान्दैन भने अरू पार्टीहरूसँग समझदारी कायम गर्ने कोशिश गर्नुपर्छ । त्यसको लागि हामीले राप्रपा र अरू पार्टीहरूसँग वार्ता चलायौं । यसमा हामीले दुईवटा विकल्प राख्यौं एउटा, बाहिर बसेर एमालेलाई समर्थन गर्ने, त्यसको लागि नीति र कार्यक्रममा साझा सहमतिमा पुग्न कोशिस गर्ने, अर्को सरकारमै पनि जान सकिने । तर त्यो पनि सम्भव देखिएन । किनभने उनीहरू संविधानमा भएको प्रावधानभन्दा उल्टो जान खोजे । ४२ (१) मा जानै पर्छ भन्ने उनीहरूको जिद्दी देखियो । यस्तो स्थितिमा नेपालमा संवैधानिक संकट आइपर्ने स्थिति देख्यौं । यसलाई सुल्झाउन पनि हामीले मध्यावधिको माग गर्‍यौं ।

**मूल्याङ्कन**– यो अहिले जुन चुनावको घोषणा भयो, यसलाई तपाईंहरूले कसरी लिनु भएको छ ?

**क. माधव**– यसबाट के बुझियो भने हिजो आज संवैधानिक राजतन्त्रका मूल्य अनुरूप नै राजतन्त्र चलिरहेको छ । पहिले नै शुरू भइसकेको संविधानको नजीर र प्रावधान अन्तर्गत अहिले पनि प्रधानमन्त्रीले जुन प्रतिनिधि सभाको विघटन गरेर मध्यावधि चुनावको माग गर्नुभयो र त्यो परम्परालाई अघि बढाउने काम भइरहेछ, यस अर्थमा बहुदलीय व्यवस्थालाई संस्थागत ढङ्गले कार्यान्वयन गर्ने काम भइरहेछ भन्नुपर्छ ।

**अब एमाले कसरी अघि बढ्दैछ ?**

**मूल्याङ्कन**– राप्रपाले तपाईंहरूसँग जेठ २७ गते भेट्ने तय भइसकेको थियो, तर तपाईंहरूले धोका दिनु भयो भन्दैछ त ?

**क. माधव**– यस्तो तय भएको थियो । तर २५ गते राती मैले नै प्रधानमन्त्री निवासमा उहाँहरूसँग भेटें । उहाँहरूको सोचाइ पनि स्थिर हुन सकेको थिएन । यस्तो राजनैतिक जटिलताको स्थितिमा सोच स्थिर भएको छैन भन्ने नाउँमा हामी ढिलाइ गर्न सक्दैनथ्यौं ।

**मूल्याङ्कन**– नेपाली कांग्रेस यसरी विशेष अधिवेशन बोलाउन हतारिनुको कारण के हो ?

क. माधव– यसका विभिन्न कारणहरू छन् । पहिलो

> **'गएको चुनावमा अरु मित्रशक्तिहरुबाट र हामीबाट पनि आफ्नो र अरुको शक्तिको वस्तुवादी मूल्यांकन भएन । त्यो यसपालि सच्याइनु पर्छ ।'**

कारण, ६ महिना एमालेले सरकार चलाउँदा हाम्रो कामले निक्कै लोकप्रियता प्राप्त गर्नु । दोस्रो कारण हो, पहिलेको सत्तासुख सम्झनु, ६ महिना सत्ताबाट टाढा हुँदा नेपाली कांग्रेस उकुसमुकुस भइसकेको थियो । तेस्रो- अब आउने बजेट र कार्यक्रमहरू नेकपा एमालेले झन् लोकप्रिय बनाउने छ र त्यसपछि यसलाई सत्ताबाट हटाउन सकिंदैन भनेर आतंकित हुनु हो । अर्को कारण हो- नेपाली कांग्रेस सत्तामा रहँदा भएका गलत कामहरूको खोजवीन हुन्छ कि भन्ने डर !

**मूल्याङ्कन- अब उनीहरू अदालतमा गएका छन्, यसको परिणाम के होला जस्तो लाग्छ ?**

**क. माधव-** कुनै पनि नेपाली नागरिक कुनै पनि ठाउँमा जान सक्छन् । हामी पनि सबैभन्दा ठूलो अदालत जनताका अदालतमा जाँदैछौं । जहाँ पनि जान पाउने सबैको अधिकार हो । यसमा हाम्रो भन्नु केही छैन ।

**मूल्याङ्कन- अहिलेको मध्यावधि चुनावमा तपाईंहरूले उठाउने मुख्य मुद्दा के हुन्छ ?**

**क. माधव-** मुख्य मुद्दा त स्थिर, सुदृढ, जनमुखी र प्रगतिशील सरकार नै हो । मूल कार्यक्रमको रूपमा हामीले थालनी गरेको भूमि सुधार, महिला अधिकार, जनतालाई अधिकार सम्पन्न गराउनें र परिचालित गराउने, विकेन्द्रीकरणको सिद्धान्त व्यवहारमा लागू गर्ने, सहकारी आन्दोलन विकास गर्ने, गरीबी निवारण, साक्षरता अभियान, उत्पीडित जनजातिको विकास गर्ने, राष्ट्रिय हित र मर्यादाको विकास र संरक्षण, प्रजातन्त्रको संस्थागत विकास र सुदृढीकरण, सामाजिक न्यायको स्थापना आदि कुराहरू नै अहिलेको चुनावका विषयहरू हुनेछन् ।

> **हामी चाहन्छौं कि सच्चा प्रजातन्त्रवादीहरू र देशभक्त शक्तिहरू एउटै मोर्चामा गोलबन्द रहेर अगाडि बढौं ।**

**मूल्याङ्कन- जुन गल्तीले गर्दा अल्पमतको सरकार बन्यो र फेरि मध्यावधिमा जानु पर्ने भयो ! विगतमा भएका ती गल्ती कमजोरीहरूलाई कसरी सच्याउनु पर्ला जस्तो लाग्छ ?**

**क. माधव-** यसको लागि हामी चाहन्छौं कि सच्चा प्रजातन्त्रवादीहरू र देशभक्त शक्तिहरू एउटै मोर्चामा गोलबन्द रहेर अगाडि बढौं ! हामी उहाँहरूसँग अपील गर्छौं कि मुलुकले सामना गर्नु परेका मूल मुद्दाहरूमा सहमति कायम गरेर अगाडि बढौं । यही कार्यक्रममा आधारित एकता नै सबभन्दा राम्रो एकता हुन्छ ।

**मूल्याङ्कन- तपाईंहरूले गएको चुनावको आत्मसमीक्षा कसरी गर्नु भएको छ ? किन 'एक वाम एक ठाम' हुन सकेन पोहोरको चुनावमा ?**

क. माधव- विगतका चुनावमा रहेका त्रुटिहरू के हुन् भने एउटा कुरा त धाँधली हो । त्यसको लागि समयमै हामी सचेत भएनौं र त्यसलाई रोक्ने तयारी गर्न सकेनौं । दोस्रो, हाम्रा मित्र पार्टीहरूको आफ्नो शक्तिको र अरुको शक्तिको अवस्तुवादी मूल्यांकन । हाम्रै पार्टीबाट पनि वस्तुवादी मूल्यांकन हुन सकेन । त्यसैले यसपटकको चुनावमा यसलाई मध्यनजर गरेर गल्ती सच्याइने छ ।

**मूल्यांकन- यसपटकको चुनावमा वाम एकता कायम गर्नको लागि तपाईंहरूको नारा के हुनेछ ? अहिले पनि मूल नारा 'आगामी सरकार एमालेको, देशभक्त र प्रजातन्त्रवादीको' नै हुनेछ कि 'आगामी सरकार वाम सरकार' हुनेछ ?**

**क. माधव-** प्रत्येक पार्टीले आफ्नो पार्टीको सरकारको नारा दिइहाल्छ । कि त एउटा मोर्चा हुनु पर्छ, अनि मोर्चाकै नारा हुन्छ । जुन पार्टी नीतिगत कारणले सरकारमा सामेल नै हुन चाहँदैन, त्यसलाई आधार बनाएर संयुक्त वाम सरकार भनेर नारा दिनु त लोकप्रिय नै हुँदैन । किनकि जनताहरू विभाजित पार्टीको र आपसमा मारामार गर्ने सरकार होइन, स्थिर र सुदृढ पार्टीको सरकार चाहन्छन् ।

**मूल्याङ्कन- यदि उहाँहरू सरकारमा आउन चाहनु हुन्छ भने ?**

**क. माधव-** त्यो भयो भने परिणाम अर्कै हुनेछ । पहिले साझा इस्यूहरूमा सहमत हुनु पर्‍यो । अहिले त प्रत्येक पार्टीको आफ्नै अलग अलग पसल छ । आफ्नै पसल भएपछि आफ्नै शक्तिमा अगाडि बढ्नु पर्‍यो । अरुको भरमा होइन । अलग अलग शक्ति नै एकजुट हुने कुरा मात्र हो ।

**मूल्याङ्कन- अब संसद् विघटन भइसकेको स्थितिमा सरकारी कार्यक्रम र बजेट के हुन्छ ?**

**क. माधव-** बजेट त अध्यादेशबाटै हुन्छ । त्यो पोहोरको परम्पराको रूपमा नै अगाडि बढ्नेछ ।

**मूल्याङ्कन- तपाईंहरूले जुन सरकारी कार्यक्रमहरू ल्याउन लाग्नु भएको थियो, त्यो त तुहियो । अब कसरी आउँछ, तपाईंहरूको नीति र कार्यक्रम ?**

**क. माधव-** त्यसमा त हामी तयारीको अन्तिम चरणमा नै छौं । ती कामहरू गर्दैछौं । त्यो टुङ्गिएको छैन । टुंगेपछि सार्वजनिक गर्नेछौं ।

**मूल्याङ्कन- अहिलेको आउँदो चुनावमा पुनरुत्थानवादी र प्रतिक्रियावादी शक्तिहरूले के कस्तो खालको भूमिका खेल्न सक्ने तपाईंहरूले अनुमान गर्नु भएको छ ? र त्यसको लागि कसरी तम्तयार हुनुपर्ने कुरा सोच्नु भएको छ ?**


**क. माधव-** कसैले वाम पार्टीहरूलाई हराउनको लागि असम्वैधानिक र गैरकानूनी तरीकाहरू पनि अपनाउन सक्ने सम्भावना छ । यसो गरेमा स्वभाविक रूपले नै हाम्रो पार्टी उनीहरूसँग प्रतिरोध गर्न तयार छ । संवैधानिक तरीकाले निर्वाचनमा भाग लिने भन्ने कुरा सबैको अधिकारको कुरा हो ।

**मूल्याङ्कन- अरू वाम समूहलाई तपाईंहरूको अहिले भन्नु के छ ?**

**क. माधव-** उहाँहरूलाई हाम्रो भन्नु के छ भने समाजको रूपान्तरणको लागि र सामाजिक विकासको लागि सबै एक आपसमा हातेमालो गरेर अगाडि बढ्नुपर्छ, एक आपसमा कटुता र विरोध बढाएर अलग थलग भएर होइन ।

**मूल्याङ्कन- सबैजसो वाम समूहहरूको भनाइ के छ भने एमालेले ६ महिनाको दौरानमा जे गर्‍यो त्यो मूलतः आफ्नो कुर्सी बचाउनुको लागि गर्‍यो के छ तपाईंको यसमा प्रतिक्रिया ?**

**क. माधव-** हामीले जे जति पनि काम गर्‍यौं, ती सबै देश र जनताको हितमा नै गर्‍यौं । सुकुम्वासीलाई जग्गा बाँड्यौं, ७५ वर्षका बुढाबुढीहरूलाई भत्ता दिने काम गर्‍यौं । किसानले जग्गा पाए, गाउँ गाउँको विकास भयो, राष्ट्रिय हितका कुरा उठाइयो, यी सबै कामहरू कुर्सी बचाउनलाई नै गरियो भन्छन् भने हाम्रो भन्नु केही छैन । हामीलाई कुर्सी प्यारो छैन, काम प्यारो छ । मुलुक र जनताको हित प्यारो छ ।



### उप प्रमं माधव कुमार नेपालको दावी

# एमाले सरकारले ६ महिनामा के के काम गर्‍यो ?

एमाले सरकारले उत्पादक शक्तिको विकासको निम्ति अनुकूल वातावरण सिर्जना गरेको छ । उनीहरूमा उत्साह संचार गरेको छ । हाम्रो "आफ्नो गाउँ, आफैं बनाऔं" कार्यक्रमले गाउँ गाउँमा रहेका जनतालाई, त्यहाँका उत्पादक शक्तिहरूलाई सशक्तीकरण गर्ने काम गरेको छ । आफ्नो गाउँको विकास निर्माणको पहल र नीति निर्णय आफैंले लिनुपर्छ, आफ्नो गाउँको भाग्य आफैंले निर्धारण गर्नुपर्छ– यो भावना यसले गाउँ गाउँका मजदूर, किसानहरूमा जगाएको छ ।

भूमिहीन र बासहीन किसानहरूलाई, सुकुम्वासीहरूलाई जमीन र वास दिलाउने काम हामीले ठोस रुपमा थालेका छौं । करीव २० हजार सुकुम्वासीहरूले अहिलेसम्म जमीन र लालपुर्जा पाइसकेका छन् । यति धेरै सुकुम्वासीहरूले पहिले कहिल्यै जमीन र वास पाएका थिएनन् । सुकुम्वासीको नाममा हुकुम्वासीहरूले पहिले मोजमस्ती गरिरहेका थिए ।

साढे तीन वर्ष काम गर्‍यो कांग्रेस सरकारले, तर भूमि सुधार कहिल्यै गरेन । हामी सरकारमा आएको ६ महिना मात्र भएको छ, उच्चस्तरीय भूमि सुधार आयोग बनेर पनि त्यसले आफ्नो प्रतिवेदन पेश गर्ने बेला भइसकेको छ । त्यो प्रतिवेदन हामी तुरुन्तै लागू गर्दैछौं । यसले नेपालको भूमि व्यवस्थामा ठूलो परिवर्तन ल्याउनेछ । यसले सामन्ती शोषण खत्तम पार्नेछ, कृषि उत्पादनमा वृद्धि गर्नेछ र उत्पादनको निकासमा बाधाका रुपमा रहेको तत्वलाई निर्मूल पार्नेछ ।



*अरूले कुरा मात्र गरे, हामी इतिहासकै पहिलो पटक कमैया प्रथा अन्त गर्न लागिरहेछौं : क. माधव*

अरुले कुरा गरे, हामीले नेपालका वास्तविक नागरिकहरूलाई नागरिकता दिने मामलामा ठोस कदम चाल्न लागेका छौं । यससम्बन्धी आयोगको प्रतिवेदन पेश भइसकेको छ । हामी त्यो अब कार्यान्वयन गर्न लागिरहेछौं ।

अरुले गफ गरे, हामीले नेपालको इतिहासमा पहिलोपटक मानवअधिकार बहाली सम्बन्धमा एउटा आयोग नै गठन गर्न लागिरहेछौं ।

त्यस्तै, नेपालमा पहिलोपल्ट हामीले निर्वाचनमा धाँधली हुन नपाओस् भनेर मतदाता परिचय-पत्रको व्यवस्था गर्न लागिरहेछौं ।

अरुले कुरा मात्र गरे, हामी इतिहासकै पहिलो पटक कमैया प्रथा अन्त गर्न लागिरहेछौं । यससम्बन्धी प्रतिवेदन हामीकहाँ पेश भई नै सकेको छ ।

बूढा पाकालाई कम्युनिष्टहरूले कत्तिको वास्ता र सम्मान गर्छन् भन्ने कुरा हामीले लागू गर्न लागेको वृद्ध भत्ताले देखाउँदैछ, यद्यपि शुरुमा प्रयोगको रुपमा केही जिल्लामा मात्र लागू गरिएको छ ।

हामी सरकारमा आएको ६ महिनामात्र भएको छ, राजस्व संकलनमा निक्कै वृद्धि भएको छ । हामीले २५ अरब राजस्व संकलन गरेर देखाई दिनेछौं भनेका थियौं, त्यो हामी संकलन नै गरेर देखाई दिँदैछौं । हाम्रो बजेट जनमुखी छ, गरीबमुखी छ, साना किसानमुखी छ, अब पनि त्यस्तै रहने छ ।

राजनीतिक पूर्वाग्रहका कारणले लागेका मुद्दाहरू हामीले खारेजै गर्न थालेका छौं । हामीले निष्काशित कर्मचारीहरूलाई पुनर्वहाली गर्ने प्रतिज्ञा पनि लागू गरेरै देखाइदिएका छौं ।

लोडशेडिङको समस्यालाई हामीले ७५% कम गरिसकेका छौं । यातनाको विरुद्ध क्षतिपूर्ति विधेयक हामीले प्रस्तुत गरेका छौं । हामीले भ्रष्टाचारलाई रोक्नका लागि धमिजामाथि कार्वाही गरेका छौं, जसले देशलाई वर्षेनी १ अरब घाटा हुनबाट जोगाएको छ । दैनिक रुपले घाटामा गइरहेका उद्योगलाई पनि हामी रोक्न लाग्दैछौं । आयोगको प्रतिवेदन आउने बित्तिकै त्यो कार्यान्वयन हुनेछ । हामीले सबै आयोगका प्रतिवेदन खुल्ला गरेका छौं ।

हामी अब महिलाहरूलाई संपत्तिको अधिकार दिन खोज्दैछौं । महिला र बालकहरूको विकासको लागि राष्ट्रिय योजना आयोगमा विशेष व्यवस्था गर्न लागिरहेछौं । हामीले उत्पीडित जनजातिहरूको निम्ति पनि पठनपाठनको विशेष व्यवस्था गरेका छौं । ❑

**मूल्याङ्कन**– राप्रपासँगको एकता, अरूण तेस्रो जस्ता कुराहरूमा एमालेले आफ्नो पहिलेको पार्टीको अडान र नीतिभन्दा पनि बाहिर गएर काम गर्न खोज्यो भन्ने भनाइ छ त ?

**क. माधव**– हामी पार्टीभन्दा बाहिर गएका छैनौं । हामीले अरूणमा पनि हाम्रो अडान छोडेका छैनौं । कतिपय कुराहरूमा लचिकलो भएर सहमतिको स्थिति बन्यो होला । तर हामी कुनै पनि सवालमा मूल अडानबाट पछि हटेका छैनौं । हामीले जे गरेका छौं, त्यो देश र नेपाली जनताको हितमा गरेका छौं । अहिलेको विद्यमान परिस्थितिको आवश्यकता अनुरूप नै गरेका छौं ।

**मूल्याङ्कन**– अहिलेको स्थितिमा आम जनतालाई तपाईंको भन्नु के छ त ?

**क. माधव**– अहिले आम जनताले विचार गर्नुपर्ने कुरा के छ भने पहिलेको चुनावमा जस्तै भोट नबाँडेर देशमा स्थिर र सुदृढ सरकार निर्माण गर्नको लागि मतदान गरियोस् जसबाट देशको विकासको गतिलाई अगाडि बढाउन सकियोस्, गरीबी, अभाव, सामन्ती शोषणबाट देशलाई मुक्त पारेर नेपाली जनतालाई समृद्धितिर अगाडि बढाउन सकियोस् र हाम्रो समाजलाई आमूल परिवर्तन गर्न सकियोस् ।

**मूल्याङ्कन**– यो चुनावको ६ महिनाको अवधिभित्र यो संविधानभित्र रहेर नेपालको पूँजीवादी क्रान्तिलाई केही हदसम्म पूरा गर्नको लागि चाहिने महिला समानताको क्षेत्रमा, उद्योगको क्षेत्रमा, कृषिको क्षेत्रमा, जलविद्युत्को क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा, जनजातिको विकासको लागि अवसर दिने आदि कुरामा रणनीतिक योजना निर्माण गर्न कदम चाल्न सम्भव छैन ?

**क. माधव**– 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने कार्यक्रम अन्तर्गत सिंचाई, शिक्षा, सडक, स्वास्थ्य, सीप र सहकारिताको विकासमा क्रमबद्ध प्राथमिकता दिएका छौं । हामी के चाहन्छौं भने देशलाई विकासको बाटोमा अघि बढाएर एउटा सुन्दर देश निर्माणको लागि दीर्घकालीन विकासको खाका तयार होस् ।

यसको निम्ति हामीले पहिलो, प्राथमिकता कृषिको विकास र कृषिमा आधारित उद्योगको विकासमा जोड दिन्छौं । दोस्रो प्राथमिकता विद्युतीकरणमा । तेस्रो प्राथमिकता पर्यटन क्षेत्रमा । चौथो, सामाजिक विकासको लागि मानवीय स्रोत साधनको विकासमा र पाँचौं, विकासको पूर्वाधारको निर्माणमा । यसैको आधारमा हामीले सिङ्गो राष्ट्रको निर्माणको रूपरेखा तयार पार्नेतिर लागेका छौं । मुलुकलाई १० वर्षभित्र कहाँ पुर्‍याउने भन्ने आधारमा हामी काम गर्दै जाँदैछौं ।

**मूल्याङ्कन**– नारी समानता सम्बन्धमा तपाईंहरू के गर्दै हुनुहुन्छ ?

**क. माधव**– नारी समानताको निम्ति पैत्रिक सम्पत्तिको अधिकारको निम्ति कानूनी र व्यवहारिक समस्याहरू के के छन् र के कस्ता प्रावधान राख्नुपर्छ भन्ने कुराको खोजविनको प्रक्रियामा लागेका छौं । हामी अगाडि बढ्दैछौं ।

**मूल्याङ्कन**– ६ महिनाभित्र त्यो घोषणा गर्न सकिन्छ त ?

**क. माधव**– त्यो चाहिं हामी हेर्छौं, सम्भावना के छ ? ❑

# के वामपन्थीहरुले गएका चुनावहरुबाट पाठ सिक्लान् ?

-मुक्ता श्रेष्ठ

नेपालमा फेरि चुनावको लहर शुरु भएको छ । वामशक्तिहरुले पहिलेको गल्ती सच्याएनन् भने यस चुनावमा पनि कसले बहुमत ल्याउने हो र सरकार बनाउने हो भन्ने कुरामा फेरि पनि अन्यौल सृजना हुन सक्ने सम्भावना देखिन्छ ।

पोहरको चुनावमा पनि वाम एकता भएको भए संसद्मा वामहरुको अत्याधिक बहुमत आएर स्थायी सरकार बनाउन सकिन्थ्यो । तर त्यतिबेला वामहरुमा दूरदृष्टि देखिएन । आफ्नो शक्तिको अवस्तुवादी अति मूल्याङ्कन र संकीर्ण, समूह-स्वार्थमुखी प्रवृत्तिले गर्दा वाम तालमेल हुन सकेन । आफ्नै पार्टीको मतभिन्नताले गर्दा र तालमेल भएका ठाउँहरुमा पनि ईमान्दारीपूर्वक कार्यान्वयन नगर्नाले वामहरुले थुप्रै सिटहरू गुमाउनु पऱ्यो ।

यसैको फलस्वरूप एमालेले अल्पमतको सरकार बनाउनु पऱ्यो र ६ महिनामै फेरि मध्यावधि चुनावको घोषणा गर्नु पऱ्यो । यसबाट अनावश्यक रूपमा ठूलो धनराशीको आर्थिक भार राष्ट्रले बेहोर्नु पऱ्यो ।

फेरि पनि वामहरुले पहिलेका गल्ती कमजोरीहरूलाई सुधार्न सकेनन् भने यो स्थिति दोहोरिन सम्भव छ । त्यो भयो भने राष्ट्र चुनावको आर्थिक भारले झन् झन् थिचिँदै जानेछ । त्यसैले वामहरू सबैले पहिलेको अहंलाई छाडेर वाम एकताको लागि अग्रसर हुनु जरुरी भएको छ, ता कि पहिले गुमेका सिटहरू जित्न सकियोस् र स्थायी सरकार वामहरूले नै बनाउन सकुन् ।

मतगणनाको तथ्याङ्क हेर्दा सिराहा-३, रामेछाप-२, महोत्तरी-१, अर्घाखाँची-१, प्यूठान-१, दैलेख-१, तनहुँ-३, सिन्धुली-२, बारा-२ र मुगु-१ क्षेत्रहरूमा वामहरूको कूल मत कांग्रेसको भन्दा बेसी छ । तर ती क्षेत्रहरूमा जीत भने कांग्रेसको भएको छ । यी दश ठाउँहरूमा वाम-एकता भएको भए वामहरूले स्वतः जित्थे । त्यसमा एमालेले सात ठाउँमा मसाल, स.ज.मो. र ने.म.कि.पा.ले एक एक ठाउँमा विजय प्राप्त गर्न सक्थे, वामको विरुद्धमा वाम नै चुनावी मैदानमा उत्रेकाले नै त्यो हार खानु परेको थियो ।

अरु १४ ठाउँहरूमा १००० भोटको अन्तरले मात्र वामहरुको हार भएको थियो । यसको मतलब वाम उम्मेदवारहरुले ५०० मत ल्याउन सकेको भए ती ठाउँको जीतवाजी कांग्रेस र स्वतन्त्र उम्मेदवारको हातमा जाने थिएन । वाम एकता भएको भए वाम मतदाताहरुमा ठूलो उत्साह बढ्ने थियो । देशभरि वाम एकताको ठूलो लहर फैलने थियो र त्यति मत वाम समर्थनमा खस्ने थियो । वामहरूको जीत सजिलै हुने थियो । उदाहरणका लागि ताप्लेजुङ-१, पाँचथर-२, इलाम-२, झापा-४, ओखलढुङ्गा-१ र २, सिराहा-१, सिन्धुली-१, कास्की-३, रूपन्देही-१ र ४, बाग्लुङ्ग-२, पर्वत-१ र बझाङ-२ क्षेत्रहरू लिन सकिन्छ ।

यसप्रकार स्वतः जित्ने र सजिलै जित्न सकिने ठाउँहरूको कूल जोड गर्दा वामहरूको २४ सिट बढी हुन्थ्यो । बाँके-३, सर्लाही-२, ४ र ५, रौतहट-३ दाङ-२ गरी जम्मा १७ सिटहरूमा ११ सिट २ हजारभन्दा कम मतले र ६ सिट, ३ हजारभन्दा कम मतले मात्र हार भएको देखिएको छ । यी सबै ठाउँहरूमा समयमै वाम एकता भएको भए देशव्यापी रुपमा फैलने उभारले मतदाताहरूमा उत्साहको लहर आउँथ्यो र ती ठाउँहरूमा पनि वामहरुले जित्न सम्भव थियो ।

**देशव्यापी वाम तालमेल भएको भए त्यसको प्रभावले सजिलै जितिने ठाउँहरू पोहोरको मध्यावधि निर्वाचनमा १००० भन्दा कम मतको फरकले मात्र वामपन्थी हारेका क्षेत्रहरू**

| | कहाँ हाऱ्यो ? | को हाऱ्यो ? | को जित्यो ? |
|---|---|---|---|
| १. | ताप्लेजुङ-१ | एमाले | नेका |
| २. | पाँचथर-२ | एमाले | राप्रपा |
| ३. | इलाम-२ | एमाले | नेका |
| ४. | झापा-४ | एमले | नेका |
| ५. | ओखलढुङ्गा-१ | एमाले | नेका |
| ६. | ओखलढुङ्गा-२ | एमाले | नेका |
| ७. | सिराहा- १ | एमाले | नेका |
| ८. | सिन्धुली- १ | एमाले | नेका |
| ९. | रूपन्देही-१ | एमाले | नेका |
| १०. | रूपन्देही- ४ | एमाले | स्वतन्त्र |
| ११. | बाग्लुङ- २ | मसाल | नेका |
| १२. | पर्वत- १ | एमाले | नेका |
| १३. | कास्की- ३ | एमाले | नेका |
| १४. | बझाङ- २ | एमाले | स्वतन्त्र |

**'एक वाम एक ठाम' किन जरुरी छ ?**

## के पोहोरको गल्तीबाट वाम नेताहरुले सिक्लान् ?

**२०५१ सालको मध्यावधि चुनावमा 'एक वाम एक ठाम' भएको भए स्वतः जित्ने क्षेत्रहरू**

| | जित्ने क्षेत्रहरु | को जित्ने थियो | को जित्यो | जित्नेको मत | वामले पाएको मत |
|---|---|---|---|---|---|
| १. | रामेछाप-२ | संजमो | नेका | ८२४१ | १४२५५ |
| २. | महोत्तरी-१ | एमाले | नेका | १५४६८ | १५७९५ |
| ३. | अर्घाखाँची-१ | एमाले | नेका | १६७५२ | २३०८७ |
| ४. | प्यूठान-१ | मसाल | नेका | ९४०३ | १००७० |
| ५. | दैलेख-१ | नेमकिपा | नेका | १०६९५ | १३०३८ |
| ६. | तनहुँ-३ | एमाले | नेका | १६३०६ | १६४९० |
| ७. | सिंधुली-२ | एमाले | नेका | १०४७१ | १२४७४ |
| ८. | बारा- २ | एमाले | नेका | १४४०३ | १५१४३ |
| ९. | मुगु -१ | एमाले | नेका | ९१९० | ९३०५ |
| १०. | सिराहा- ३ | एमाले | नेका | १४३५७ | १५४६२ |

*तथ्यांक स्रोत: निर्वाचन आयोग तथ्यांक विश्लेषण: मूल्याङ्कन*

यसमध्ये एमालेको २० सिट बढी र अरू वामहरूको कूल सिट ९४ को सटा ११८ सिट हुन जान्थ्यो । यसमध्ये एमालेको २० सिट बढी र अरु वामहरूको ४ सिट बढी आउन सम्भव थियो । एमालेले १०८ सिट प्राप्त गरेर संसद्मा स्पष्ट बहुमत ल्याउन सम्भव थियो ।

वाम एकता भइदिएको भए जनताहरूमा यसको प्रभाव गुणात्मक रुपमा पर्नजान्थ्यो, वाम एकता नभएर निराश भएर भोट दिन नजाने मतदाताहरू पनि भोट दिन जान्थे । जीतवाजीको विश्वास र प्रोत्साहनले थुप्रै हार्ने ठाउँहरूमा समेत जित्ने सम्भावना बढ्न जान्थ्यो ।

मतगणनाको तथ्याङ्कबाट पाँचथर-२, सिन्धुली-३, धनुषा-२, मकवानपुर-१, पर्सा-२ र ४, लमजुङ-२ नवरपरासी-१, हुम्ला,सुर्खेत-१ र ३, यसरी वामहरूले अत्याधिक बहुमत ल्याउनसक्ने सम्भावना भएर पनि वाम पार्टीहरूका अवस्तुवादी आत्म-मूल्याङ्कन र संकीर्ण, स्वार्थमुखी चिन्तनले गर्दा बहुमतसम्म ल्याउन सकेनन् । एमालेको आफ्नै प्रभाव रहेका ताप्लेजुङ, इलाम, झापा, पाँचथर र सुनसरीमा समेत ऊ पराजित हुनुपऱ्यो । यसमध्ये कुनै ठाउँहरुमा त एमालेको आफ्नै पार्टीभित्रको मतभिन्नताले टिकट दिनमा पक्षपात गर्दा हार भएको थियो ।

सिराहा, सर्लाही, बाग्लुङ्ग र चितवनमा स्थानीय स्तरमा वाम एकता भए पनि त्यस एकतालाई ईमान्दारीपूर्वक लागू गरिएन । तालमेल भएर उठाइएका उम्मेदवारलाई भोट नदिने र मतदाताहरूलाई स्थानान्तर गर्ने काम

( बाँकी ४० पेजमा )

# तालिबान छापामार समूह नेपालमा एकीकृत भएको थियो ?

# तालिबान छापामारहरु किन र कहाँबाट संचालित छन् ?

एक हातमा मुसलमानहरुको धार्मिक ग्रन्थ कुरान र अर्को हातमा ए के-४७ राइफल र रकेट लन्चरहरु बोकेर अफगानिस्तानको अन्ध-युद्धले ग्रस्त मैदानमा हालै आँधि जस्तै देखा परेका तालिबान छापामारहरूको उद्गम स्रोत, गठन र एकीकरणबारे विश्व राजनीतिमा प्रश्नहरू धेरै उठेका छन् । तर ती प्रश्नहरूको जवाफ कम मात्रै देखिन्छन् ।

जातीय-क्षेत्रीय र कविलाहरुको अन्ध युद्धले ग्रस्त अफगानिस्तानको तीन चौथाई भूमि तीन चार महिनाभित्रै कब्जा गर्दै राजधानी काबुलतिर कुच गर्दा तालिबान छापामारहरू विश्वमा नयाँ जिज्ञाषाको विषय बनेका थिए । यसै जिज्ञाषा मेटाउनका लागि खोजी गर्ने क्रममा थाहा भएको छ - तालिबान छापामारहरू मूलतः विद्यार्थीहरु हुन्, पाकिस्तानमा अफगानी विद्यार्थीहरुको लागि अमेरिका र पाकिस्तान एवं अफगानी धार्मिक सैनिक गुटहरूद्वारा स्थापना गरिएका धार्मिक विद्यालयहरू- 'मदरसाहरू'-मा ती विद्यार्थीहरुले धार्मिक शिक्षा र सैनिक प्रशिक्षण प्राप्त गरेका थिए ।

> तालिबानहरुको काँधमा बन्दूक राखेर प्रहार गरिरहेका राष्ट्रहरुको नियत के हो ?

यो नवीन रहस्यको उद्घाटन गरेकी थिइन्- अमेरिकाको राज्य विभागको दक्षिण एशियाली व्यूरो चीफ रविन राफेलले !

रविन राफेलले अर्को एउटा थप रहस्यको पनि उद्घाटन गरेकी थिइन्, जुन रहस्य नेपालसंग सम्बन्धित छ ।

गत फागुन १७ गते वाशिंगटनमा दक्षिण एशियाली प्रेसलाई ब्रिफिङ्ग गर्दै रविन राफेलले भनेकी थिइन्- पाकिस्तानका धार्मिक विद्यालयहरु- मदरसाहरुमा अध्ययन गरेका अफगानी विद्यार्थीहरुद्वारा निर्मित तालिबान छापामार संगठनहरु नेपालमा गत शरद ऋतुतिर एकीकृत भएका थिए र आफ्नो संगठनको नामाकरण गरेका थिए। त्यसपछि, व्यक्तिगत सत्ता प्राप्तिको लागि, जवर्जस्ती पैसा कमाउनका लागि विशेषतः रुवल कमाउनका लागि गृहयुद्ध मच्चाइरहेका, जनताबीच नांगिसकेका मुजाहिद्दीन कमाण्डरहरुको विरुद्ध लड्न उनीहरु अफगानिस्तानमा फैलिएका थिए ।

रविन राफेलले भनेकी थिइन्- "तालिबानहरु इस्लामी सरकार चाहन्छन्, र वाशिंगटन तालिबानहरुको यो चाहनाबाट खुशी छैन । स्मरणीय छ, इस्लामी कानून अनुसार महिलाहरुले आफ्नो अनुहार छोप्नै पर्छ र पुरुषहरुले कपाल काट्नै पर्छ, यसो नगर्नेहरुलाई काफिर विद्रोही ठहऱ्याइन्छ। हो, उनीहरु आफूले नियन्त्रण गरिरहेका र नियन्त्रण गरिसकेका प्रान्तहरुमा इस्लामी कानूनहरु लागू गरिरहेका छन् । यसको अर्थ यो होइन कि- हामी तुरुन्तै तिनीहरुलाई उग्रवादी भन्ने उडन्ते निष्कर्ष निकाल्छौं । उनीहरु पनि गुलबुद्दीन हिकमतयार जस्ता मुजाहिद्दिन नेताहरु जस्तै खतरनाक, हिंस्रक, उग्रवादी र कट्टर इस्लामी कार्यकर्ताहरुमा परिवर्तित हुन सक्ने संभावना छ। हामी चाहन्छौं- यो निष्कर्षतिर उनीहरू नहाम्फालून् !"

स्मरणीय छ, विश्वको अर्को महाशक्ति राष्ट्र सोभियत संघसंगको शीत युद्धकालमा अमेरिकी साम्राज्यवादले नै अफगानिस्तानमा इस्लामी कट्टरवादी छापामारहरु- मुजाहिद्दीन छापामारहरुको संगठन गर्ने, प्रशिक्षण, हतियार- सम्पत्ति र नीति-निर्देशन दिने कार्य गरेको थियो र गुलबुद्दीन हिकमतयार जस्ता 'खतरनाक, हिंस्रक, उग्रवादी र कट्टर इस्लामी कार्यकर्ताहरु' निर्माण गरेर कठपुतली झैं खेलाएको थियो। अमेरिकी साम्राज्यवादको एउटै मात्र उद्देश्य थियो- अफगानिस्तानको छायाँ युद्धमा 'अप्रिल क्रान्ति'का नायकहरू बाबराक करमाल र डा. नजीबुल्लाहहरुको सोभियत समर्थक सरकारलाई ढालेर सोभियत संघ सिंगैलाई परास्त गर्नु र आफ्नो कठपुतली सरकार स्थापना गर्नु !

सोभियत संघको सैनिक सहयोग, धन र नीति-निर्देशनमा अफगानिस्तामा १९७९ मा 'अप्रिल क्रान्ति' गरेर निरंकुश राजतन्त्रलाई फ्याँक्ने र 'जनताको शासन' स्थापना गर्नेहरु अमेरिकी साम्राज्यवादको आक्रमणको तारो बन्दै आएका थिए र अमेरिकाले हिकमतयार जस्ता मुजाहिद्दीन छापारहरुको काँधमा बन्दूक राखेर तिनीहरुमाथि दशौं वर्षसम्म अत्यन्त घृणित र अमानवीय युद्ध संचालन गरेको थियो । यस युद्धमा अमेरिका पक्षीय देशहरू साउदी अरब र पाकिस्तानले उसको बन्दूक समाईदिने कार्य गरेका थिए ।

लाखौं-लाख अफगानी जन-धनको क्षति र अफगानिस्तानको चरम बर्वादीको शर्तमा पनि लादिएको यस छायाँयुद्ध अमेरिकी साम्राज्यवादको लागि





काबुलमा बालबच्चाहरुको विजोग:

## यो विजोग सृजना गर्ने युद्धको जिम्मेवार को ?

सोभियत संघको विखण्डनपछि अनावश्यक हुन थाल्यो । यही अनावश्यकताको वोधले गर्दा त्यसले गुलुबुद्दीन हिकमतयार जस्ता कठपुतलीहरुको घृणित युद्धबाट हात झिक्न थालेको थियो र ती युद्ध सरदारहरुलाई आर्थिक, सैनिक र नैतिक सहयोग दिन वन्द गरेको थियो ।

यस बीच साउदी अरब, पाकिस्तान, इरान पक्षीय मुजाहिद्दीनहरु र अन्य युद्ध सरदारहरुबीच अफगानिस्तानलाई लुछाचुँडी गर्ने घृणित युद्ध जारी रह्यो, जुन जातीय, क्षेत्रीय र कवीलाहरुको युद्धमा परिणत भयो ।

अमेरिकाले आफैंद्वारा सिर्जित यो युद्धको तमाशा मात्रै हेरिरह्यो । अमेरिकाकै सहयोगको बैशाखी टेकेर क्षेत्रीय शक्ति बन्ने मनसुवा लिएर मौका ढुकेर बसिरहेको पाकिस्तानले त्यो युद्धबाट आफ्नो स्वार्थ सिद्धि गर्नका लागि 'तालिबान'हरुलाई गोटी बनाई नयाँ चाल चल्यो । अफगान- युद्धको शुरुवातदेखि नै अमेरिकाको स्वार्थ सिद्धिको लागि एउटा सशक्त हतियार बन्दै आएको पाकिस्तानले अफगानिस्तानको युद्धमा पुनः हात हालेर के कस्तो खालको स्वार्थ पूर्ति गर्न खोजेको हो भन्ने प्रश्न यहाँ उठ्न सक्छ !

पाकिस्तान तालिबानहरुलाई अत्याधुनिक अमेरिकी, चिनीयाँ, हतियार प्रशिक्षण, धन-सम्पत्ति र प्रोत्साहन दिएर अफागा-निस्तानको सत्तामा बसाउन चाहन्छ र त्यहाँ स्थिर सरकारको तीव्र चाहना त्यसले गर्दै आइरहेको छ । अफगानिस्तानको स्थिरता पाकिस्ता-नको लागि व्यापारिक दृष्टिकोणले अति नै जरुरी छ ।

सोभियत संघको विखण्डनपछि पाकिस्तानका एकाधिकारवादी पूँजीपतिहरुले आफ्नो वर्गीय हित साधक सरकारमार्फत पूर्व सोभियत संघ अन्तर्गतका मध्य एशियाका पाँचै वटा स्वतन्त्र इस्लामी गणराज्यहरूसंग घनिष्ट व्यापारिक र कूटनीतिक सम्बन्ध स्थापित गर्ने प्रयत्न थालेका थिए । समान इस्लामी संस्कृति भएका मध्य एशियाली गणराज्यहरुमा १९१७ को सोभियत क्रान्ति अगाडि जस्तै सम्बन्ध स्थापित गर्न लालयित पाकिस्तानी एकाधिकारवादी पूँजीपतिहरुले ताकिरहेका कुराहरु हुन्- उज्बेकिस्तान, ताजिकिस्तान र तुर्कमेनिस्तानको कपास, तेल, प्राकृतिक ग्यास र यूरेनियमको प्रचुर भण्डार !

यस सम्बन्धमा सबैभन्दा ठूलो तगारो हो- अफगानिस्तानको अस्थिरता, अशान्ति र अन्तहीन गृहयुद्ध ! किनकि, ती मध्य एशियाली गणराज्यहरुबीचको सम्पर्क मार्ग युद्धग्रस्त अफगानिस्ताकै भूमिमा पर्दछ !

त्यसैले पाकिस्तानी पूँजीपतिहरु अफगानिस्तानमा शान्ति चाहन्छन् । त्यसैले पाकिस्तानी पूँजीपतिहरुको प्रतिनिधि पाकिस्तानी सरकार अफगानिस्तानमा बलियो छापामार संगठनमार्फत् काबुलमाथि तुरुन्त चढाई गरेर स्थिरता ल्याउन चाहन्छ । त्यसैले पाकिस्तानी गुप्तचर संस्था आई. एस. आई. मार्फत पाकिस्तानी सरकारले नेपालमा तालिबानहरुलाई एकीकृत गरेर तिनीहरुलाई युद्ध क्षेत्रमा धमाधम पठाउने काम गरिरहेको छ ।

भारतीय गुप्तचर एजेन्सी 'र' (RAW) को डाँकोलाई याद गर्ने हो भने, नेपाली भूमिलाई पाकिस्तानी गुप्तचरहरूले अफगानी युद्धको लागि पनि प्रयोग गरिरहेका छैनन् भन्न सकिंदैन। कहिले पाकिस्तानको विरोधमा, कहिले चीनको विरोधमा त कहिले भारतको विरोधमा, त कहिले नेपाली जनता र नेपालकै विरुद्धमा पनि विदेशी गुप्तचरहरुद्वारा रणक्षेत्रको रुपमा प्रयोग भइरहेको नेपाली भूमिमाथि शासन गरिरहेको एमालेको सरकार र त्यस अन्तर्गतको गुप्तचर विभागले यस विषयमा पनि ध्यान पुऱ्याउने आँट गर्ला कि ?

-राजेन्द्र महर्जन

# अमेरिका र जापान व्यापार-युद्ध किन हुँदैछ ?

दीपक वैद्य

अमेरिकाले गत बैशाख २७ गतेका दिन घोषणा गऱ्यो- अब अमेरिकाले दण्डस्वरुप जापानी विलासी गाडीहरु र अरु केही वस्तुहरुमा १००% सम्म भन्सार महसूल बढाउने छ ।

यसबाट एकदेखि डेढ अरब डलरसम्मको जापानी गाडी-व्यापार स्वाहा हुनेछ ।

अमेरिकामा निकै विकिरहेका विलासीतापूर्ण जापानी गाडीहरु करीब करीब अमेरिकी बजारबाटै बढारिने छन् ।

'दण्ड दिने' यो काम यसकारणले गरिंदैछ, किनभने, अमेरिकी कार र गाडीका पार्टपूर्जाहरुको विक्रीको लागि अमेरिकाले भनेमुताबिक जापानले आफ्नो बजार खोलेन । आफ्ना डिलर र मर्मत केन्द्रहरुलाई स्वेच्छाले अमेरिकाले माग गरेको अनुपातमा अमेरिकी गाडी र गाडीका पार्टपूर्जाहरु बिक्री गर्न लगाउन जापानले अस्वीकार गऱ्यो ।


अमेरिका त्यो देश हो, जो **विश्वभरि खुला-बजार अर्थतन्त्र र आर्थिक उदारवादको** वकालत गर्छ ।


यो त्यही अमेरिका हो, जसले सबै मुलुकको बजारमा अन्य देशको सामान, पूँजी र प्रविधि विनारोकटोक छिर्नमा बन्देज लाउने सबै कर, गैर-कर र कानूनका पर्खालहरु भत्किनु पर्छ भन्ने माग गर्छ र यही उद्देश्यले विश्व-व्यापार संगठन स्थापना गर्न पहल गर्छ । तर जब आफ्नो देशको सामान बिक्रीको बजारको कुरो आउँछ, उसको आर्थिक उदारवाद र खुला-बजार अर्थतन्त्रको सिद्धान्त कता पुग्छ कता !

ऊ ती सिद्धान्तको झण्डालाई रछानमा मिल्काएर घोषणा गर्छ- 'मेरो देशको यो सामान यति मात्रामा किन्ने भए किन, नत्र म बजार-नाकाबन्दी गरिदिन्छु, अर्थतन्त्र नै डाँवाडोल पारिदिन्छु ।'

यस्तो देखिन्छ, मानौं, उदारवाद र खुला-बजारको सिद्धान्त अरु देशको लागि मात्र हुन्, अमेरिकाको हकमा ती लागू हुन सक्दैनन् !

अमेरिकाको ढोंगी द्वैध चरित्र अहिले जापानसितको व्यापार-विवादमा उदांगो हुँदैछ । अमेरिका जापानसंग माग गर्दैछ- जापानले आफ्नो देशका गाडी-डिलरहरुलाई उनीहरुका शो रुममा





**हिजोका मित्रहरु आज लड्दैछन् !**
**अमेरिकी राष्ट्रपति क्लिन्टन र जापानी प्र.म. मुरायामा**

तोकेको संख्यात्मक अनुपातमा अमेरिकी गाडी बिकाउन लगाउनै पर्छ, जापानी कार निर्माता र मर्मत केन्द्रहरुले वर्षेनी यति प्रतिशत बेसी अमेरिकी पार्टपूर्जाहरु किन्न लाउने पार्नै पर्छ।

यी माग खुला-बजार सिद्धान्तको विपरीत भएकोले जापानले विगत २० महिना लामो वार्ताको क्रममा यिनलाई स्वीकार्न नसक्ने कुरा बताइरह्यो। तर जब यही बैशाखको तेश्रो सप्ताहन्तमा, अन्तिम पटक पनि जापानी अन्तर्राष्ट्रिय व्यापार तथा उद्योग मन्त्री र्‍युतारो हाशीमोटोले अमेरिकी सर्वोच्च व्यापार वार्ताकार मिकी क्याण्टोरको यो नाजायाज अमेरिकी मागलाई क्यानाडामा भएको व्यापार वार्ताको क्रममा अस्वीकार गरे, आफूलाई विश्वको एक मात्र प्रहरी ठान्ने अमेरिकाको अहंकारमा निकै ठूलो चोट पुग्यो।

अमेरिकाले ३० दिनको पुनर्विचार गर्ने समयावधि दिंदै घोषणा गर्‍यो- यदि त्यतिञ्जेलभित्रमा अमेरिकी मागसामुन्ने जापान झुक्दैन भने जापानमाथि अहिलेसम्मको सबैभन्दा ठूलो व्यापार-नाकाबन्दी लगाइने छ। यसबाट अन्ततः ५ देखि ७ अरब डलरसम्मको जापानी व्यापार स्वाहा हुनेछ।

अमेरिकाले यो मुद्दालाई विश्व व्यापार संगठन (WTO) छेउ लाने घोषणा गरेको छ। विश्व व्यापार संगठनमा अमेरिकी वार्ताकार क्याण्टोरले पेश गरेको आरोप के छ भने- जापानी सरकारका नीति नियमहरु र गाडी निर्माता र गाडी डिलरहरु बीचको आपसी गठजोड यस्तो छ कि- तिनले विदेशमा बनेका गाडी र पार्टपूर्जाहरुलाई जापानी बजारमा बेरोकटोक छिर्नै दिंदैनन्।

तर जापानी सरकारको दावी छ- जापानमा त्यस्तो कुनै प्रतिबन्ध कायम छैन, जसले गर्दा अमेरिकी गाडी र पार्टपूर्जाहरु जापानी बजारमा छिर्न नसकून्। जापानी बजार पूरै खुला छ।

तर प्रमुख गाडी वार्ताकार ओसामु वाटानावेका अनुसार, अमेरिकाले वार्ताको दौरानमा के माग गर्‍यो भने- जापानी गाडी कम्पनीहरुले आगामी चार वर्षमा प्रत्येक वर्ष २०% दरले अमेरिकी पार्टपूर्जाहरु "स्वेच्छा"ले बेसी खपत गर्दै लानु पर्छ।

यो नाजायज र खुला-बजार अर्थतन्त्रको सिद्धान्त विपरीतको मागलाई मान्न जापानले पूरै अस्वीकार गर्‍यो। त्यसैले वार्ता अवरुद्ध भयो र अमेरिका आक्रोशित भयो।

जापानी पक्षको दावी के छ भने- अमेरिकाले आफ्नो सामानको गुणस्तरका कारणले जापानी बजारमा प्रवेश पाउन सक्नु पर्छ। जापान आफ्नो बजार खुला गर्न तयार छ। तर यसको तात्पर्य यो होइन कि- बजार खुला हुने बित्तिकै ग्राहकहरुले अमेरिकी सामान नै तोकेको अनुपातमा किन्छन्। खुला बजारमा ग्राहकहरु त्यही सामान किन्छन्, जुन राम्रो र सस्तो छ। खुला-बजार अर्थतन्त्र मान्ने जापान यति नै अमेरिकी पार्टपूर्जा जापानी गाडी कम्पनीहरुले किन्नै पर्छ भनेर जोड लाउन सक्दैन।

यही दावी बोकेर जापानले पनि यो व्यापार नाकाबन्दीको मुद्दा विश्व व्यापार संगठनमा लाँदैछ। नयाँ विश्व व्यापार संगठन बनेयता जापान र अमेरिका बीचको यो मुद्दा सबैभन्दा पहिलो ठूलो व्यापार मुद्दा बन्दैछ।



कार्टुन साभार : दि हिन्दु

> **दुई देशका सरकार दुई देशका यिनै एकाधिकारीहरुका वारेसका रुपमा लडिरहेका छन्।**

अमेरिकाले गाडी र त्योभन्दा पनि बेसी, गाडीका पार्टपूर्जाको बजारका लागि जापानसित यति सारै मरिहत्ते किन गर्दैछ त ?

यसको प्रमुख कारण के हो भने- सम्पूर्ण अमेरिकी गाडी उद्योगमा पार्टपूर्जाको उद्योगले मात्र ६०% रोजगारी प्रदान गरेको छ। अमेरिकाको बजारमा जापानको प्रमुख अपराध के हो भने- जापानको अमेरिकासितको व्यापारमा लगातार निकै ठूलो व्यापार-बचत रहँदै आएको छ। गएको साल अर्थात्-१९९४ मा मात्र, जापानको अमेरिकासितको व्यापार बचत झण्डै ७० अरब डलर थियो। त्यसमध्येको ६०% बचत त यस कारणले भएको थियो कि- अमेरिकाले जापानमा भन्दा जापानले अमेरिकामा धेरै बेसी गाडी र गाडीका पार्टपूर्जाहरु बेच्यो।

यही तीतो तथ्यले अमेरिकी कार निर्माताहरुको स्वार्थ र अहंकारमा चोट पुर्‍याएको थियो। तिनै ठूला कार निर्माता एकाधिकार पूँजीपति वर्गको स्वार्थ र अहंकारको अभिव्यक्ति- अमेरिकी सरकारले अहिले व्यापार नाकाबन्दीमा गरेको देखिन्छ।

जापानी बजारमा अमेरिकामा निर्मित कारहरुको बृद्धि निकै बढ्दै छ, तथापि त्यो बिक्री-उपभोग फगत दुई प्रतिशत मात्र छ। तर उता अमेरिकामा जापाननिर्मित कारहरुको बिक्री घट्दैछ, तथापि, त्यसको अमेरिकी बजारमा बिक्री-उपभोगको अनुपात २४ प्रतिशत छ। यही कुराले पनि अमेरिकी कार निर्माता-एकाधिकार पूँजीपतिहरुलाई पिरोलेको देखिन्छ।

जापानी शोरुमहरुले स्वेच्छाले बेसी अमेरिकी गाडीहरु बेच्नु पर्छ, जापानी गाडी कारखाना र मर्मत केन्द्रहरुले स्वेच्छाले बेसी अमेरिकी पार्टपूर्जाहरु खपत गर्नु पर्छ भन्ने माग अमेरिकाले व्यहोरिरहेको यही अधिक गाडी- उत्पादन र बजार-मन्दीले ल्याएको संकटको परिणाम हो।

त्यसो त जापानी पूँजीपतिहरुले अमेरिकामा आफ्नो व्यापार सुनिश्चित गर्न जापानमा अमेरिकी पार्टपूर्जाहरुको बिक्रीलाई विगतमा निकै प्रश्रय नदिएको देखिन्न। अमेरिकी दवाबमा १९८६ देखि १९९३ सम्मको अवधिमा मात्र जापानी गाडी निर्माताहरुले स्वेच्छाले अमेरिकामा निर्मित पार्टपूर्जाहरुको खरीदलाई ६ दोब्बरसम्म बढाएका थिए। तर उनीहरुले यो खरीद जति बढाउँदै गए, अमेरिकाको बिक्रीको माग झन झन बढ्दै गयो। औंला दिंदा डुँडुलो निल्ने स्थिति पैदा भयो। स्वयं जापानी गाडी र पार्टपूर्जाहरुको उत्पादनमा मन्दी आउन थाल्यो। तथापि, अमेरिकी दवाव बन्द भएन। अहिलेको जापानी अडान आफैं संकटग्रस्त हुन लागेको, र आफ्नो बजार-स्वार्थको लागि अमेरिकी पूँजीपतिहरुलाई सहुलियत दिंदादिंदै थाकेको जापानी गाडी उत्पादनकर्ता र डिलरहरुले अभिव्यक्त गरेको अडानका रुपमा देखिन्छ।

अमेरिकाले मागेको स्वतन्त्र-बजार समेत दिन जापानी पूँजीपतिहरु तयार भए, तर अमेरिकाले "व्यापारमा जति प्रगति भयो, त्यसको स्पष्ट नापो गर्न सक्ने हुनको लागि" भन्ने निहुँमा- अमेरिकी गाडी र पार्टपूर्जाहरुको बिक्रीमा बार्षिक बृद्धि यति प्रतिशत भएकै हुनपर्छ भनेर "संख्यात्मक लक्ष्य" किटान गर्नुपर्ने माग गर्‍यो। यसो गर्दा जापानी गाडी उद्योगका एकाधिकारीहरुको स्वार्थमा सिधै चोट पुग्ने भयो।

अहिलेको व्यापार-युद्ध गाडी उत्पादक एकाधिकारीहरुको यिनै स्वार्थहरु बाझेको स्पष्ट अभिव्यक्ति हो। दुई देशका सरकार दुई देशका यिनै एकाधिकारीहरुका वारेसका रुपमा लडिरहेका छन्।

जापानी गाडी डिलरहरु गाडी निर्माताहरुसित निकै बलियोसित एकीकृत भएका छन्। यसलाई उनीहरु "किरेत्सु व्यवस्था" भन्छन्। यो व्यवस्थाले गाडी निर्माताहरु र गाडी मर्मत केन्दहरु समेतलाई एक गठ पारेको छ।

त्यसैले बजार स्वतन्त्र भए पनि जापानी बजारमा अमेरिकी गाडी र पार्टपूर्जा बेच्न अमेरिकालाई धौ धौ हम्मे हम्मे भएको छ। अमेरिकाको अहिलेको बजार नाकाबन्दीको मूल लक्ष्य यही जापानी किरेत्सु व्यवस्था तोड्नु रहेको छ।

अहिले दुवै थरिले विश्व व्यापार संगठनमा उजूर हाल्ने भएका छन्। विश्व व्यापार संगठनले के निर्णय देला, त्यो भविष्यको गर्भमा छ।

तर आर्थिक पर्यवेक्षकहरु भन्छन्- यो व्यापार-युद्धमा अमेरिकाको पक्षमा निर्णय दिनको लागि उसले विश्व व्यापार संगठनको मूल सिद्धान्त नै परित्याग गर्नुपर्छ।


अमेरिकाको उदारवाद र खुला बजार अर्थतन्त्रको नारा कति ढोंगी छ, उसको नारा र व्यवहार कति अन्तर्विरोधी छ, त्यो चाहिँ जो जिते पनि, यो व्यापार-युद्धले प्रष्टै देखाएको छ। ❑



# टर्कीका वामपन्थी नेता
# स्व. इब्राहिम कायपाक्काया स्मृति दिवस सम्पन्न

टर्कीको क्रान्तिका लागि सशस्त्र संघर्ष गरिरहेको टर्की कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का संस्थापक नेता स्व. इब्राहिम कायपाक्कायाको स्मृति दिवस गत जेष्ठ ५ गते (मे १८) टर्की, जर्मनी लगायत विश्वका विभिन्न देशहरुमा विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको समाचार छ।

स्व. इब्राहिम कायपाक्कायाको २३ औं स्मृति दिवस समारोह टर्कीका युद्ध क्षेत्रहरुका साथै विभिन्न गाउँ र शहरमा मनाइएको थियो।



त्यस्तै, टर्कीका आप्रवासीहरुको बहुसंख्या भएको देश जर्मनी लगायत विश्वका विभिन्न देशहरुमा पनि रिम (Revolutionary Internationalist Movement) को आयोजनामा विभिन्न कार्यक्रमहरुका साथ उक्त दिवस मनाइएको थियो।

जर्मनीको कोलोन शहरमा 'रिम' को आयोजनामा सम्पन्न भएको सो स्मृति कार्यक्रममा विश्वका विभिन्न माओवादी वामपन्थी पार्टीका प्रतिनिधिहरुको सहभागिता रहेको थाहा भएको छ।

सो कार्यक्रमका लागि रिमद्वारा नेपालमा क. प्रचण्डको नेतृत्वमा चलिरहेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई पनि आमन्त्रण गरिएको थियो, तर प्रतिनिधि पठाउन संभव नभएकोले सो पार्टीले श्रद्धाञ्जली सन्देश पठाएको कुरा थाहा भएको छ।

स्मरणीय छ, १९७३, १८ मे का दिन टर्कीको प्रतिक्रियावादी सरकारले प्रहरी थानाभित्रै क. इब्राहिम कायपाक्कायाको निर्मम हत्या गरेको थियो। हत्या गरिंदा भर्खरै २४ वर्ष मात्रै भएका युवा वामपन्थी नेता क. कायपाक्यायाले टर्कीको वामपन्थी आन्दोलनमा देखा परेको संशोधनवादी रुझानको विरुद्ध संघर्ष गर्ने क्रममा आफ्ना ६ जना सहकर्मीहरुसंग मिली छुट्टै कम्युनिष्ट पार्टी स्थापना गरेका थिए। १९७२ मा स्थापित उक्त कम्युनिष्ट पार्टीको नाम हो- टर्की कम्युनिष्ट पार्टी मार्क्सवादी-लेनिनवादी (TKP-ML)!

मार्क्सवाद-लेनिनवाद र माओवादलाई आफ्नो मार्ग-निर्देशक सिद्धान्त मान्ने यस पार्टीले १९८७ मा अर्को टर्की कम्युनिष्ट पार्टी (माले) संग एकीकरण गरेको थियो। अहिले ४ हजार छापामार सेना रहेको बताइने यस पार्टीले आफ्नो छापामार संगठन – TIKKO– मार्फत् गत १४ वर्षदेखि सशस्त्र संघर्ष गरिरहेको छ।

स्मरणीय छ, टर्की कम्युनिष्ट पार्टी (माले) -TKP–ML 'रिम'को संस्थापक सदस्य पनि हो।

❑

*(क. कायपाक्याया र टर्की कम्युनिष्ट पार्टी (माले) सम्बन्धी विस्तृत रिपोर्ट 'मूल्यांकनको' पूर्णाङ्क २६ मा हेर्नु होला)*

## इटालीमा वामपन्थीहरुले सरकार बनाउलान् ?

दोस्रो विश्व युद्धमा फासिवाद विरोधी निर्णायक संघर्षमा लागेका इटालीका वामपन्थीहरु पटक पटक संसदीय निर्वाचन मार्फत् सरकारमा जालान् कि नजालान् भन्ने स्थिति बन्दै आइरहेको थियो र अहिलेको स्थानीय चुनावको राम्रो परिणामले पनि यस दिशातर्फ उनीहरु जाने संकेत गरिरहेको देखिन्छ।

विश्व युद्धको लगत्तै झण्डै सरकार बनाउन लागेका इटालीका वामपन्थीहरु अमेरिकी साम्राज्यवाद र इटालीका फासिवादीहरुको गठबन्धन र धाँधलीको कारणले प्रमुख प्रतिपक्षी बन्न बाध्य भएका थिए। यस बीचको ५० वर्षको लामो अवधिमा प्रमुख प्रतिपक्षीको भूमिका खेल्दै आएका वामपन्थीहरुले इटालीमा सरकार बनाउन नसक्नुमा जति बढी कमजोरी तिनीहरुको देखिन्छ, त्योभन्दा पनि बेसी इटालीका पूँजीपतिहरुको घेराबन्दी र षडयन्त्रको भूमिका ठूलो रहेको देखिन्छ।

दोस्रो विश्व युद्धपछि इटालीमा प्रत्येक वर्ष एउटा पूँजीपति वर्गीय सरकार बन्ने र त्यही वर्ष सत्ताको कुर्सीबाट खस्ने क्रम जारी रहेको छ। त्यस स्थितिमा पनि इटालीमा पूँजीपतिहरु र माफियाहरुको चौतर्फी घेराबन्दीकै मूल कारणले गर्दा नै वामपन्थीहरुले सरकार बनाउन असफल हुँदै आएको देखिन्छ।

तर, तिनीहरुको चौतर्फी घेराबन्दी र षड्यन्त्र अब तोडिन थालेको संकेत स्थानीय चुनावको परिणामले देखाएको छ। गत वैशाख १० गते सम्पन्न मेयर तथा प्रान्तीय अध्यक्षहरुको चुनावमा वाम र मध्य-वाम गठबन्धनले अत्याधिक सीट कब्जा गरेका थिए।

प्रथम चरणको उक्त स्थानीय चुनावमा १८९ मध्ये १८० स्थान मेयर पदमा र ५४ मध्ये ४८ स्थानमा प्रान्तीय अध्यक्ष पदमा वाम र मध्य-वाम गठबन्धनले सानदार विजय हासिल गरेका थिए। यसै परिणाम अनुसार, ९ वटा क्षेत्रहरु वामपन्थीहरुको कब्जामा गएका थिए भने सत्तासीन पूँजीपतिहरुको 'फ्रीडम एलायन्स'ले ६ वटामा मात्र विजय प्राप्त गरेका थिए।

कुल खसेको मतमध्ये ४०.५% मत प्राप्त गर्न सफल वामपन्थी खेमा

मध्येको प्रमुख घटक "डेमोक्रेटिक पार्टी अफ दि लेफ्ट" (PDS) इटालीकै सबैभन्दा ठूलो राजनीतिक पार्टीको रुपमा विकसित भएको छ। २४.६% मत लिएर सबैभन्दा ठूलो पार्टी हुन सफल वामपन्थी पार्टी PDS को यस विकासले दक्षिणपन्थी पूँजीपतिहरुलाई चिन्तित र भयभीत पारेको बताइन्छ।

दोस्रो चरणको चुनावी परिणामले पनि वामपन्थीहरु र मध्य - वाम गठबन्धनलाई विजयश्री पहिऱ्याई दिएको छ। यसमा पनि दक्षिणपन्थी-प्रतिक्रियावादी खेमा धराशायी भएको वताइन्छ।

गत १९९० को चुनावमा १३% मत लिएको प्रधानमन्त्री बर्लुस्कोनीको 'फ्रीडम एलायन्स'को नराम्रो पराजय एवं वामपन्थीहरुको सानदार विजय यस चुनावको एक पक्ष हो।

अर्को पक्ष हो- फासिवादी शक्तिहरु 'नर्दर्न लीग' र 'फोर्जा इटालिया' जस्ता पार्टीहरुको उदय नै यी सबै चुनाव मार्फत् अभिव्यक्त पूँजीवादको संकट र पतनको स्पष्ट संकेत हो। पूँजीवाद संकटग्रस्त र पतीत भएपछि फासिवादको रुप धारण गरेर प्रकट हुन्छ भन्ने तथ्यकै अभिव्यक्ति हो- इटालीको चुनावी परिणाम!

फासिवादी शक्तिहरुको उदयले इटालीका जनतामा भयको संचार गरेको छ भने फासिवादी शक्ति विरोधी वामपन्थीहरुको तीव्र विकास हुनु र सरकार निर्माणको नजीकै उनीहरु पुग्नुले जनतामा जोश, उत्साह र प्रेरणा संचार गरेको दावी गरिंदैछ। निकट भविष्यमा नै हुने संसदीय निर्वाचनमा अत्याधिक बहुमतले वामपन्थी सरकार बन्ने आशाले खुशी भएका PDS का सचिव मास्सिमो डि-अलेमा दावी गर्छन्- 'भविष्य वामपन्थी सरकारको हो!'

भविष्य वामपन्थी सरकारको होला कि नहोला, यो त भविष्यकै गर्भमा छ। तर, इटालीका वामपन्थीहरुको विगत र वर्तमानका क्रियाकलाप र संघर्षहरु त्यति क्रान्तिकारी नभएको गुनासो भने अहिले पनि सुनिन्छ। कहिले 'यूरो-कम्युनिज्म'को संशोधनवादी नारामा त, कहिले इटालीको कम्युनिष्ट पार्टीको नाम नै फेर्ने पूँजीवादी बहकाउमा भड्किने परम्परा इटालीका वामपन्थीहरुमा विद्यमान छ। इटालीका वामपन्थीहरुको भविष्य सरकार गठन गर्नमा मात्रै सीमित नहोस्, क्रान्तिकारी कार्य गर्दै जनताको शक्ति संचय गर्दै र अन्ततः क्रान्ति गरी समाजवादको स्थापनाको हदसम्म विस्तृत होस् भनेर कामना गर्नु वढी नहोला कि ? ❑

# क्यानाडाको कम्युनिष्ट पार्टीको ३१ औं सम्मेलन

पूँजीवादी विश्वको नाइकेको रुपमा कुख्यात देश- अमेरिकी साम्राज्यवादको बीचैमा पर्ने देश- क्यानाडाको कम्युनिष्ट पार्टीको ३१ औं सम्मेलन हालै सम्पन्न भएको छ। क्यानाडाको टोरन्टोमा सम्पन्न उक्त चारदिने सम्मेलन गत जेठ ५ देखि ८ गते सम्म चलेको थियो।

पूर्वी यूरोपेली देशमा समाजवाद पतन भएपछि र सोभियत संघको विखण्डनपछि विश्वभरि प्रतिक्रियावादी-प्रतिगामी पूँजीवादी प्रजातन्त्रको लहर चलेको थियो र साम्यवादी विचारमाथि धुँवाधार आक्रमण भएको थियो। क्षणिक पराजयको त्यस घडीमा विश्वको वामपन्थी आन्दोलनमा निकै भ्रमहरु सृजना भएका थिए। कतिपय भ्रमहरु त पूँजीवादी खेमाबाटै प्रायोजित थिए।

त्यस स्थितिमा जसरी विश्वभरिकै कम्युनिष्ट पार्टीहरुमा लामो अन्तर-संघर्ष भएको थियो, त्यसरी नै क्यानाडाको कम्युनिष्ट पार्टी (Communist Party of Canada) भित्र पनि अन्तर-पार्टी संघर्ष भएको थियो।

यस अन्तरपार्टी संघर्षको दौरानमा मार्क्सवादी-लेनिनवादी विचार र सर्वहारा अन्तर्राष्ट्रियवादले 'विसर्जनवादी-संशोधनवादी विचार'लाई पराजित गरेको कुरा बताइन्छ।

निरन्तर र तेज संघर्षविना यी र यस्ता विचार र संस्कृतिहरु कम्युनिष्ट पार्टीमा लामो समयसम्म विद्यमान भइरहने यथार्थलाई बुझी, यस विरुद्धको संघर्षलाई तेज पार्ने क्यानाडाली कम्युनिष्ट पार्टीको यस ३१ औं सम्मेलनले पनि विशेष भूमिका खेलेको बताइन्छ।

यस सम्मेलनले आफ्नो पार्टीपक्तिभित्रको वैचारिक-सांस्कृतिक संघर्षका साथै अर्को ठूलो चुनौतिको सामना गर्ने तत्परता र तयारी गरेको बताइन्छ। त्यो हो- छिमेकी साम्राज्यवादी देश-अमेरिकाको राजनीतिक र आर्थिक प्रभूत्व!

अमेरिकी साम्राज्यवादको




> यस अन्तरपार्टी संघर्षको दौरानमा मार्क्सवादी-लेनिनवादी विचार र सर्वहारा अन्तर्राष्ट्रियतावादले विसर्जनवादी-'संशोधनवादी विचार'लाई पराजित गरेको कुरा बताइन्छ।

आर्थिक-राजनीतिक प्रभूत्वमुनि थिचिएको विशाल देश- क्यानाडा साँचो अर्थमा अमेरिकाको प्रयोगशाला हुँदै आएको छ, जस्तो- NAFTA 'नाफ्टा' सन्धिको प्रयोग।

अमेरिकाको 'डम्पिङ्ग साइट' र निजीकरणको प्रयोगशालाको रुपमा विकसित क्यानाडामा बढ्दो गरीवी, बेरोजगारी, आर्थिक मन्दी र वातावरण विनाशप्रति जनतालाई सचेत, संगठित र संघर्षशील गर्ने प्रयास यस सम्मेलनपश्चात हुँदैछ भन्ने कुरा पनि थाहा भएको छ।

क्यानाडाली कम्युनिष्ट पार्टीसमक्ष रहेको अर्को चुनौति हो- अन्तरजातीय सद्भाव र एकता!

विगतमा नव उपनिवेशवादी शासन चलाई क्यानाडालाई लुट्नसम्म लुटेका साम्राज्यवादी देशहरु बेलायत र फ्रान्सद्वारा रोपिएको अन्तर-जातीय विद्वेष र संघर्षको ठाउँमा अन्तरजातीय सद्भाव र एकता कायम गर्ने जिम्मेवारी पनि पार्टी समक्ष चुनौति बनेर उभिएको छ। चाहे त्यो आफ्नै पार्टीभित्र होस् या देशभित्र नैं किन नहोस्, जहाँ भएपनि यो चुनौतिको सामना गर्न ऊ तत्पर हुनै पर्छ भन्ने राय सम्मेलनले मुखरित गरेको देखिन्छ। फ्रान्सिसी र अंग्रेजी भाषा बोल्ने जनता एवं आदिवासी र आप्रवासी जनताबीचको सद्भाव, सहयोग र एकता कायम गर्नका लागि पनि यस सम्मेलनले केही कदम चालेको देखिएको छ।



भनिन्छ, यो सम्मेलन क्यानाडाली सर्वहारा वर्गका जनताबीच संगठन, चेतना र संघर्षलाई विस्तारित गर्नका लागि चलाइने अभियानलाई तेज पार्न र गलत विचार र संस्कृतिलाई पराजित गरी वैचारिक र सांस्कृतिक रुपले संगठन र कार्यकर्ताहरुलाई सबल र सक्षम पार्नका लागि आयोजना गरिएको थियो। यस सम्मेलनबाट यो उद्देश्य कति हदसम्म प्राप्त होला, त्यो त क्यानाडाली कम्युनिष्ट नेता र कार्यकर्ताहरुको क्षमता र कुशलतामा भर पर्ने कुरा हो।

क्यानाडाको क्रान्तिको लागि संघर्षरत यस कम्युनिष्ट पार्टीले यी सबै चुनौतिहरुको सामना गरी कसरी अगाडि बढ्ने होला? यसको जवाफ भविष्यकै गर्भमा छ। ❑

# "हाम्रो पार्टीले क. स्तालिन जीवित छँदै विश्व कम्युनिष्ट आन्दोलनको मुख्य दोष औंल्याएको थियो"

-क. नीहार मुखर्जी

महासचिव- भारतीय समाजवादी एकता केन्द्र, (SUCI)

**गतांकमा यस स्तम्भ अन्तरगत हामीले भारतमा कृयाशील कम्युनिष्ट पार्टी- एस.यू.सी.आई.का विशिष्टताहरुको विवेचना गरेका थियौं। उक्त पार्टीको कम्युन जीवनको थालनीको चर्चा, कम्युनहरुका बारेमा रिपोर्टिङ्ग, क. शिवदास घोषको परिचय र उहाँका उल्लेखनीय विचारहरु आदि विविध सामग्रीहरु यस विवेचनाभित्र संगेटिएका थिए।**

**यस पार्टीको इतिहास हेर्दा, यसले तात्कालीन समयको विश्व कम्युनिष्ट आन्दोलनको विविध पक्षमा त्यतिखेर नै गरेका टिप्पणीहरु पछि व्यवहारले सही साबित भएका पाइएका छन्। विषयलाई गहन रुपले र सांगोपाङ्ग रुपले हेर्ने एउटा गम्भीर पार्टीको रुपमा भारतमा स्थापित र चर्चित भएको यो पार्टी विश्व कम्युनिष्ट आन्दोलनको हालको स्थितिबारे के ठम्याइ लिएर अघि बढिरहेको छ? पूर्वी युरोप र सोभियतसंघमा समाजवाद धराशायी हुनुको घटनाबारे यसको धारणा के रहेको छ?**

**यी विषयहरुमा केन्द्रित भएर हाम्रा प्रधान सम्पादक श्याम श्रेष्ठले यस पार्टीका वयोबृद्ध र वरिष्ठ नेता क. नीहार मुखर्जीसंग घाटशीलाको उहाँको केन्द्रीय कम्युनमा एक विस्तृत अन्तर्वार्ता लिनु भएको थियो। त्यसका मुख्य अंशहरु यस पटक हामीले पाठकहरु समक्ष प्रस्तुत गरेका छौं।**


**क. नीहार मुखर्जी सो पार्टीका वर्तमान महासचिव हुनुहुन्छ।**

**-मूल्यांकन**

## SUCI का महासचिव क. नीहार मुखर्जीसंग विशेष अन्तर्वार्ता

**सोभियत संघ र पूर्वी यूरोपेली देशहरूमा समाजवाद किन धराशायी भयो? के ठान्नु हुन्छ यसको पछाडिको आधारभूत कारण?**

क. निहार: यो एकै दिनमा भएको घटना होइन। वास्तवमा यो दुर्दशाको जरो धेरै भित्रसम्म गाडिएको छ। हाम्रो पार्टीको विचारमा, सोभियत संघको कम्युनिष्ट पार्टीले १९५६ पछि लामो समयसम्म र लगातार अभ्यास गरेको संशोधनवाद नै, व्यापक अर्थमा भन्ने हो भने, साम्यवादी आन्दोलनमा आएको अद्वितीय दुर्दशाको मुख्य र आधारभूत कारण हो, जसले मार्क्सवाद लेनिनवादको क्रान्तिकारी सारबाट मजदूर वर्गलाई च्यूत पार्‍यो। सर्वसाधारण कम्युनिष्ट कार्यकर्ताको निम्न चेतनास्तरको कारणले नै संशोधनवादले टाउको उठाउन सकेको हो। साम्यवादी आन्दोलनले सांगठनिक क्षेत्रमा तथा विज्ञान र प्रविधिको क्षेत्रमा अपार प्रगति त गर्‍यो, तर यो पनि तीतो



प्रधानता रहन्छ र विचारधारा, राजनीति, संस्कृति, संगठन आदि सबै क्षेत्रमा मार्क्सवादी लेनिनवादी सिद्धान्तका आधारमा पूर्ण स्तरको युद्ध चलाइएन भने, उपरी ढाँचामा पुराना बानीहरूको शक्ति धडधडीको रूपमा बाँकी नै हुन्छ।

यो भनाइले समाजवादी कालमा सर्वहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्नु कत्तिको जरूरी छ भन्ने कुरातर्फ इंगित गर्छ, जुन कामलाई संशोधनवाद हावी भएयता उपेक्षा गरिएको थियो। यसको ठीक विपरीत, परिवर्तित परिस्थिति र मार्क्सवाद लेनिनवादको सिर्जनात्मक प्रयोगका नाममा अरू नै धारणाहरू प्रयोगमा ल्याइएको थियो। यी संशोधनवादका निकृष्ट नमूनाहरू थिए।

विश्व कम्युनिष्ट आन्दोलनले यसैको मोल तिर्नु परिरहेछ, चाहे यो जतिसुकै पीडादायी र महँगो किन नहोस्।

सत्ता हत्त्याईसकेपछि, संशोधनवादी ख्रुश्चेभको

वास्तविकता हो कि- जीवन र समाजको हरेक क्षेत्रमा भएको नयाँ विकासको हाराहारीमा मार्क्सवाद-लेनिनवादलाई मूर्तिकरण गर्ने, विकास गर्ने र समृद्ध पार्ने जस्ता जरुरी कार्यहरु गरिएनन्।

यति मात्र हैन, नेतादेखि कार्यकर्ताको तहसम्म कम्युनिष्टहरुको सांस्कृतिक र नैतिक स्तर लगातार उठाउने कार्यमा पनि गंभीर उपेक्षा भयो। के कुरा राम्ररी महसूस गरिएन भने- साम्यवादी विचारधाराले निर्विजयता र आदर्शशीलता द्वन्द्वात्मक वस्तुवादी वैज्ञानिक दर्शनको सहीपना र तागतबाट मात्रै आउँदैन, सर्वहारा संस्कृति र नैतिकताको जगबाट पनि आउँछ। दर्शनहरु मध्येको उत्कृष्ट दर्शन मार्क्सवादको भित्री गुदी नै यही हो। प्राविधिक विकास हासिल गर्न र युद्धले लथालिङ्ग पारेको अर्थतन्त्रको समाजवादी पुनर्निर्माण गर्ने कामको तुलनामा जनताको सांस्कृतिक स्तर उठाउनुको साथसाथै उनीहरुलाई यस उत्कृष्ट विचारधाराले लैश गर्ने काममा लेनिन भन्दा पछिको कालमा उपेक्षा गरियो। यसले गर्दा साम्यवादी आन्दोलनमा निकृष्ठ व्यक्तिवाद र आत्मकेन्द्रीतपनले विस्तारै र भित्रभित्रै घर गर्दै लग्यो। व्यक्तिगत स्वार्थपूर्ति गर्नु नै सबैभन्दा ठूलो कुरा बन्यो।

परिणामस्वरूप, समाजवादी समाजमा समेत, साम्यवादी ध्येयप्रतिको सामाजिक जिम्मेवारी र क्रान्तिकारी समर्पणमा सबभन्दा बेसी क्षति पुग्यो।

यहाँनेर, लेनिनका केही शिक्षाहरूको स्मरणले सहायता गर्ला।

समाजवाद भनेको पूँजीवाद र साम्यवाद बीचको संक्रमणकालीन चरण हो। त्यसैले, यो चरणमा पूँजीवादको पुनर्स्थापनाको खतरालाई टाल्न सकिन्न। किनभने, यो चरणमा सानो पैमानाको उत्पादनको

# पूर्वी यूरोपमा समाजवाद धराशायी हुनुको मुख्य कारण के हो ?

गिरोहले "व्यक्तिपूजा" सित संघर्ष गर्ने नाममा स्तालीनको प्राधिकार र प्रभावलाई मेट्न खोज्यो । यसको अनिवार्य परिणाम के भयो भने, स्तालीनमाथि कालो पर्दा लाग्यो र यसले लेनिनलाई बदनाम गर्नको लागि र लेनिनवादलाई नै मिल्काउनको लागि भूमि तयार पार्‍यो ।

उनीहरूका यी अवधारणाहरू हेर्नुहोस्: खासगरी, केही पूँजीवादी मुलुकमा शान्तिपूर्ण संक्रमण संभव छ भन्ने अवधारणा, लेनिनले स्थापित गर्नु भएको साम्राज्यवाद रहिरहेसम्म 'युद्धको अपरिहार्यताको नियम' लाई इन्कार गर्ने अवधारणा, लेनिनको शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तको वैज्ञानिक बुझाइलाई अपव्याख्या गर्ने कार्य, सर्वहारा अधिनायकत्वको आधारभूत सिद्धान्त र आधारभूत वर्ग दृष्टिकोणलाई तिलाञ्जली दिएर सोभियत संघको कम्युनिष्ट पार्टी र सोभियत राज्यलाई संपूर्ण जनताको पार्टी र संपूर्ण जनताको राज्य भनेर भन्ने कार्य । यी कामहरूले समाजवादलाई निकै ठूलो नोक्सानी पुर्‍यायो ।

उनीहरूले एकातिर "पूँजीवादी संसदलाई जनताको इच्छाको साधनको रूपमा रूपान्तरण गर्ने" जस्ता गैर मार्क्सवादी सिद्धान्तहरूलाई पनि अगाडि ल्याए । अर्कोतिर "षडयन्त्रकारी बाटो र सैनिक विद्रोह मार्फत क्रान्ति थोपर्ने" विचार पनि अघि सारे ।

यी वर्ग समन्वयवादी विचारहरूको मुहान दोश्रो विश्वयुद्ध पछिको अन्तर्राष्ट्रिय परिस्थितिको क्रान्तिकारी महत्वलाई गलत ढंगले मूल्याङ्कन गर्नुमा थियो ।

सबैभन्दा गंभीर आक्रमण समाजवादी अर्थतन्त्रको आधारभूत नियमलाई मिच्दै जसरी पनि उत्पादन बढाउन "भौतिक प्रोत्साहन" दिने नाराबाट भयो । यो सानो तथा कुहिएको सिद्धान्तले रूसी नेतृत्वलाई एक पटक यसरी गाँज्यो कि तिनीहरूले के विचार अघि सार्न थाले भने, यदि सोभियत संघले उत्पादन बढाएर रूसी मजदूरहरूको जीवनस्तर एउटा उँच्चाइसम्म बढाउन सक्यो भने, यसले स्वतः अमेरिकी मजदूरहरूको ध्यान समाजवादतर्फ आकर्षित गर्नेछ । संशोधनवादी नेतृत्वले तर्क गर्‍यो, त्यसपछि त्यस्तो नयाँ परिस्थितिको सिर्जना हुनेछ कि- विश्व क्रान्ति र वर्ग संघर्षको आवश्यकता नै रहने छैन ।

यो आश्चर्यको कुरो होइन कि वर्ग संघर्ष र क्रान्तिको ऐतिहासिक निषेध गर्ने यस सडे-गलेको गैर-मार्क्सवादी सिद्धान्तले क्रान्तिको ध्येयमाथि निकै ठूलो नोक्सानी पुर्‍यायो । खुश्चेभदेखि ब्रेझनेभ-सम्मका र त्यसपछि पनि रूसका सत्तामा आएका अरू नेताहरूको कार्यकालमा यो सिद्धान्तमा कुनै आधारभूत परिवर्तन भएन । संशोधनवादको यो अभ्यास र कम्युनिष्ट आन्दोलनमा यो पथ विचलन दिन बित्दै जाँदा झन् झन् चर्कोसित बढ्न थाल्यो । स्वाभाविक रूपले, उत्पादन बढाउनको निम्ति भनेर अघि सारिएको "भौतिक प्रोत्साहन" को सिद्धान्तले क्षुद्र व्यक्तिवाद, आत्मकेन्द्रवाद आदिलाई मात्र जन्माएन, यी संशोधनवादी नेताहरूको हातमा परेर मार्क्सवाद आफैं राजनीतिक व्यवहारवाद, विकृत सर्वकल्याणवाद र सडेको पूँजीवादी दृष्टिकोण र प्रवृत्तिमा बदलियो, जसले समाजवादी समाजलाई भित्रभित्रसम्म ग्रस्त गर्‍यो ।



सडक संघर्षमा SUCI का नेता र कार्यकर्ताहरु

## खुश्चेभले कसरी सोभियत कम्युनिष्ट पार्टीमा शक्ति हत्याउन सके ?

यसको परिणाम के भयो भने- समाजवादी बिकास अगाडि बढ्नुको सट्टा पूँजीवादको पुनर्स्थापनाको लागि बाटो सफा पार्दै यसको गति धीमा भयो र यो पछिल्तिर सर्न थाल्यो । पछिल्लो मुक्का गोर्वाचेभको पालामा आइलाग्यो, जब समाजावाद पूँजीवादमा फर्कने कुराले एउटा निर्णायक विन्दु पार गर्‍यो ।

पूर्वी यूरोपेली देशहरूमा समाजवादको अवसान यी सबै मुलुकमा यो रूपमा वा त्यो रूपमा अभ्यास गरिएको संशोधनवादको अपरिहार्य परिणाम थियो । यस बाहेक, यी सबै मुलुकहरू एउटा अन्तरनिहित कमजोरीबाट ग्रस्त थिए, किनकि यिनीहरू सबै जनताको जनवादी क्रान्तिको बाटो भएर गुज्रेका थिए, समाजवादी क्रान्तिको होइन ।

**❑ सशस्त्र संघर्ष र रक्तपातविना संसारको कुनै पनि पूँजीवादी व्यवस्था समाजवादी व्यवस्थालाई ठाउँ छोड्ने गरी धराशायी भएको छैन । कसरी युरोपमा खाली समाजवादी व्यवस्था मात्रै धराशायी भयो र शान्तिपूर्वक पूँजीवाद पुनर्स्थापित भयो ?**

क. नीहारः ऐतिहासिक रूपमा भन्ने हो भने पूँजीवाद समाजवादी व्यवस्थामा 'धराशायी' भएको सवाल त्यसरी नै उठन सक्दैन र उठ्दैन, जसरी सामन्तवाद पूँजीवादमा 'धराशायी' भएको कुरा उठ्दैन । 'धराशायी' शब्द त्यतिखेर मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ, जतिखेर कुनै पनि कारणले, सामाजिक विकास विपरीत दिशामा जानु संभव हुन्छ । किनभने, 'धराशायी' शब्दले पछिल्तिरको दिशामा रूपान्तरणलाई जनाउँछ, अघिल्तिर होइन । समाजवाद पूँजीवादभन्दा सामाजिक रूपले उपल्लो चरण हो, त्यसैले पूँजीवादबाट समाजवादमा परिवर्तनको सन्दर्भमा 'धराशायी' शब्द उपयुक्त हुँदैन ।

जहाँसम्म समाजवादी सोभियत रूसमा शान्तिपूर्वक पूँजीवादको पुनःस्थापना भएको सवाल छ, त्यसमा केही बुँदाहरू राम्रोसित बुझ्नु जरूरी छ ।

जहाँसम्म आर्थिक व्यवस्था, उत्पादन सम्बन्ध र उत्पादनका प्रेरक शक्तिहरूको सवाल छ, यो पछाडिको दिशामा रूपान्तरण पनि आधारभूत र गुणात्मक (यस मुद्दामा प्रतिक्रान्तिकारी) परिवर्तन हो । तर यो परिवर्तन शान्तिपूर्ण हुन्छ कि रक्तपातपूर्ण, यो कुरा चाहिँ पूर्ण रूपमा यसको प्रतिरोध हुन्छ कि हुँदैन भन्ने कुरामा भर पर्छ । यो सवालमा रुसी जनताबाट कुनै प्रतिरोध भएन, त्यसैले, प्रतिक्रान्ति शान्तिपूर्ण तवरले हुन सम्भव भयो ।

तर इतिहास साक्षी छ, सामन्तवादबाट पूँजीवादमा जाने कुरा र पूँजीवादबाट समाजवादमा जाने कुरा चाहिँ रक्तपातपूर्ण भएको थियो ।

**❑ प्रक्रियामा कुन गल्ती भएको थियो, जसले गर्दा स्तालीन जस्ता महान नेताले नेतृत्व गरेको सोभियत संघको गौरवमय कम्युनिष्ट पार्टीमा खुश्चेभ जस्ता मानिस महासचिव पदमा आउन सक्ने गरी लुकेर बस्न सके ?**

क. नीहारः खुश्चेभले कसरी सो.क.पा. मा शक्ति हत्याउन सके, त्यो कुरा त माथि नै विस्तृत रूपमा औंल्याई सकिएको छ । तर हामीले अरू तत्वहरूबारे पनि जाँच-परख गर्न जरूरी छ ।

यो सबैलाई थाहा भएको कुरा हो कि दुई करोड सोभियत नागरिकहरूले, त्यसमध्ये धेरै संख्यामा कम्युनिष्टहरूले, महान् देशभक्तिपूर्ण लडाईमा ज्यान गुमाए । उदाहरणीय चरित्र भएका थुप्रै कम्युनिष्ट नेताहरूको युद्धमा ज्यान गयो । अथवा उनीहरू समाजवाद र क्रान्तिका दुश्मनहरूको षडयन्त्रका



**SUCI का कार्यकर्ताहरुको संघर्षमाथि सरकारी दमन**

शिकार भए । उदाहरणको लागि- स्टालिनको दाहिने हात कहलाइएका किरोभको कायरतापूर्ण हत्यालाई अघि सार्न सकिन्छ ।

यी सबै कुराहरूले समेत प्रतिक्रान्तिलाई अपरिहार्य बनाउन सक्दैनथे र बनाउँदैनथे । कम्युनिष्ट आन्दोलनमा रहेको कमजोरीलाई विचारधारा र संगठनको क्षेत्रमा पुनर्जीवन ल्याउने उपयुक्त उपायहरूद्वारा परास्त गर्ने काम भएको भए प्रतिक्रान्तिलाई रोक्न सकिन्थ्यो ।

यो सत्य होइन कि- पार्टी संगठन र राज्ययन्त्रलाई ग्रस्त गरिरहेका ती कमजोरीहरूबारे स्तालिन अनभिज्ञ वा अन्धो हुनुहुन्थ्यो ।

अक्टोबर समाजवादी क्रान्ति र त्यसपछाडि पनि स्तालिनले यी कमजोरीहरूबारे चोर औंलो ठड्याउनु भएको थियो । स्तालिन जीवित छँदै सो.क.पा. को १९ सौं पार्टी महाधिवेशनमा मालेन्कोभले पेश गर्नु भएको रिपोर्ट (यो सर्वविदित छ कि- त्यो रिपोर्ट स्तालिनको प्रत्यक्ष निगरानीमा तयार भएको थियो) पार्टी र राज्यमा भएका विभिन्न कमजोरीहरूबारे उहाँको गहिरो चासो थियो भन्ने कुराको टड्कारो प्रमाण हो ।

स्तालिनले वास्तवमा पार्टीभित्र आलोचना र स्वआलोचनाको प्रक्रियाबाट र अन्य केही विचारधारात्मक कामहरूद्वारा चेतनाको स्तर उठाउन विभिन्न गंभीर र प्रभावकारी विचारधारात्मक र संगठनात्मक कदमहरू चाल्नै लाग्नु भएको थियो ।

सबैलाई अवगत नै भएको कुरा हो कि- "सोभियत संघको समाजवादका आर्थिक समस्याहरू" भन्ने ख्यातिप्राप्त पुस्तकमा उहाँले कति तीक्ष्णताका साथ समाजवादका आर्थिक नियमहरूको विभिन्न पक्षको विश्लेषण गर्नु भएको थियो । संक्रमणकालीन अवधिका आर्थिक समस्याहरूबारे यो एउटा मूल्यवान दिशा निर्देश हो । तर उहाँको मृत्युको कारणले यी क्षेत्रमा स्तालीनले सोच्नु भएका नयाँ कदमहरू उहाँले शुरू गर्नु नै पाउनु भएन ।

मूलतः कम्युनिष्ट कार्यकर्ता र नेताहरूको समेत निम्न चेतना स्तरबाट फाइदा उठाएर नै स्तालिन जस्ता महान कम्युनिष्ट नेताको अनुपस्थितिमा ख्रुश्चेभ र उनको गिरोह सो.क.पा. जस्तो गौरवशाली पार्टीको नेतृत्वमा घुस्न सफल भयो, यो व्याख्या गरिरहनै पर्दैन, आफै निकै छर्लंग छ ।

हामी कम्युनिष्टहरूले यसबाट सिक्नु पर्ने संपूर्ण महत्वपूर्ण पाठहरू सिक्न भुल्नु हुन्न । त्यो पाठ के हो भने, यदि हामीले निरन्तर रूपमा विचारधारात्मक- राजनैतिक- सांस्कृतिक स्तर उठाउने कार्य गर्न सक्दैनौं भने र यदि एउटा कम्युनिष्ट पार्टीभित्र नेतृत्व गर्ने र गरिने बीच द्वन्दात्मक संबन्धको अभाव जस्तो कमजोरी छाइरहन्छ भने, विगतको कुनै पनि गौरवमय परंपराले पार्टीलाई संशोधनवादी नेतृत्वको हातमा पर्नबाट छेक्न सक्दैन ।

**❑ यी सबै मुलुकमा समाजवादी व्यवस्था धराशायी हुनुबाट सिक्नु पर्ने मूर्त मूर्त ऐतिहासिक पाठहरू के के हुन् त तपाईंको विचारमा ?**

**क. नीहारः** पाठहरुमा जानुभन्दा पहिले केही बुँदालाई पहिले स्पष्ट पार्नु पर्छ कि भन्ने मलाई लाग्छ ।

कम्युनिष्ट आन्दोलनमा निकै ठूलो नोक्सानी पुऱ्याएर पनि, वर्तमान धक्का अस्थायी मात्र हो भन्ने कुरा हामीले सर्वप्रथम प्रष्ट रूपमा बुझ्नु पर्छ । समाज विज्ञानका सबै विद्यार्थीहरूले के थाहा पाउनु पर्छ भने, रूसमा समाजवादी क्रान्ति कुनै एक जना व्यक्तिको सनकको कारणले वा स्वैर कल्पनाको कारणले भएको थिएन । यो समाज विकासको पंछाउनै नमिल्ने नियमहरू समाल्नाको कारणले भएको थियो । पुनर्स्थापित गरिएको पूँजीवादले, पूँजीवादको नियमलाई यादमा राख्दा, निश्चितै रूपमा यसको Antithesis (प्रतिवाद) लाई जन्म दिनेछ र यसले नयाँ किसिमका अन्तरविरोधहरू सिर्जना गर्नेछ, जसका लक्षणहरू प्रकट रूपमा देखा पनि पर्न थालेका छन् । हालसालै र यति छोटो समयभित्रै रूसमा येल्त्सीनको खुँखार फासिष्ट शासनका विरूद्ध जनआन्दोलनको लहर उठेर विद्रोहमा परिणत भएको घटनाले मार्क्सवाद लेनिनवादको सान्दर्भिकतालाई अकाट्य रूपमा सावित गरेको छ । 'प्रजातन्त्र', 'स्वतन्त्रता' जस्ता छलकपटपूर्ण चालबाजीबाट जनता भ्रममुक्त हुने काम वास्तवमा छिटो भएको छ । अर्कोतिर, समाजवादले धक्का खाएकोमा पूँजीवादी साम्राज्यवादीहरूको हस्सी-रमाइलोमा औंसी लाग्न थालिसकेको छ ।

बजार अर्थतन्त्रको उज्वल भविष्यको गाना-बजाना झूठो अभ्यासमा परिणत भएको छ । यी मुलुकहरूमा पूँजीवादी अर्थतन्त्रको पुनर्स्थापनाले पूँजीवादी अर्थतन्त्रको गहीरिँदो संकटको आगोलाइ निभाउन असमर्थ भएको छ । पूँजीवादी प्रजातन्त्र वा पूँजीवादले अहिलेको सड्दोगल्दो चरणमा जनताको भलो गर्न सक्दैन भन्ने कुरा दिउँसोको घाम जस्तै छर्लंग भएको छ । अद्वितीय प्राविधिक विकास संगसंगै अद्वितीय मजदूर निस्काशन, मजदुरकट्टी र बर्बादी घनिष्ट रूपले जोडिएको हुन्छ भन्ने कुरा प्रष्ट भएको छ ।


यो परिस्थितिमा संसारभरिका कम्युनिष्टहरू हताशा-निराशाको शिकार हुन सक्छन । संशोधनवादी पथ विचलनबाट मुक्त भएर मार्क्सवाद-लेनिनवादको सही समझदारीका आधारमा विचारधारात्मक अन्यौल र स्पष्टताको अभावबाट मुक्त हुन जरूरी छ । यही अभावले विगतमा यो दुर्दशा ल्याएको थियो । निश्चितै रूपमा र समय गुम्नै नदिएर घनीभूत रूपमा विचारधारात्मक राजनीतिक-सांस्कृतिक आन्दोलन छेडनु परेको छ, ता कि- विगतको गल्तीबाट सही निष्कर्ष निकाल्न सकियोस र कम्युनिष्टहरूको आम-चेतनास्तर माथि उठाउन सकियोस् ।

यो खुशीको कुरा हो कि संसारभरिका कम्युनिष्टहरूले आफ्नो हृदय खोतल्न थालेका छन् र गंभीरतापूर्वक वर्तमान दुर्दशाको जरो कारण पत्ता लगाउन थालेका छन् । यस स्थितिमा सिक्नु पर्ने एउटा पाठ के पनि भएको छ भने, सिद्धान्तको सौदाबाजीविना नै एकताका आधारहरू खोज्नु जरूरी छ, कम्युनिष्टहरूबीच र साम्राज्यवाद विरोधी तयारी शक्तिहरूबीच ।

**❑ हामीले के सुन्यौं भने, तपाईंको पार्टीले स्तालिन जीवित छँदै सोभियत कम्युनिष्ट पार्टीको नेतृत्वमा केही गंभीर कमजोरीहरू भएको कुरो पहिल्याएको थियो र यसलाई त्यतिखेरै औंल्याएको पनि थियो । के तपाई व्याख्या गरीदिन सक्नु हुन्छ- ती औंल्याइएका कुराहरू के के थिए ?**

**क. नीहारः** विश्व कम्युनिष्ट आन्दोलनका थुप्रै उपलब्धीहरू, सफलताहरू र गौरवमय बलिदानहरुलाई अभिमान र आदरका साथ स्वीकार गर्दागर्दै पनि हाम्रो पार्टीले यसका गंभीर दोषहरूलाई औंल्याउन कहिल्यै छुटाएको थिएन । हाम्रो पार्टी गठन भएको १९४८ को लगत्तैपछि हाम्रो पार्टीका संस्थापक महासचिव कमरेड शिवदास घोषले हाम्रो पार्टीको बंगाली मुखपत्र 'गणदावी'को सेप्टेम्बर १५, १९४८ को अंकमा प्रकाशित "कम्युनिष्ट खेमाको आत्मालोचना" भन्ने लेखमा तात्कालीन विश्व कम्युनिष्ट आन्दोलनबारे केही आलोचनात्मक

**क. स्तालिनका सबल र कमजोर पक्षहरु के के हुन् ?**





## सरकारी दमन र प्रतिरोधमा SUCI का कार्यकर्ताहरु संघर्षकै क्रममा भारतीय समाजवादी क्रान्तिको नक्सा खिच्दैंछन् !

टिप्पणी गर्नु भएको थियो ।

उहाँले टिप्पणी गर्नु भएको कुरा के थियो भने, विश्व कम्युनिष्ट आन्दोलन धेरै मात्रामा यान्त्रिक चिन्तन प्रक्रियाबाट प्रभावित थियो । उहाँले पहिल्याउनु भएको थियो- अन्ध विश्वास, जुन सोभियत संघ वा कोमिन्फर्म ( तात्कालीन विश्व कम्युनिष्ट संगठन) मा हावी छ, त्यसले यसलाई नोक्सानी पुऱ्याउनेछ ।

उहाँले के पनि औंल्याउनु भएको थियो भने- कम्युनिष्ट पार्टीको नेतृत्व पार्टीका संपूर्ण सदस्यहरूको बीच, नेता र आम कार्यकर्ताहरू बीच विचार-द्वन्द र विचार-अन्तर्क्रियाद्वारा मात्र विकास गरिनु पर्थ्यो । विश्व कम्युनिष्ट आन्दोलनका संपूर्ण विभिन्न अनुभवहरूबाट ज्ञानहरू छान्दै, एकीकृत गर्दै विकास गरिनु पर्थ्यो । तर, यसको उल्टो, धेरैजसो तात्कालीन कम्युनिष्ट पार्टीहरू भने यान्त्रिक केन्द्रिकरणको सजिलो बाटो रोजिरहेका थिए ।

कमरेड घोषले त्यतिखेरै औंल्याउनु भएको थियो- यदि निरन्तर रूपमा पर्याप्त होशियारी पुऱ्याउन सकिएन भने, कम्युनिष्ट आन्दोलनमा व्यवधान पुऱ्याउने अन्तिम घटना 'टिटो-काण्ड' मात्र हुनेछैन । उहाँले के सम्म चेतावनी दिनु भएको थियो भने, यदि गैर मार्क्सवादी यान्त्रिक दृष्टिकोणको यो समस्यालाई सही तवरले बेलैमा हल गरिएन भने, विश्वका जनताले समाजवादी देशहरू नै आपसमा खुल्ला भीडन्तमा, युद्धमा समेत उत्रेको नयाँ परिघटना देख्न पाउनेछन् ।

हाम्रो पार्टी नेतृत्वले जसरी यी बुँदाहरूको व्याख्या विश्लेषण पेश गरिरहेको थियो, त्यसले स्तालिन जीवित छँदैमा अरू कमजोरीहरूलाई पनि इंगित गरिरहेका थिए । ती कमजोरीहरू यस प्रकार थिए:

के व्याख्या गरिएको थियो भने- अन्ध र यान्त्रिक समर्थनले महान नेताहरूले समेत गल्ती गर्ने स्थिति जन्माईदिन्छ । एउटा नेतालाई अन्धाधुन्ध समर्थन गर्नुको भित्री तात्पर्य के हो भने, जवसम्म नेता ठीक हुन्छ, पार्टी पनि ठीक हुन्छ, जब नेताले गल्ती गर्छ, पार्टीले पनि गल्ती गर्न थाल्छ ।


यसको अर्थ के हो भने, जब पार्टीभित्र विचारद्वन्द र विचार अन्तर्क्रियाको अभाव हुन्छ, त्यतिखेर नेतृत्वदायी अंगका सहकर्मीहरूले समेत पार्टीभित्र जारी रहनु पर्ने द्वन्दात्मक संघर्षलाई सुनिश्चित गर्ने भूमिका एकदमै कम मात्र खेल्न सक्छन् । स्वभावतः आन्दोलनको संगठन र विचारधाराको मामलामा पार्टीले यदि यान्त्रिक केन्द्रिकरणको प्रक्रिया अप्नाउँछ भने, त्यतिखेर विचारधारात्मक केन्द्रियताले एकातिर प्राधिकारबादलाई जन्माउनेछ, अर्कोतिर, नोकरशाही केन्द्रियताले माथि टप्पुमा नोकरशाही नेतृत्वको निर्माण गर्नेछ ।


हाम्रो पार्टीको नेतृत्वले के पनि औंल्याएको थियो भने, स्तालीनको नेतृत्व कालमा प्राधिकारको अवधारणालाई प्राधिकरवादको अवधारणासित गंजागोल गरिएको थियो । अझ प्रष्टतापूर्वक भन्ने हो भने, विवादास्पद मुद्दाहरुलाई विभिन्न कम्युनिष्ट पार्टीका बन्द सेसनको बैठकका चार दिवारीभित्र सीमित पार्ने प्रचलन त्यतिखेर थियो । हरेक कुरा भित्रभित्रै चूपचाप गर्ने नीति त्यतिखेर थियो । विभिन्न कम्युनिष्ट पार्टीहरुबीच आपसी सम्बन्धका बारेमा सही समझदारी नहुनुका पछाडि यी प्रचलन र नीतिहरु कम जिम्मेवार थिएनन् । यसले पैदा गरेको दुःखान्त के हो भने, स्तालीनले नेतृत्व गरेको अन्तर्राष्ट्रिय कम्युनिष्ट नेतृत्व, यद्यपि यो कम्युनिष्ट आन्दोलनले सामना गर्नु परेका सबै प्रमुख मुद्दाहरुमा आधारभूत रुपमा सही थियो । तथापि यो औपचारिक चिन्तन प्रक्रियाबाट मुक्त थिएन । नेतृत्वले के पनि देखाएको थियो भने, उपनिवेश र अर्ध उपनिवेशहरुको कम्युनिष्ट आन्दोलनले निर्विवाद रुपमा संगठनको हिसाबले त विकास गरेको थियो । तर यो विकासले के प्रमाणित गर्दैनथ्यो भने- कम्युनिष्ट आन्दोलनको सांगठनिक विकासकै हाराहारीमा कम्युनिष्टहरुको विचारधारात्मक चेतनास्तर पनि त्यही अनुपातमा विकसित भइरहेको थियो ।


यी सबका बाबजूद यो याद गर्नु जरुरी छ कि- हाम्रो पार्टीले स्तालीनलाई उदाहरणीय साम्यवादी चरित्र भएका महान कम्युनिष्ट नेता मानेको थियो । उहाँका गुणहरु दोषहरुका भन्दा धेरै गह्रौं थिए । खराबको तुलनामा उहाँका असल गुणहरु निकै भारी हुनाले उहाँ साँच्चै नै धेरै महान हुनुहुन्थ्यो । हाम्रो पार्टीको विचारमा उहाँका सम्पूर्ण श्रेष्ठताहरुको तुलनामा उहाँका दोषहरु नगण्य थिए ।


त्यत्ति मात्र होइन, हामी के पनि ठान्छौं भने- स्तालीनको लेनिनवाद सम्बन्धी बुझाइ मार्क्सवाद-लेनिनवादको सही बुझाइ हो । उहाँका अगुवाहरु मार्क्स, एंगेल्स, लेनिन जस्तै स्तालीन पनि मार्क्सवाद-लेनिनवादको अद्वितीय प्राधिकार हुनुहुन्थ्यो । ❑

१९९० मा पश्चिम बंगाल बाममोर्चा सरकारद्वारा SUCI का कार्यकर्ताहरुको जुलूसमा ३७ राउण्ड गोली प्रहार गरी १ जनाको हत्या, ३३ लाई घाइते पारियो !











*"वामपन्थी प्रधानमन्त्री र कालो बोकाको बली"- यो शीर्षकमा मूल्यांकनको अंक २६ मा मेरो एउटा लेख प्रकाशित भएको थियो । अंक २७ मा केही पाठकहरुले त्यसमाथि प्रतिक्रिया जनाउनु भएको रहेछ ।*

*मूल्यांकनमा मैले त्यो पढें । केही पाठकहरुले मेरो लेखमा अभिव्यक्त विचारसित सहमति जनाउनु भएको रहेछ । केहीले त्यो विचारसित असहमति जनाउँदै आलोचना गर्नु भएको रहेछ र केही आधारभूत प्रश्नहरु समेत उठाउनु भएको रहेछ । मलाई के लाग्यो भने, ती सवालहरु धेरै महत्वपूर्ण छन् र तिनीहरुमा सार्वजनिक वहस हुनु नितान्त जरुरी छ । त्यसैले, एक पटक फेरि, मूल्यांकनको मंच मार्फत् कम्युनिष्टहरुको धर्मप्रतिको दृष्टिकोणबारे पाठकहरुसित विचार अन्तर्क्रिया गर्न म उत्रिएको छु ।*

## पाठक प्रतिक्रियाको प्रत्युत्तर

# के कम्युनिष्टहरु धर्म मान्दछन् ?

विवेक प्रधान

*प्रश्न उठाउने एक जना पाठक हुनुहुन्छ- मीनप्रसाद भट्ट, पदमपुर चितवन र अर्का तार्कुघाटका आर. के. एस. रोविन ।*

*भाषा अलग अलग भएपनि दुबै पाठकहरुको आलोचनाको सार एउटै देखिन्छ । दुबैले मुख्य रुपमा यिनै सवाल उठाउनु भएको छ :*

*के कम्युनिष्ट हुँदैमा वर्षौंदेखि, परम्परादेखि चलिआएको धर्म संस्कृति मान्नु हुन्न र मान्न दिनु हुन्न भन्ने छ र ? कम्युनिष्टहरुले बली दिनु नहुने, होम गर्नु नहुने, विधवाले सेतो सारी लाउनु नहुने भन्ने छ र ?*

*कम्युनिष्टहरुले धर्म मानेनन् भने पार्टी संगठनमा आघात पुग्दैन र ? जनतामा कम्युनिष्टले धर्म मान्न दिदैनन् भनेर कम्युनिष्टहरुप्रति नैं वितृष्णा पैदा हुन्न र ?*

*धर्म निरपेक्षताको वकालत गर्ने पार्टी आफैंभित्र इच्छा लागेको धर्म मान्ने छुट दिनु पर्दैन ? धर्मलाई 'व्यक्तिगत मामिला' बनाइनु पर्दैन ?*

यी सवालहरु निकै महत्वपूर्ण छन् र यिनीहरुमा छलफल चल्नु निकै आवश्यक छ ।

खालि मीनप्रसादजी र रोविनजी मात्र होइन, यस्तै सवाल भएका मानिसहरु हाम्रो समाजमा अनेकौं छन् र कैयन त कम्युनिष्ट आन्दोलनभित्रै छन् । ती सबैंको लागि यो बहस उपयोगी र सार्थक हुनेछ भन्ने मलाई लाग्छ ।

---

**के** कम्युनिष्ट हुँदैमा वर्षौंदेखि, परम्परादेखि चलिआएको धर्म संस्कृति मान्नु हुन्न र मान्न दिनु हुन्न भन्ने छ र ?

कम्युनिष्टहरुले बली दिनु नहुने, होम गर्नु नहुने, विधवाले सेतो सारी लाउनु नहुने भन्ने छ र ?

कम्युनिष्टहरुले धर्म माननेन् भने पार्टी संगठनमा आघात पुग्दैन र ? जनतामा कम्युनिष्टले धर्म मान्न दिदैनन् भनेर कम्युनिष्टहरुप्रति नैं वितृष्णा पैदा हुन्न र ?

---

धर्मलाई "व्यक्तिगत मामिला" बनाइनु पर्छ भन्ने मीनप्रसादजीको भनाइमा म पूर्णतः सहमत छु । कम्युनिष्टहरुको यो विश्व प्रसिद्ध मान्यता हो कि- धर्मलाई व्यक्तिगत मामिला घोषित गरिनु पर्छ ।

धर्मलाई व्यक्तिगत मामिला घोषित गर्नु पर्छ भन्ने भनाइले कम्युनिष्टहरुको धर्मप्रतिको नीति र दृष्टिकोण प्रष्ट रुपमा अभिव्यक्त गर्छ । तर यो भनाइलाई सही तवरले बुझ्नु र व्याख्या गर्नु जरुरी छ, ता कि- यस सम्बन्धमा कुनै भ्रम नरहोस्, कुनै गलत समझदारी पैदा नहोस् ।

लेनिनले यो भनाइलाई आफ्नो 'समाजवाद र धर्म' भन्ने प्रसिद्ध लेखमा यसरी व्याख्या गर्नु भएको थियो:

**"हामी के माग गर्छौं भने, धर्मलाई व्यक्तिगत मामिला बनाइनु पर्छ, जहाँसम्म राज्यको सवाल छ । तर कुनै पनि हालतमा हामी यो ठान्दैनौं कि- हाम्रो पार्टीको सम्बन्धमा पनि धर्म व्यक्तिगत मामिला हो । धर्म राज्यको लागि कुनै सरोकारको विषय बन्नु हुँदैन र धार्मिक समाजहरुको सरकारी प्राधिकरणसित कुनै सम्बन्ध रहनु हुन्न । सबैजना आफूलाई**

मन लागेको धर्म मान्न अथवा कुनै पनि धर्म नमान्न याने- नास्तिक हुन, पूर्ण रुपमा स्वतन्त्र हुनुपर्छ, जुन नियमतः हरेक समाजवादी हुने गर्छन् । धार्मिक विश्वासको आधारमा नागरिकहरुमाथि भेदभाव गर्ने कुरा पूरै वर्जित हुनुपर्छ । सरकारी कागजातहरुमा नागरिकहरुले आफ्नो धर्म कुन हो भनेर उल्लेख गर्नु पर्ने नियम समेत निर्विवाद रुपमा हटाइनु पर्छ । स्थापना गरिएका चर्चहरुलाई राज्यले कुनै अनुदान दिनु हुन्न । न त चर्च सम्बन्धी र धार्मिक समाजहरुलाई नै राज्यले कुनै भत्ता सहयोग दिने प्रथा बाँकी राख्नु पर्छ । यी सबै समान सोच राख्ने नागरिकहरुको पूर्ण रुपले स्वतन्त्र संघसंस्था हुनु पर्छ, त्यस्तो संघसंस्था, जुन राज्यबाट स्वतन्त्र हुन्छ । ......चर्च र राज्यलाई पूर्ण रुपमा अलग्याइनु पर्छ, वर्तमान राज्य र वर्तमान चर्च सम्बन्धमा समाजवादी सर्वहाराहरुको माग नै यही हो ।

..... तर जहाँसम्म समाजवादी सर्वहारा वर्गको पार्टीको सवाल छ, त्यहाँ धर्म व्यक्तिगत मामिला होइन । हाम्रो पार्टी श्रमिक वर्गको मुक्तिको लागि वर्ग-सचेत र अगुवा योद्धाहरुको संगठन हो । यस्तो संगठन धार्मिक अन्धविश्वासको रुपमा प्रकट हुने वर्ग चेतनाको अभाव, अज्ञानता र असमझदारीप्रति बेसरोकार रहीरहन सक्दैन र त्यस्तो गर्न हुन्न पनि । हामी राज्य र चर्चको पूर्ण सम्बन्ध विच्छेदको माग गर्छौं, ता कि- हामी धार्मिक कुहिरोसित शुद्ध विचार-धारात्मक र खालि विचारधारात्मक हतियारहरुबाट लड्न सकौं । हाम्रो प्रेसको प्रचार र मौखिक प्रचारको सहाराले लड्न सकौं । त्यसैले हामीले श्रमिकहरुलाई धर्मले दिग्भ्रमित पार्ने सम्पूर्ण प्रयत्नहरु विरुद्ध संघर्ष गर्न नै हाम्रो संगठन- सामाजिक जनवादी पार्टी- स्थापना गर्‍यौं । हाम्रो लागि विचारधारात्मक संघर्ष कुनै व्यक्तिगत मामिला होइन, यो त सम्पूर्ण पार्टीको, सम्पूर्ण सर्वहारा वर्गको मामिला हो ।"

लेनिनको यो व्याख्याले धर्म सम्बन्धमा दुइटा महत्वपूर्ण सवाललाई प्रष्ट पारेका छन्: एउटा, कम्युनिष्टहरु जनतालाई परम्परादेखि चलिआएको धर्म मान्न दिदैनन् भन्ने कुरा सत्य होइन । कम्युनिष्टहरु राज्यले धर्म मान्ने वा नमान्ने मामिलामा नागरिकहरुलाई कुनै हस्तक्षेप गर्नु हुन्न, धर्म हरेक नागरिकको व्यक्तिगत मामिला हुनुपर्छ, र राज्य धर्मबाट पूरापूर अलगिनु पर्छ भन्ने धारणा राख्छन् । वास्तवमा, "धर्म निरपेक्ष राज्य" भनेकै यही हो ।



**कम्युनिष्ट नै किन हुने ? केका लागि कम्युनिष्ट पार्टी चाहिने ? अनि बली र होम नै किन गर्ने ? केका लागि गर्ने ?**

अर्को, कम्युनिष्टहरुको पार्टीमा वा पार्टीको लागि धर्म "व्यक्तिगत मामिला" बन्न सक्दैन, किनभने कम्युनिष्ट पार्टी भनेको सबैभन्दा वर्ग-सचेत श्रमिकहरुको संगठन हो । अज्ञानता र चेतनास्तरको अभावले नै मानिसहरु धर्मको सहारामा जान्छन् । दुःख र गरीवी झेलिरहेका, अन्याय र उत्पीडनमा परेका श्रमिकहरु अज्ञानता र न्यून चेतनास्तरले गर्दा आफ्नो दुःख र गरीवीको असली कारण पत्ता लगाउन सक्दैनन् । त्यसैले, दुःख झेल्ने उपायको रुपमा उनीहरु धर्मको शरणमा जान्छन् । अर्को जन्ममा स्वर्ग पाउने कल्पना गर्दै यो जन्ममा नरकको दुःख खप्छन् । सबैभन्दा वर्ग-सचेत नागरिक हुनाले कम्युनिष्टहरुले चाहिँ अर्को जन्मको स्वर्ग पुरोहित, पण्डित र चुसाहा फटाहाहरुलाई नै छोडिदिन्छन् । आफू यही जन्ममा स्वर्ग प्राप्त गरीछाड्न, वर्ग संघर्षको अगुवाई गर्छन् । उनीहरु दुःख झेल्न धर्मको सहारामा जाँदैनन् । सबैभन्दा वर्गसचेत श्रमिकहरुको, वर्ग-सचेत अगुवाहरुको पार्टीको नाताले, त्यसैले, कम्युनिष्ट पार्टी धर्मको मामिलामा राज्य झैं बेसरोकार रहन सक्दैन । यही हुनाले कम्युनिष्ट पार्टीको लागि धर्म "व्यक्तिगत मामिला" हुँदैन, हुन सक्दैन ।

कम्युनिष्ट पार्टीको मुख्य काम नै वर्ग संघर्षको प्रक्रियामा उत्पीडित आम जनता र श्रमिक वर्गको विचारधारात्मक स्तरलाई आफ्नो स्तरमा उकास्न मद्दत गर्नु हो । उनीहरुको स्तरमा आफू खस्नु होइन ।

यसको मुख्य काम नै तमाम उत्पीडित वर्ग र श्रमिक वर्गमा व्याप्त सबै प्रकारका अन्ध विश्वास र अवैज्ञानिक चिन्तन प्रक्रियालाई वर्ग संघर्षको प्रक्रियामा अन्त गर्न मद्दत गर्नु हो । आफैं धार्मिक अन्धविश्वास र अवैज्ञानिक चिन्तन प्रक्रियाको शिकार हुनु होइन । यस्तो विचारधारात्मक संघर्ष छेड्ने पार्टीको लागि धर्म "व्यक्तिगत मामिला" हुन सक्दैन । यो त सिङ्गो कम्युनिष्ट पार्टीका लागि आफ्नो मामिला हो । यो त सबै वर्ग-सचेत श्रमिकहरुको मामिला हो ।

त्यसैले, मैले मेरो लेखमा "आम जनताको लागि धर्म र ईश्वर व्यक्तिगत मामिला हुन सक्छ, मान्नेहरु स्वेच्छाले मान्छन्, नमान्नेहरुलाई नमान्न र नास्तिकताको प्रचार गर्न पनि स्वतन्त्रता हुन्छ । तर कम्युनिष्ट पार्टीभित्र भने धर्म व्यक्तिगत मामिला हुन सक्दैन" भनेको हुँ ।

तर प्रश्न उठ्यो- कम्युनिष्ट हुँदैमा धर्म मान्नु हुन्न भन्ने छ र ? कम्युनिष्ट हुँदैमा बली दिनु हुन्न, होम गर्नु हुन्न भन्ने छ र ? के क. मनमोहन र प्रश्रितले पार्टी नै छोड्नु पर्ने हुन्छ त ?

मेरो प्रश्न चाहिँ के छ भने- कम्युनिष्ट नै किन हुने ? केका लागि कम्युनिष्ट पार्टी चाहिने ? अनि बली र होम नै किन गर्ने ? केका लागि गर्ने ?

समाजमा उत्पीडितहरु छन्, शोषितहरु छन् । तर उनीहरुसित वैज्ञानिक चिन्तन प्रक्रिया नहुनाले , उन्नत वर्ग चेतना-स्तर, साँस्कृतिक स्तर नहुनाले उनीहरु आफैं समाजको विकासको वैज्ञानिक नियमहरुमा आधारित भएर एकताबद्ध क्रान्तिकारी संघर्ष संचालन गर्न सकिरहेका छैनन् । तसर्थ, हजारौं वर्षदेखि लडेर पनि उनीहरु विजयी हुन सकिरहेका छैनन् । त्यसैले नै हो- बाटो देखाउने अगुवाको रुपमा कम्युनिष्ट पार्टी चाहिएको, वैज्ञानिक र क्रान्तिकारी सिद्धान्तले लैश भएको अगुवा पार्टी चाहिएको । अन्यथा कम्युनिष्ट पार्टीको आवश्यकता नै के ? कम्युनिष्ट हुनको मकसद के ? संसारमा सबका सब मानिस आलोचनात्मक चेतनाले लैश, वैज्ञानिक चिन्तन प्रक्रिया र संस्कृतिले लैश भएको स्थितिमा कम्युनिष्ट र कम्युनिष्ट पार्टीको जरुरत नै किन पर्छ र ?

संसारमा मानिसहरु ईश्वरलाई बली दिईरहेछन् वा होम गरिरहेछन्, किनकि- उनीहरु आफ्ना दुःख वा सुखको असली कारण थाहा पाइरहेका छैनन् । उनीहरु यसनिम्ति ईश्वरलाई कारण सम्झिरहेका छन् ।

मान्छे गरीव किन हुन्छन् ? खोलामा बाढी किन आउँछ ? आकाशबाट पानी किन बर्षन्छ ? भनेर यसको असली वैज्ञानिक कारण थाहा पाएको मानिसले गरीवी र बाढीको निम्ति ईश्वरलाई बली चढाइरहँदैन, न त पानीको निम्ति नै इन्द्रलाई खुसी पार्न होम गर्छ ।

त्यसैले, ईश्वरका नाममा बली र होम भनेका अज्ञानता र न्यून चेतनास्तरका परिणाम हुन् । प्रकृति र समाजको विकासको वैज्ञानिक नियम थाहा नपाएर प्रकृतिको शक्ति र समाजका चुसाहहरुको शक्तिसामुन्ने लाचार र भयभीत भएकाहरुले नै ईश्वर र धर्मको शरण लिने हुन् ।

तर कम्युनिष्ट पार्टीको स्थापना भनेको यही अज्ञानता र न्यून चेतनास्तरबाट पार पाउनको लागि हो । चुसिएका, थिचिएका, गरीवी र अभावले ग्रस्त श्रमिकहरुलाई, जनतालाई

**लेनिनको व्याख्याले प्रष्ट पारेका छन्: कम्युनिष्टहरु जनतालाई परम्परादेखि चलिआएको धर्म मान्न दिदैन भन्ने कुरा सत्य होइन ।**



उनीहरुको दुःखको असली कारण र यसबाट मुक्त हुने सही बाटो थाहा दिन नै यसको आवश्यकता परेको हो। उनीहरुमा प्रकृति र समाज विकासको वैज्ञानिक नियम थाहा दिनु नै यसको एउटा मूल ध्येय हो। वर्ग संघर्ष त खुदै श्रमिक वर्ग आफैंले संचालन गर्ने हो। उनीहरुको सही वर्ग दृष्टिकोण, संस्कृति र वर्ग चेतना संचार गर्नु नै यसको मुख्य काम हो।

अब आधारभूत प्रश्न के भने- त्यो पार्टी, जसले उत्पीडित आम जनता र श्रमिक वर्गमा प्रकति र समाज विकासको असली वैज्ञानिक कारण थाहा दिनु पर्ने हो, उन्नत वैज्ञानिक वर्ग दृष्टिकोण, संस्कृति र चेतना संचार गर्नु पर्ने हो, त्यो पार्टी आफैं न्यून चेतनास्तर र अवैज्ञानिक दृष्टिकोण र संस्कृतिले लैश भयो भने के गर्ने? त्यो पार्टी, जसले जनतामा व्याप्त तमाम अन्धविश्वास हटाउनु नेतृत्व गर्नु पर्ने हो, ऊ आफैं धार्मिक अन्धविश्वासले ग्रस्त भयो भने के गर्ने? के त्यसले जुन उद्देश्यका लागि पार्टी गठन भएको हो, त्यो उद्देश्य पूरा गर्न सक्ला?

यो प्रश्न नैतिकताको पनि हो, वचन र व्यवहारको सामञ्जस्यको पनि हो। विहान एउटा कम्युनिष्ट नेताले गरीबहरुको बस्तीमा, तिमीहरुको दुःखको असली कारण ईश्वर होइन, ईश्वर भन्ने कुरा छँदै छैन, यसको मूल कारण चुसाहाहरुको शोषण हो भनेर भाषण दिने, साँझ त्यही नेताले घरमा दुःख निवारणको लागि सत्य नारायणको पूजा लगाउने- यस्तो भयो भने, ती गरीबहरुमा के प्रभाव पर्ला? उनीहरु कुन सन्देश ग्रहण गर्लान्?

त्यसैले कम्युनिष्ट हुँदैमा धर्म किन नमान्ने, बली, होम किन नगर्ने भन्ने सवाल बेठीक छ। मुख्य सवाल त कम्युनिष्ट नै किन हुने? कम्युनिष्ट पार्टी नै किन गठन गर्ने?- भन्ने कुराको हो। मूल सवाल, जुन उद्देश्यको लागि कम्युनिष्ट पार्टी गठन गर्ने हो, त्यो उद्देश्य र जुन उद्देश्यको लागि बली होम दिने हो, त्यो काम एकआपसमा विपरीत छन कि छैनन्, एक आपसमा बाभ्छन् कि बाभ्दैनन्?- भन्ने कुराको हो।

एकै म्यानमा दुइटा तरवार अट्दैनन्। एकै समयमा, सबैभन्दा वर्ग-सचेत अगुवाको काम पनि गर्ने, त्यही समयमा सबैभन्दा कम सचेत मानिसले गर्ने काम पनि गर्ने, एकै समयमा सबैभन्दा वैज्ञानिक दृष्टिकोणको र संस्कृतिको वकालत पनि गर्ने, त्यही समयमा सबैभन्दा अवैज्ञानिक दृष्टिकोण र संस्कृति पनि अख्तियार गर्ने- यो कसरी संभव हुन्छ? यो कसरी नैतिकतापूर्ण काम हुन्छ? यहाँ वचन र व्यवहारको तालमेल कसरी हुन्छ?

के प्रष्ट हुनु जरुरी छ भने, कम्युनिष्टहरुको धर्मप्रति वाप- बैरी छ, पूर्वाग्रह छ, त्यसैले उनीहरु ईश्वर, धर्म मान्दैनन्,- यो कुरा होइन।


उनीहरु धार्मिक मानिसलाई घृणा गर्छन्,- कुरा यो पनि होइन।

कम्युनिष्टहरु कुनै पनि वैज्ञानिक रुपले पुष्टि नहुने कुरा मान्दैनन्, कुनै पनि कुरा आँखा चिम्लेर मान्दैनन्, त्यसैले उनीहरु धार्मिक अन्धविश्वासलाई मान्दैनन्, धर्महरुलाई मान्दैनन्। कम्युनिष्टहरुलाई धर्मको वास्तविक सामाजिक जरो थाहा छ, त्यसैले उनीहरु त्यसलाई स्वीकार्दैनन्।

तर आफूले नमान्दैमा उनीहरु जनतामाथि जबरजस्ती आफ्नो विश्वास लाद्दैनन्। धर्मसित अज्ञानताले ग्रस्त दुःखी जनताको भावना जोडिएको हुन्छ, यो कुरा कम्युनिष्टहरुलाई राम्ररी थाहा छ। त्यसैले, उनीहरु जबरजस्ती नास्तिकता लादेर जनताको धार्मिक भावनामा चोट पुऱ्याउदैनन्। उनीहरुलाई राम्ररी थाहा छ, धर्मको विरुद्ध राजनैतिक जेहाद छेडियो भने धर्मप्रतिको चाख अरु बढ्छ, यो ढल्दैन, यसले झन जरो गाड्छ। त्यसैले, धर्म मान्ने वा नमान्ने सवालमा उनीहरु दमन यन्त्र र शक्तिको प्रयोग कदापि गर्दैनन्। उनीहरु समाजमा वैज्ञानिक चिन्तन र संस्कृतिको लगातार र संयमतापूर्ण प्रचार गर्छन् मुखले, लिखित सामग्रीहरु र श्रव्य दृश्यको माध्यमबाट।

तर उनीहरुलाई के राम्ररी थाहा छ भने- श्रमिक वर्गले आफ्नै वर्ग-संघर्षको अनुभवबाट यहीं र अहिल्यै स्वर्ग स्थापना गर्न सकिन्छ भन्ने अनुभूति नगरेसम्म जतिसुकै पर्चा, पोष्टर, र भाषणको डंगुर लगाएपनि उनीहरुको धर्मप्रतिको विश्वास जरोमै खत्तम हुने छैन। कम्युनिष्टहरुको पद्धति धर्मको सामाजिक जरो नै अन्त्य गर्ने हुन्छ, हुनुपर्छ।

कार्ल मार्क्सले धर्मलाई जनताको अफिम भन्नु भएको थियो। उहाँले यस्तो किन भन्नु भयो? यसको अर्थ गहिरोमा बुझ्ने प्रयास गरिनु जरुरी छ। दुःखी र निराश मानिसहरु जब दुःख झेल्ने अर्को राम्रो बाटो पाउँदैनन्, उनीहरु अफीम वा गाँजा खान्छन्, रक्सी पिउँछन्। यो उनीहरुको दुःख र निराशा झेल्ने एउटा विधि हो। त्यस्तै दुःखी र पीडित मानिसहरु दुःख र पीडा झेल्ने अर्को कुनै बाटो नपाएपछि धर्मको सहारामा जान्छन्, धर्मले उनीहरुलाई अफीमको काम गर्छ, एक्कैछिन भएपनि उनीहरु आफ्नो दुःख र संसार बिर्सन्छन्, र शान्ति पाउँछन्। यस अर्थमा मार्क्सले धर्मलाई जनताको अफीम भन्नु भएको थियो।



**कार्ल मार्क्सले धर्मलाई "जनताको अफीम" भन्नु भएको थियो। उहाँले यस्तो किन भन्नु भयो?**

जब शोषित र उत्पीडितहरुले आफ्नो दुःखको असली सामाजिक कारण थाहा पाउँछन्, यो दुःखबाट मुक्त हुने उन्नत उपाय पनि आफ्नै वर्ग-संघर्षको अनुभवबाट थाहा पाउँछन्, धर्म जरोमै खत्तम हुन थाल्दछ, उनीहरु अब 'अफीम"को सहाराबाट क्षणिक शान्ति लिने बाटो रोज्दैनन्। तर तपाईले उनीहरुको 'अफीम' पनि खोस्नु भो, अर्को उन्नत विकल्प पनि दिनु भएन भने चाहिँ ठूलो सामाजिक गडबडी शुरु हुन्छ।

के त्यसो भए धार्मिक अन्ध विश्वास बाँकी नै भएका मानिसहरु कम्युनिष्ट पार्टीको सम्पर्क र सम्बन्धमा आउन सक्दैनन् त? के पुरोहितहरु कम्युनिष्ट हुन सक्दैनन् त? प्रश्न उठ्न संभव छ।

कम्युनिष्ट पार्टी वर्ग-संघर्षको साधन हो। वर्ग-संघर्षको प्रक्रियामा अनेकौं विचार र विश्वासका मानिसहरुसित कम्युनिष्ट पार्टीले सम्पर्कमा जानै पर्छ, सम्बन्ध राख्नै पर्छ। धार्मिक विश्वासका आधारमा श्रमिक वर्गमा विभाजन ल्याउने कार्य गर्नु मुर्खतापूर्ण काम हुन्छ। यसले वर्ग-संघर्षका शत्रुहरुलाई मात्र फाइदा पुऱ्याउँछ, शासक वर्गलाई मात्र फाइदा पुऱ्याउँछ। त्यसैले कम्युनिष्टहरुले धार्मिक अन्धविश्वास बाँकी नै भएका मानिसहरुसित पनि वर्ग-संघर्षको विकासको प्रक्रियामा सम्बन्ध र सम्पर्कमा रहेर काम गर्नु जरुरी छ।

तर कम्युनिष्ट पार्टी भनेको सशक्त र निरन्तर विचारधारात्मक र साँस्कृतिक आन्दोलनको स्रष्टा हो। त्यस्ता धार्मिक अन्धविश्वास बाँकी भएका मानिसहरुलाई वर्ग-संघर्षको अनुभवबाट र पार्टीको विचारधारात्मक-साँस्कृतिक आन्दोलनको माध्यमबाट प्रशिक्षित गर्ने र पार्टीको नजिक ल्याउने कार्य लगातार गरिनु पर्छ।

यी सबका बाबजूद कसैले पार्टीलाई धर्म प्रचारको मुख्य मंच नै बनाउन खोज्छ भने त्यस्तो मानिस पार्टी सम्बद्धताबाट निकालिन्छ, निकालिनु पर्छ। शिक्षाद्वारा उनीहरुलाई रुपान्तारित गर्नको लागि हामीले उनीहरुलाई पार्टीको सम्बन्धमा ल्याउने हो, उनीहरुको ढाँचामा पार्टीलाई बदल्नका लागि होइन।

जनताको धार्मिक भावनामा चोट पुऱ्याइयो भने, धर्मको आधारमा जनतामा विभाजन ल्याउने मूर्खता भयो भने, धर्मको विरुद्ध राजनैतिक जेहाद छेडियो भने- निश्चितै रुपमा यसले वर्ग-संघर्षमा नोक्सानी पुऱ्याउँछ र पार्टीको संगठन निकै खुम्चन्छ।

तर जनतामा धर्मलाई कम्युनिष्ट राज्यले "व्यक्तिको निजी मामिला" बनाउने नीतिको प्रचार गर्दा पार्टी संगठनमा आधात पुग्ने कुनै कारण म देख्दिनँ। यसले त कम्युनिष्ट पार्टी संगठनप्रति जनताको आस्था बढ्नेछ मात्र। त्यसमाथि, उनीहरुको हरेक वर्ग-संघर्षको नेतृत्व गर्ने कार्य गर्दा, आफ्नो धार्मिक विश्वास जथाभावी जनतामा नलादी उनीहरुको वर्ग-संघर्षकै अनुभवबाट उपयुक्त सार खिच्न सिकाउँदा जनतामा कम्युनिष्टहरुप्रति वितृष्णा कसरी पैदा हुन्छ? ❑

"नेपालमा भूमि समस्या अहिले पनि नेपाली जनताको प्रमुख समस्या हो । अहिले पनि ८१% जनताको मुख्य रोजीरोटी कृषि पेशाबाटै आउँछ । देशको राष्ट्रिय उत्पादनको ४२% अहिले पनि कृषि क्षेत्रबाटै प्राप्त हुन्छ । नेपालका उद्योगहरू मध्ये तीन चौथाईभन्दा पनि बेसी उद्योगहरू कृषिजन्य कच्चा पदार्थमै आधारित छन् । नेपालको अर्थतन्त्र अहिले पनि कृषि-प्रधान अर्थतन्त्र हो ।

अहिले अर्थतन्त्रको यही मुख्य क्षेत्रमा भूमिसुधार गर्ने प्रयत्न हुँदैछ- एमालेको सरकारबाट ।

यसको निम्ति आवश्यक विचार- स्पष्टता सरकारसित तम्तयार नहुनाले सरकारले एउटा "उच्च स्तरीय भूमिसुधार आयोग" गठन गरेको छ । त्यसले देशभरी राय संकलन गर्दैछ र विदेशका अनुभव पनि संगेट्दैछ । यो स्थितिमा, भूमिसुधार अहिले राष्ट्रिय वहसको विषय बनेको छ ।

विचार स्पष्टताको यही प्रक्रियालाई मजबूत पार्न मूल्यांकन मासिकले गत जेठ ६ गते यो विषयमा एउटा महत्वपूर्ण अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो, जसमा नेपालका विभिन्न विचारधाराका प्रमुख राजनेताहरू, भूमिविदहरू, अर्थविदहरू, समाजशास्त्री र कानूनविदहरू सरिक हुनु भएको थियो ।

यसैको पहिलो कडीको रूपमा गत अंकमा हामी नेपालका भूमि सम्बन्धी राजनैतिक अर्थशास्त्रका लेखक महेशचन्द्र रेग्मीका विचारहरू प्रस्तुत गरेका थियौं ।

यस पटक प्रसिद्ध वामपन्थी नेता क. मोहनविक्रम सिंहका विचारहरु प्रस्तुत गरिएका छन् । यस सम्बन्धी भू.पू. भूमिसुधार मंत्री तथा नेपाली कांग्रेसका नेता जगन्नाथ आचार्य र कृषिविज्ञ दीपेन्द्र क्षेत्रीका विचारका साथै प्रत्यक्ष- अन्तर्क्रिया कार्यक्रमको विस्तृत रिपोर्ट पनि यस पटक प्रस्तुत गर्ने हाम्रो योजना थियो । त्यसलाई हामी आगामी अंकमा पाठकसमक्ष ल्याउने छौं ।

- मूल्यांकन"

# नेपालमा भूमिसुधार केका लागि र कसरी गर्नुपर्छ ?

## प्रसिद्ध वामपन्थी नेता क. मोहनविक्रम सिंहको विचार

### भूमि-सुधार केका लागि ?

सर्वप्रथम हामीहरु भूमि-सुधारको आवश्यकता र महत्वबारे स्पष्ट हुनु पर्दछ ।

कुनै पनि देशको अर्थतन्त्रमा भूमि-सुधारको अत्यन्त महत्व हुन्छ । त्यो कुरा नेपाल जस्तो पिछडिऐको र कृषिप्रधान देशका लागि मात्र होइन, पश्चिमी विकसित देशहरुका लागि पनि सत्य हो । त्यहाँ जनसंख्याको अत्यधिक भाग गैर-कृषि क्षेत्रमा लागिरहेको हुन्छ । त्यसको अर्थ, भूमि र त्यसबाट हुने उत्पादनको कम महत्व हुन्छ भन्ने होइन । ती देशहरुमा पनि जमीनबाट हुने उत्पादनले राष्ट्रिय अर्थतन्त्रमा अत्यन्त महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । तर भूमिले राष्ट्रिय अर्थतन्त्रमा त्यस प्रकारको महत्वपूर्ण भूमिका खेल्नका लागि यो आवश्यक छ कि, कृषिको क्षेत्रमा उत्पादक जसले उत्पादनको विकासमा सिधा बाधा पुऱ्याउँदछन् । दोश्रो, जब स्वयं उत्पादनमा लागेका किसानहरुलाई त्यसबाट हुने बृद्धिबाट अधिकतम् लाभ पुग्ने ग्यारेन्टी हुन्छ, उत्पादनको बृद्धिको गति तीव्र हुन्छ । कृषिको क्षेत्रमा उत्पादनको बृद्धि उत्पादक शक्तिहरुको विकासमाथि निर्भर गर्दछ र मेहनतकश जनता उत्पादक शक्तिहरुको प्रमुख अंग हुन्छन् । त्यो अवस्थामा कृषि वा त्यसमा गरिने कुनै पनि बृद्धिको प्रश्नसित किसान वर्गको हितको प्रश्न कति गम्भीर रुपले जोडिएको छ ? भूमि-सुधारको उद्देश्य कृषि वा कृषि उत्पादनसित जोडिएका तिनै प्रश्न वा समस्याहरुको समाधान गर्नु हो र हुनपर्दछ । भूमि-सुधार सम्बन्धी कुनै नीति कहाँसम्म सही र उपयुक्त छ ? त्यो कुरा यसमाथि नै निर्भर हुन्छ र हुनुपर्दछ: त्यसले कहाँसम्म उक्त समस्याहरुको समाधान गर्ने क्षमता समाप्त गर्ने प्रश्नहरुमाथि विचार गर्नु पर्दछ ।

नेपालमा प्रथमतः धनी र मध्यम वर्गीय किसान-अर्थतन्त्रको पहिलेदेखि नै महत्वपूर्ण स्थान रह्यो । नेपालमा सामन्तवादको जे जति विकास भयो, भारत, चीन आदि जस्ता देशहरुको तुलनामा नेपालमा सामन्तवादको इतिहास र आधार अत्यन्त कमजोर छ । त्यो बाहेक गत केही दशकहरुदेखि सामन्ती शोषणले क्रमशः पूँजीवादी रुप लिंदै गइरहेको छ । नेपालका सन्दर्भमा त्यस प्रकारको पूँजीवादी विकास मुख्यतः औपनिवेशिक रुपमा देखापर्दै गइरहेको छ । तैपनि समग्र रुपमा आजको प्रधान आवश्यकता कृषिलाई सामन्ती शोषण र प्रभूत्वबाट मुक्त गर्नु नै हो । तर तात्कालीक दृष्टिले सामन्तवादका विरुद्धको संघर्षको प्रश्न प्रधान भएपनि औपनिवेशिक शोषण र प्रभूत्वले गम्भीर रुप लिंदै गइरेहेका छ र त्यसबारे देखाइने अलिकति पनि उपेक्षाबाट बहुसंख्यक किसानहरुको लागि मात्र होइन, सम्पूर्ण राष्ट्रिय अर्थतन्त्रका लागि नै गम्भीर र सांघातिक परिणाम हुन सक्दछ ।

शक्तिहरुको उच्च रुपमा विकास होस् ।

तर उत्पादक शक्तिहरुको विकास स्वंय कुनै स्वतन्त्र विषय होइन र त्यो प्रश्न अनिवार्य रुपले भूमिको व्यवस्थाको प्रश्नसित जोडिएको हुन्छ । कृषि उत्पादनको भूमि व्यवस्थासितको सम्बन्धको प्रकृति दोहोरो हुन्छ- प्रथम, कृषि उत्पादन बढाउनका लागि यस प्रकारको भूमि व्यवस्थाको निर्माण गर्नुपर्ने आवश्यकता हुन्छ, जसले अधिकतम् उत्पादन संभव बनाओस् । र दोश्रो, त्यस प्रकारको उत्पादनबाट उत्पादन कार्यमा लागेका मेहनतकश किसानहरुलाई अधिकतम् लाभ पुऱ्याओस् ।

उत्पादनमा अधिकतम् बृद्धि र त्यो उत्पादनबाट किसानहरुलाई अधिकतम लाभको प्रश्न दुइटा बेग्लाबेग्लै प्रश्नहरु जस्ता देखिए तापनि अन्ततः ती आपसमा घनिष्ठ रुपले सम्बन्धित प्रश्नहरु हुन् ।

पहिलो कुरा के हो भने, उत्पादनमा बृद्धिका लागि ती नियन्त्रणहरुबाट मुक्त हुनु आवश्यक छ,

> **पूँजीवादी अर्थशास्त्रीहरु त्यस प्रकारका भूमि-सुधारका पक्षमा नै हुन्छन् । त्यसैले उनीहरुले भूमि-सुधारको कुरा गर्दा उत्पादनमा बृद्धिको प्रश्नमाथि एकतर्फी रुपले बढी जोड दिन्छन्**

राख्दछ ।

आज हाम्रो देश अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ । त्यसकारण, भूमि व्यवस्था वा भूमि-सुधारबारे विचार गर्दा हामीले सर्वप्रथम कृषिको जमीनमाथिको सामन्ती र औपनिवेशिक स्वामित्व र शोषणलाई

गत कालमा हाम्रो देशमा भूमि-सुधारका कैयौं प्रयोगहरु भएका छन् । तर ती सबै भूमि-सुधारहरु मेहनतकश किसानवर्गका हितहरुबाट निर्देशित थिएनन् । र, तिनीहरु मुख्यतः सामन्तवर्गको स्वार्थलाई सुरक्षित गर्ने उद्देश्यले नै अभिप्रेरित थिए । आजको युगमा जमीनमा पूँजीवादीकरणबाट सामन्ती प्रणालीबाट भन्दा बढी लाभको सम्भावना बढेर गएको छ । त्यसले गर्दा स्वभावतः सामन्तहरुमा जमीनमा पूँजीवादीकरण गर्ने प्रवृत्ति बढ्दै गइरहेको छ । त्यसबाट एकातिर किसानहरुमाथिको अन्याय अत्याचारको बोझ केही कम हुन्छ र उनीहरुलाई हिजोको तुलनामा बढी लाभ र स्वतन्त्रता प्राप्त हुन्छ । अर्कातिर, कृषि उत्पादनमा पनि बृद्धि हुन्छ । तर त्योभन्दा महत्वपूर्ण कुरा के



फोटो: बालकृष्ण महर्जन

**भूमि-सुधारको प्रस्थान बिन्दू यो हुनु पर्दछ : जमीनमाथि जोत्नेको स्वामित्व । त्यसका लागि उत्पादनमा भाग नलिने वर्गहरुबाट जमीन खोसेर त्यो जमीन भूमिहीन किसानहरुमा वितरण गर्नु पर्दछ ।**

हुन्छ भने- सामन्ती शोषण नयाँ र परिवर्तित रुपमा कायम रहन्छ ।

त्यसैले पूँजीवादी अर्थशास्त्रीहरु त्यस प्रकारका भूमि-सुधारका पक्षमा नै हुन्छन् । त्यसैले उनीहरुले भूमि-सुधारको कुरा गर्दा उत्पादनमा बृद्धिको प्रश्नमाथि एकतर्फी रुपले बढी जोड दिन्छन् । तर त्यस प्रकारको कुरा गर्ने बेलामा उनीहरुको वास्तविक अभिप्राय यो हुन्छ- त्यसरी भएको बृद्धिमा भूमिमा मालिकहरुको नै मुख्य अधिकार हुनुपर्दछ ।

त्यस प्रकारको दृष्टिकोणको सबैभन्दा ठूलो दोष के हो भने- यस प्रकारको सोचाईले किसानहरुमाथिको शोषणलाई अरु तीब्र र गहन रुपमा बढाउन चाहन्छ । त्यसले गर्दा सामन्ती भूमि व्यवस्थाका तुलनामा उत्पादनमा केही बृद्धि भए तापनि जति उत्पादन बृद्धि सम्भव थियो, त्यो सम्भव हुन पाउँदैन । त्यसरी त्यस प्रकारको सोचाइले स्वयं उत्पादनमा बृद्धिको अवधारणालाई पनि पूरा गर्दैनन् ।

त्यसकारण, भूमि-सुधारको प्रस्थान बिन्दु यो हुनु पर्दछ: जमीनमाथि जोत्नेको स्वामित्व । त्यसका लागि उत्पादनमा भाग नलिने वर्गहरुबाट जमीन खोसेर त्यो जमीन भूमिहीन किसानहरुमा वितरण गर्नु पर्दछ । जब स्वयं जमीनमा काम गर्ने किसानहरु जमीनका मालिक हुन्छन् र उत्पादनबाट हुने बृद्धिबाट मुख्य रुपले उनीहरु लाभान्वित हुन्छन् भन्ने कुरामा उनीहरुलाई पूर्ण विश्वास हुन्छ, उत्पादनमा उनीहरुको जोश, जाँगर र सक्रियतामा गुणात्मक प्रकारले बृद्धि हुन्छ । जमीनमा काम नगर्ने वर्गहरुको हातबाट जमीन बिनाक्षतिपूर्ति खोसिनु पर्दछ । यदि धनीवर्गहरुबाट क्षतिपूर्ति दिएर जमीन खोसिन्छ वा किसानहरुलाई मूल्य तिरेर जमीन दिइन्छ भने, यथार्थमा त्यसको कुनै खास उपयोगिता हुन्न ।

जमीनमाथि मेहनत नगर्ने वर्गहरुको स्वामित्वको अन्त्य र जमीनमाथि मेहनतकश किसानवर्गको स्वामित्व महत्वपूर्ण कदमहरु हुन् । तर ती स्वयंमा पर्याप्त छैनन् । हाम्रो देशमा अहिले पनि जमीनमाथि आफ्नै स्वामित्व भएका किसानहरुको ठूलो संख्या छ । तर त्यसका बाबजूद, एकातिर कृषि पिछडिएको अवस्थामा छ भने, अर्कोतिर किसानहरुको अर्थिक अवस्था राम्रो छैन ।

आखिर त्यस्तो किन भइरहेको छ ?

त्यसका कैयौं कारणहरु छन् । जुन किसानहरुको जमीनमाथि आफ्नै स्वामित्व छ, यथार्थमा ती जग्गामाथिको उनीहरुको स्वामित्व भित्रभित्रै समाप्त हुँदै गइरहेको छ । अर्को शब्दमा, उनीहरुको गिर्दो आर्थिक अवस्था र ऋणको कारणले ती उनीहरुको स्वामित्व भएका जमीनमा सूदखोर, साहू, वा सामन्तहरुको स्वामित्व कायम हुँदै गइरहेको छ । यही प्रकारको सामाजिक परिपाटी कायम रहिरह्यो भने, आजका भूमिहीन वा सुकुम्वासी किसानहरु जमीनको मालिक बनेपनि त्यो खालि वाह्य र अस्थायी कुरा मात्र हुनेछ, र अन्तमा जमीन घुम्दैफिर्दै यिनै गैर-मेहनतकश वर्गहरुका हातमा पुग्नेछ ।

त्यसै गरेर आजको कृषिको पिछडिएको प्रणाली तथा जमीनमाथि सानो पैमानाको स्वामित्व पनि कृषिको विकासको लागि बाधा बनेर उभिएका छन् । त्यसकारण, भूमि-सुधारले ती प्रश्नहरुको समाधानका लागि पनि सही उपायहरु पत्ता लगाउने प्रयत्न गर्नु पर्दछ ।

जमीनमाथि मेहनतकश किसानहरुको स्वामित्व कायम भएपछि त्यो स्वामित्वलाई स्थायित्व प्रदान गर्नका लागि यस्तो सामाजिक वा राजनैतिक व्यवस्थाको आवश्यकता पर्दछ, जसले उनीहरुको त्यो स्वामित्वलाई सुरक्षित राखोस् ।

कृषिको पिछडिएको प्रणालीलाई बदल्नका लागि उत्पादन प्रणालीमा आधुनिकीकरण वा यान्त्रिकीकरणको आवश्यकता पर्दछ । तर प्रश्न यो हो- त्यो कार्य कसले सम्पन्न गर्दछ ?

पूँजीवादी देशहरुमा त्यो कार्य पूँजीपतिवर्गहरुद्वारा सम्पन्न हुन्छ । त्यसको फल यो हुन्छ कि त्यसबाट प्राप्त हुने लाभ पनि उनीहरुले नै उठाउँछन् र त्यसबाट किसानहरुलाई पुग्ने लाभ सीमान्त प्रकारको हुने मात्र होइन, कतिपय अवस्थामा त्यसबाट बहुसंख्यक किसानहरुको बर्बादी पनि हुन्छ । कतिपय देशहरुमा त्यो कार्य सरकारले पनि गर्दछ । तर सरकारको प्रतिक्रियावादी स्वरुप कायम रहँदासम्म सरकारका त्यस प्रकारका कार्यहरुबाट पनि सम्पन्न वर्गहरुले नै फाइदा उठाउँछन् । कृषिको वास्तविक विकासको लागि जमीनमा हुने खण्डीकरण रोकिनु पर्दछ र जमीनमाथिको सानो पैमानाको स्वामित्व ठूलो पैमानाको स्वामित्वमा बदल्नु पर्दछ । तर त्यो कार्य कसरी गर्ने ? त्यो प्रश्नले निर्णयात्मक महत्व राख्दछ ।

सामन्ती भूमि स्वामित्व पनि ठूलो पैमानाको भूमि स्वामित्व हो । तर त्यसको प्रकृति किसानविरोधी हुन्छ । त्यसबाट किसान वर्गलाई लाभ पुग्न सक्दैन । त्यसकारण, त्यसलाई अन्त्य गर्नुपर्ने आवश्यकता भयो । पूँजीवादले पनि जमीनमाथि ठूलो पैमानाको स्वामित्वमा जोड दिन्छ । तर त्यसको पनि किसानविरोधी प्रकृतिको कारणले जमीनमाथिको यस प्रकारको स्वामित्वले किसानहरुलाई कुनै खास लाभ पुराउन्न वा अझ बर्बादी नै ल्याउँछ । त्यसकारण, ठूलो पैमानाको स्वामित्वको आधारशीला जमीनमाथि मेहनतकश किसान वर्गको स्वामित्व नै हुनपर्दछ ।

जग्गाको वितरण र यसमाथि किसान वर्गको स्वामित्व जमीनमाथिको व्यक्तिगत स्वामित्वको सिद्धान्तमाथि नै आधारित हुन्छ । सामन्ती भूमि स्वामित्वको तुलनामा त्यो प्रगतिशील कार्य हो । त्यसले पहिलेको तुलनामा उत्पादनमा पनि बृद्धि हुन्छ र किसानहरुलाई पनि बढी लाभ प्राप्त हुन्छ । तर कृषिको वास्तविक विकास वा किसान वर्गको वास्तविक समुन्नतिका लागि ठूलो पैमानाको खेती आधारभूत शर्त हो । त्यो कार्य जमीनमाथि मेहनतकश वर्ग अर्थात् किसान वर्गको स्वामित्वमाथि आधारित हुनु पर्दछ । जमीनमाथिको किसान वर्गको स्वामित्वलाई आधार बनाउँदै ठूलो पैमानाको खेतीको विस्तार तथा सुदृढीकरणका लागि प्रयत्न गरिनु पर्दछ । यो कार्य समाजवादी आर्थिक सिद्धान्तको आधारमा नै सम्भव छ ।

आजको हाम्रो कृषिको विकासको एउटा गम्भीर समस्या जनसंख्याको तुलनामा जमीनको अत्यन्त कमी हो । आज विद्यमान जमीनको वितरणले पनि त्यो समस्यालाई पूर्ण रुपमा समाधान गर्न सक्दैन । त्यसका लागि कृषिभन्दा बाहिरको आर्थिक विकास, मूख्यत: औद्योगिक विकास आवश्यक पर्दछ । तर त्यो कार्य पनि वर्तमान सामाजिक ढाँचाभित्र सम्भव हुँदैन वा सम्भव भएपनि अत्यन्त सीमित रुपमा नैं हुन्छ । जब समाजका गैर-मेहनतकश वर्गहरुका साथमा जम्मा भएको विशाल धनराशी जफत गरेर त्यसलाई उद्योगको विकासमा लगानी गरिन्छ, अनि नै औद्योगिकीकरणको विकासमा तीब्रता आउँछ र गैर-कृषि आर्थिक आधार व्यापक र बलियो हुन्छ । निश्चय नै त्यसका लागि वर्तमान सामाजिक ढाँचामा आमूल परिवर्तन आवश्यक हुन्छ ।

विश्व स्तरमा र नेपालमा पनि भूमि-सुधारका क्षेत्रमा कैयौं प्रकारका

प्रयोग गरिएका छन् । त्यस प्रकारका भूमि-सुधारहरुलाई सामान्यतः दुई भागमा बाड्न सकिन्छ ।

प्रथम, मेहनतकश वर्गहरुका स्वार्थहरुद्वारा प्रेरित भूमि-सुधार । द्वितीय, गैर-मेहनतकश वर्गहरुको स्वार्थद्वारा प्रेरित कथित भूमि-सुधारहरु ।

दोश्रो प्रकारका भूमि-सुधारहरुले न वास्तविक अर्थमा जमीनमाथिको सामन्ती वा अर्ध औपनिवेशिक शोषण र प्रभूत्वलाई समाप्त गर्न सक्दछन्, न उत्पादक शक्तिहरुलाई पूर्ण रुपले स्वतन्त्र गराउन । त्यसप्रकारका भूमि-सुधारहरुद्वारा न उत्पादनमा अधिकतम विकास सम्भव हुन्छ, न किसानहरुको वास्तविक अर्थमा कल्याण हुन सक्दछ । त्यसकारण वास्तविक अर्थमा भूमि-सुधार भन्नाले हामीले किसानहरुका हितद्वारा अभिप्रेरित भूमि-सुधारहरुलाई नै लिनु र बुझ्नु पर्दछ ।

तर समस्या के छ भने, त्यसप्रकारका भूमि-सुधारहरु यस्तो राज्ययन्त्रका मातहतमा सम्भव छैन, जसमा प्रतिक्रियावादी वर्गहरुको स्वामित्व र नियन्त्रण हुन्छ । विश्वभरिको र स्वयं नेपालको पनि अनुभवबाट पनि त्यो कुरा राम्ररी प्रमाणित भएको छ । त्यो अवस्थामा वास्तविक अर्थमा भूमि-सुधारको कार्यान्वयनका लागि त्यस प्रकारको प्रतिक्रियावादी राज्ययन्त्रको विनाश गरेर त्यसको ठाउँमा स्वयं मेहनतकश जनताका हितहरुको प्रतिनिधित्व गर्ने राज्य यन्त्रको निर्माणको प्रश्नले निर्णयात्मक महत्व राख्दछ । त्यसका लागि हाम्रा अगाडि यी दुई वटा प्रश्नहरु आउँछन्: प्रथम, पुरानो प्रकारको राज्ययन्त्रलाई कसरी ध्वस्त गर्ने ? र, द्वितीय, नयाँ प्रकारको राज्ययन्त्र भनेको के हो र त्यो कसरी अस्तित्वमा आउन सक्दछ ?

बताइरहनु पर्ने आवश्यकता छैन कि- यी प्रश्नहरुको जवाफ खोज्नका लागि हामीले राजनीतिको क्षेत्रमा प्रवेश गर्नु पर्नेछ र त्यस सिलसिलामा सम्भवतः कैयौं राजनीतिक विवादहरुमा अल्झनु पर्नेछ । त्यसकारण, यहाँ म ती प्रश्नहरुबारे विस्तारमा नगइकन संक्षिप्तमा नै आफ्ना विचारहरु राख्ने प्रयत्न गर्नेछु ।

अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक स्वार्थहरुको प्रतिनिधित्व गर्ने प्रतिक्रियावादी राज्ययन्त्रलाई ध्वस्त गर्ने कार्य कुनै यस्तो राजनैतिक शक्तिले मात्र पूरा गर्न सक्दछ, जसले त्यस प्रकारका स्वार्थहरुका प्रतिनिधित्व गर्ने शक्तिहरुका विरुद्ध सम्झौताहीन र दृढ संघर्ष गर्ने इच्छा र क्षमता राख्दछ । त्यस प्रकारको शक्ति खालि कम्युनिष्ट पार्टी मात्र हुन सक्दछ, यस्तो कम्युनिष्ट पार्टी, जसले मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरुलाई दृढतापूर्वक पक्रन्छ । विश्वभरिको अनुभवले यो कुरा राम्ररी बताएको छ कि- कुनै पनि प्रतिक्रियावादी वर्गले आफ्ना स्वार्थहरुलाई स्वेच्छाले छाड्दैनन् । त्यसकारण लामो र कठीन वर्गसंघर्ष र सशस्त्र संघर्षद्वारा नै प्रतिक्रियावादी राज्ययन्त्रलाई ध्वस्त गर्नु सम्भव हुन्छ ।

कुनै प्रतिक्रियावादी राज्य-यन्त्रलाई एक पल्ट पराजित गरेर राज्ययन्त्रमा कब्जा जमाएर नयाँ प्रकारको राज्ययन्त्रको निर्माण गर्दैमा समस्याको समाधान हुँदैन । कुनै देशमा क्रान्तिकारी राज्ययन्त्रको निर्माण गरेर भूमि-सुधार लागू गरिसकेपछि पनि प्रतिक्रियावादी शक्तिहरुले त्यसलाई उल्टाउने प्रयत्न गर्दछन् । त्यसकारण, कुनै देशमा प्रतिक्रियावादी राज्ययन्त्रको विनाश भइसकेपछि वा भूमि-सुधार लागू भइसकेपछि पनि प्रतिक्रियावादी शक्तिहरुले त्यो सम्पूर्ण प्रक्रियालाई उल्टाउने प्रयत्न गर्दछन् ।

त्यसकारण, देशमा प्रतिक्रिया-वादी राज्ययन्त्रलाई ध्वस्त गर्नु र क्रान्तिकारी भूमि-सुधार लागू गर्नु मात्र पर्याप्त हुँदैन । तर त्यो सम्पूर्ण प्रक्रियालाई उल्टाउने प्रयत्न र षड्यन्त्रहरुका विरुद्ध पनि लगातार संघर्ष गर्नु अर्थात् लगातार वर्ग संघर्ष चलाउनु, पुनरुत्थानवादी वा प्रतिक्रान्तिकारी क्रियाकलापहरुमा नियन्त्रण गर्नुपर्ने आवश्यकता हुन्छ । यही स्थितिले प्रतिक्रियावादीहरुका विरुद्ध जनता वा क्रान्तिकारी शक्तिहरुको अधिनायकत्वको आवश्यकता पर्दछ । त्यसरी सशस्त्र क्रान्तिद्वारा प्रतिक्रियावादी राज्ययन्त्रको अन्त र त्यसका ठाउँमा जनताको अधिनायकत्व भूमि-सुधारका अनिवार्य शर्त हुन जान्छन् ।

यो कार्यपत्रमा भूमि-सुधारको सन्दर्भमा त्यस प्रकारका राजनैतिक पक्षहरुको चर्चा यस कारणले आवश्यक हुन गएको छ कि- वास्तवमा भूमि-सुधारको प्रश्न राज्ययन्त्रको प्रश्नसित घनिष्ठ रुपले जोडिएको छ । त्यसकारण, भूमि-सुधारबारे विचार गर्दा राज्ययन्त्रको प्रश्नलाई उठाउनु अनिवार्य हुन जान्छ । जसले यो प्रश्नलाई विशुद्ध आर्थिक प्रश्न ठान्दछन्, उनीहरुले पनि भूमि-सुधारको राज्ययन्त्रसितको सम्बन्धलाई अस्वीकार गर्दैनन्, तर भूमि-सुधारका सन्दर्भमा राज्ययन्त्र वा राजनीतिको चर्चा नगर्नुको पछाडि यथास्थिति अर्थात् वर्तमान राज्ययन्त्रलाई कायम नै राख्ने वा त्यसले प्रतिनिधित्व गरेका स्वार्थहरुका, वर्ग स्वार्थहरुका सीमाभित्र नै भूमि-सुधार गर्ने कुरा सोच्दछन् । तर जब हामीले वास्तविक रुपमा उत्पादक शक्तिहरुको अधिकतम् विकास तथा किसानहरुको अधिकतम् हितहरुलाई आधार बनाएर भूमि-सुधार गर्ने कुरा गर्दछौं, वर्तमान राज्ययन्त्र हाम्रा अगाडि बाधा बनेर उभिन पुग्दछ र त्यो अवस्थामा यथास्थितिमा परिवर्तन अर्थात्, विद्यमान प्रतिक्रियावादी राज्ययन्त्रलाई ध्वस्त गर्ने प्रश्नमाथि विचार गर्नु अनिवार्य हुन जान्छ र यहाँ हामीले त्यही गरेका छौं । ❑

नेबिको
माल्ट ग्लूकोज बिस्कुट


नेपाल गुणस्तर चिन्ह
NS:18
नेबिको प्राईभेट लिमिटेड

## अन्तर्क्रियाका सहभागी राजनेताहरु

क. शंभुराम श्रेष्ठ
क. रोहित
क. मोहनचन्द्र अधिकारी
डा. बाबुराम भट्टराई
क. चन्द्रदेव जोशी

*अन्तर्क्रिया कार्यक्रममा सबभन्दा पहिले इन्जिनियर विकास पाण्डेको कार्यपत्र "भारतलाई विजुली बेच्ने हो भने के हुनुपर्छ नेपालको नीति र योजना ?" वारे छलफल भयो। (यो कार्यपत्र मूल्याङ्कनको २७ औं अंकमा प्रकाशित भइसकेको छ।)*


*आफ्नो कार्यपत्रको सार विकास पाण्डेले प्रस्तुत गरिसकेपछि सर्वप्रथम विद्युत अर्थतन्त्र (Hydro-economy) का विज्ञ डा. गोविन्द नेपालले आफ्नो आलोचनात्मक टिप्पणी प्रस्तुत गर्नु भयो।*

### भारतले नेपालबाट विद्युत आयात नगरिकनै पनि वैकल्पिक व्यवस्था गर्न सकिन्छ

डा. गोविन्द नेपाल

"भारतलाई विजुली वेच्ने हो भने के हुनुपर्छ नेपालको नीति र योजना ?" शीर्षक कार्यपत्रमा नेपालको जलविद्युत क्षेत्रमा विशिष्ट योगदान गरिरहनु भएका जलविद्युत विकासविज्ञ विकास पाण्डेजीले तथ्य र तथ्याङ्कको आधारमा उपर्युक्त प्रयोजनको निम्ति जलविद्युत क्षेत्रमा नेपालले लिनुपर्ने नीति र गर्नुपर्ने योजनाको बारेमा स्पष्ट पार्नु भएको छ। दुवै देशको आन्तरिक उत्पादन क्षमता, विद्युत माग वृद्धिदर, लगानी क्षमता, प्रचलित विद्युत मूल्य स्थिति, विद्युत उत्पादन लागत आदिको तथ्याङ्कीय विश्लेषण गरी वहाँ के निष्कर्षमा पुग्नुभएको छ भने:

❑ नेपालले अहिले कायम गरेको मूल्यको एक तिहाई मूल्यमा विद्युत प्राधिकरणले विद्युत उत्पादन गर्न



# नेपालका राजनेताहरु र विषयविज्ञहरू एकै थलोमा !

भारतसंग नेपालको सम्बन्ध कस्तो हुनुपर्छ ?

यो सवाल नेपाल र नेपालीहरूको लागि निकै महत्वपूर्ण सवाल हो। यो यस कारणले निकै महत्वपूर्ण छ, किनभने, नेपाल भारत-परिवेष्टित मुलुक हो। नेपालको सबभन्दा बेसी आर्थिक कारोवार भारतैसित हुन्छ। नेपालको भारतसितै १५ करोडभन्दा धेरै र व्यापार सम्बन्ध भएका ४७ वटा देशहरु मध्ये सबैभन्दा बेसी अर्थात ४८% जति व्यापार घाटा छ।

भारत नैं एउटा मात्र देश हो, जोसित नेपालको मोहन शमशेर को पालाको नव-औपनिवेशिक चरित्रको असमान "शान्ति तथा मैत्री संन्धि" कायम छ। नेपालको खुला सीमाना भारतैसित छ र सबैभन्दा बेसी सांस्कृतिक संवन्ध पनि भारतैसंग।

त्यसैले, भारतसित नेपालको संवन्ध कस्तो हुन्छ, त्यसले नेपाल राष्ट्रलाई चौतर्फी हिसावले प्रभावित पार्छ।

यो परिप्रेक्ष्यमा, नेपालमा पहिलो वाम सरकार सत्तारूढ भएको वेला र त्यसको प्रधानमंत्रीको भारत भ्रमणाको सन्दर्भ पारेर मूल्यांकन मासिकले गएको चैत्र २५ गते एउटा महत्वपूर्ण विचार-अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो।

गताङ्कमा हामीले सो अन्तर्क्रिया कार्यक्रममा भारतसँगको व्यापार सम्बन्धबारे र १९५० को सन्धिबारे भएका विचार-अन्तर्क्रियाहरुको मात्र रिपोर्टिङ्ग गरेका थियौं। नेपालले भारतलाई विजुली वेच्न सक्ने हुन के हुनुपर्छ नेपालको नीति र योजना ? भन्ने खण्डको रिपोर्टिङ्ग यस अंकमा प्रस्तुत गरिएको छ। -मूल्यांकन

# जल-विद्युत भारतलाई बेच्न सक्ने हुन

# के हुनुपर्छ नेपालको नीति र योजना ?



'मूल्यांकन'को अन्तर्क्रिया कार्यक्रमको एक दृश्य

## अन्तर्क्रियाका सहभागी बुद्धिजीविहरू

डा. किशोरकुमार गुरूघराना
दीपेन्द्र क्षेत्री
दीपक ज्ञवाली
ओमबहादुर गुरूङ्ग
स्नेह सायमि
डा. गोपाल पोखरेल
डा. गोविन्द नेपाल
विकास पाण्डे

सकेमा मात्र नेपालको विद्युतले भारतमा प्रतिस्पर्धा गर्न सक्छ।

❑ नेपाली जनताकै पैसा लगानी भएमा मात्र उत्पादित विद्युतको मूल्य वाहिरी बजारमा प्रतिस्पर्धा गर्न सक्ने हुन्छ र विद्युत विक्रीयोग्य हुन्छ।

❑ प्रचलित मुद्रा स्फीतिदर भन्दा १% बढी व्याज पाउने हिसाबले सरकारी ग्यारेन्टीमा "जलविद्युत विकास बण्ड" बेच्ने हो भने छरिएका लगानीकर्ताहरूलाई आकर्षित गर्न सकिने छ।

❑ जलविद्युत विकास योजना चरणवद्ध रुपमा हुनुपर्दछ र साना र मझौला परियोजनाहरुबाट शुरु गरी बेबाँध ठूला परियोजनाहरुलाई पार गर्दै ठूला बाँध बाँध्नु पर्ने योजनासम्म पुग्नु पर्छ। यो प्रक्रियाबाट आन्तरिक प्राविधिक क्षमताको विकास हुन्छ र उत्पादन लागत पनि कम हुन सक्छ।

❑ नेपालले भारतलाई विजुली वेच्दा पावर ग्रीडमै बेच्नु लाभदायक हुन्छ।

❑ भारतीय हितलाई अनुकूल प्रभाव पार्ने ठूला योजनाहरुमा भारतीय सहयोग खोज्नु आवश्यक हुनेछ।

विकास पाण्डेजीको उपर्युक्त विश्लेषणसंग सहमत हुने धेरै आधारहरू छन्, जसको लागि उहाँलाई धेरै धन्यवाद दिन चाहन्छु। यसो हुँदा हुँदै पनि केही जिज्ञासाहरु मेरो मनमा उब्जिएका छन्, जसलाई स्पष्ट अगाडि राख्नु पर्ने मैले महसूस गरेको छु।

**भारतलाई नेपालले विजुली बेच्ने हो भने:**

❑ भारतसंगको मैत्री सम्बन्धलाई सुदृढ गर्नु पर्ने हुन्छ। किनभने, नेपालको संभावित विद्युत निर्यात भारतको निम्ति अत्यन्त कम सावित हुनेहुनाले भारतले नेपालबाट विद्युत आयात नगरीकनै पनि वैकल्पिक व्यवस्था गर्न सक्ने देखिन्छ।

❑ नेपाली विद्युत उत्पादन लागत भारतीय विद्युत उत्पादन लागतको तुलनामा मात्र हैन, अन्य ऊर्जा लागतको तुलनामा पनि अपेक्षाकृत सस्तो हुनुपर्ने हुन्छ।

❑ भारतमा विकसित एकीकृत पावर ग्रीड सिस्टमले नेपालले आफ्ना छिमेकी भारतीय प्रान्तहरुको विद्युतमूल्य स्थिति हेरी बोर्गेनिङ्ग गर्ने आधार समाप्त गर्दैलानेछ भने अर्कोतर्फ केन्द्रीय सरकारको मोलतोल गर्ने क्षमतामा पनि अधिवृद्धि गर्नेछ। यस्तो स्थितिमा नेपालको ध्यान भारतको क्षेत्रीय आवश्यकता भन्दा बढी केन्द्रीय आवश्यकता अध्ययन गर्नेतर्फ जानुपर्ने हुन्छ।

❑ जहाँसम्म सानोदेखि ठूलोतर्फ जाने विकास-अवधारणाको सवाल छ, यसमा लचिलोपना अप्नाउनु पर्ने देखिन्छ। साना र मझौला योजनाहरूले पहिलो प्राथमिकता पाउनु हरेक दृष्टिले उपयुक्त भएता पनि, उपयुक्त परिस्थिति (cost effective) भएमा ठूला योजनाहरू छोड्नु हुँदैन भन्ने मलाई लाग्छ।

❑ ठूला परियोजनाहरूमा भारतीय संलग्नता जोखिम-विभाजनको निम्ति मात्र होइन, विद्युतको दीगो निर्यातको निम्ति पनि आवश्यक देखिन्छ।

❑ नेपालको विजुली खपत क्षमतामा पनि वृद्धि गर्दै लैजानु पर्दछ र व्यापार दुर्घटनाको स्थितिलाई पनि केही समयमै सामान्यीकरण गर्न सकिने आधार सिर्जना गर्दै जानुपर्ने देखिन्छ।

❑ जलविद्युत विकास वण्ड मार्फत संकलन गरिएको रकमको लगानी उत्पादक क्षेत्रमा गरिनुपर्दछ।

❑ हामीले शिक्षालाई जसरी व्यवसायमुखी बनाउनु परेको छ, विद्युतलाई पनि त्यसैगरी उत्पादनमुखी बनाउनु परेको छ। यसको निम्ति विद्युत विकास र आर्थिक विकासलाई अन्तर्सम्बन्धित् गरी विद्युत उपभोग जनताको निम्ति भार होइन, आय र रोजगारको स्रोतको रुपमा परिणत गर्नुपर्ने हुन्छ।

*त्यसपछि आलोचनात्मक टिप्पणी गर्ने पालो थियो- विद्युतविज्ञ दीपक ज्ञवालीको।*

## जलविद्युतको विगत पच्चीस वर्ष नेपालका 'गुमेका वर्षहरु' हुन्

### दीपक ज्ञवाली

यो कार्यपत्रमा प्रस्तुत विचारवारेको बहस आजभन्दा बीस वर्ष अगाडि नै हुनुपर्थ्यो, त्रिशुली योजनाको लगत्तैपछि र "हाइड्रो-डलर" र "सिगापुर"को सपना देख्नु भन्दाअघि।

कार्यपत्रका यी विचारहरुप्रति मेरो सम्मति र सहानुभूति छ।

एक मेघावाटको बीस करोड रुपियाँमा विजुली निकाल्ने भन्ने विद्युत प्राधिकरणको आगामी दश वर्षको योजना हाम्रो छिमेकी भारत र चीनको भन्दा तीन गुणा महँगो छ।

❑ प्राविधिक रूपले उत्पादन गर्न सम्भव नेपालको विद्युत क्षमता भारतीय विजुली बजारको मागको आकारको तुलनामा त्यति ठूलो छैन। यसको मतलव के हो भने, नेपालले आफ्नो विद्युत क्षमता विकास गरोस् वा नगरोस्, भारतले विजुलीको लागि अरु श्रोतहरु खोज्नु र विकास गर्नु पर्नेछ।

❑ प्रतिस्पर्धात्मक मोलमा

भारतीय बजारमा विजुली बेच्न हो भने नेपालले सर्वप्रथम अहिलेभन्दा एक तिहाई मूल्यमा विजुली निकाल्न सिक्नुपर्दछ ।

❑ नेपालले भारतीय बजारमा आफूलाई फाइदा हुने गरी विजुली बेच्न सक्ने हुनको लागि शुरुको चरणमा त्यसरी नै यो बजारबाट आफूलाई अलग गरेर आफ्नो क्षमता र सामर्थ्य नै विकास गर्नु पर्छ, जसरी शुरूको वर्षमा सानो विरूवालाई बार, तार लगाएर संरक्षित गर्दै विकास गरिन्छ ।

❑ नेपालको राजनीतिक अर्थतन्त्रका वास्तविकताहरूबाट नेपालको विद्युत शक्तिको विकास र त्यसको लागि चाहिने पूँजीको सवाललाई अलग गर्न सकिँदैन । नेपालको राजनीतिक अर्थतन्त्र उत्पादनशील लगानीका क्षेत्रमा पूँजी लगाउने सवालमा सकारात्मक हुन सकेको छैन । बरू यो शहरिया जमीन र घर घडेरी जोड्ने जस्तो 'दलाली भाडामुखी' लगानीमा बढी सकारात्मक छ ।


यो कार्यपत्रमा उल्लिखित यी कुरा बाहेक निम्न सवालमा पनि हाम्रो ध्यान जानु जरूरी देखेको छु :

❑ नेपालको पर्यटन क्षेत्रले प्रतिस्पर्धात्मक र उत्पादनशील लगानीका रूपमा विकास गऱ्यो, तर विद्युत क्षेत्र चाहिँ अहिलेसम्म र अहिले पनि दलाली भाडा खाएर मोटाउन खोज्ने (Rent Seeking) मानसिकताको शिकार भइरहेको छ । क्रान्तिकारी र प्रजातान्त्रिक छवि भएका पार्टीहरू पनि यो मानसिक ढाँचाबाट बाहिर निक्लन सकेका छैनन् वा त्यसो गर्न इच्छुक छैनन् ।

यो कुरा अरूण-तेस्रोको उदाहरणले प्रष्ट पारेको छ । दलाली भाडा खाएर मोटाउने मानसिकतबाट बाहिर निक्लन नसकेसम्म विकास पाण्डेले भन्नु भए जस्तो "नेपाल र भारतको सम्बन्धलाई क्षेत्रीय राजनीतिक दृष्टिकोणबाट भन्दा बढी व्यापारिक दृष्टिकोणबाट हेर्न" सकिने छैन ।

❑ जल विद्युत विकासको विगत पच्चीस वर्ष नेपालका "गुमेका वर्षहरू" हुन् । विकास पाण्डेले प्रस्तावित गर्नुभएको अलगावमुखी विद्युत विकासको पहिलो चरण त्यतिखेर प्रयोग गर्नु पर्थ्यो । दक्षिण कोरिया र थाइलैण्डले यही अवधिमा त्यो अभ्यास गरे । तर "महत अर्थतन्त्र" का पुरोहितहरू अहिले पनि नेपालमा राष्ट्रियताको दुहाई दिने तर्क गर्दैछन्, भारतीय सहायता विना पनि हामी ठूला विद्युत आयोजना बनाउन सक्छौं भन्ने देखाउन हामीले अरूण तेस्रो जस्ता ठूला आयोजनामा हात हाल्न जरूरी छ, यो विचार गलत छ । यस बाटोबाट हामी विगत पच्चीस वर्षको भूल सच्याउन सक्दैनौं ।

❑ नेपालमा हाम्रो सबैभन्दा ठूलो शत्रु "कोसेली विकास" को अवधारणा हो । यसअन्तर्गत विकासलाई बाहिरबाट कोसेलीको रूपमा आउने वस्तु भैं ठानिन्छ, भित्रैबाट अघि बढ्ने हुटहुटीका रूपमा ठानिन्न । आम रूपमा व्याप्त यी धारणाहरू "अरूण तेस्रो आउनेछ", "देशमा विकास आउनेछ" ले समाजको "कोसेली विकास" कै मानसिकतालाई अभिव्यक्त गर्छ ।



**दलाली भाँडा खाएर मोटाउन खोज्ने मानसिकताबाट क्रान्तिकारी र प्रजातान्त्रिक छवि भएका पार्टीहरु पनि बाहिर निक्लन सकेका छैनन् वा इच्छुक छैनन् !**

यो अवधारणाले यी प्रश्नहरू उठाउनबाट रोक्छः "विकास कसरी आउनेछ ? कसको लागि विकास आउनेछ ? कसको लागि विकास आउने छैन ? के अहिलकै रूप र आकार अरुण तेस्रो आयो भने नेपालको साँच्चै नै विकास हुनेछ ?

यही "कोसेली विकास" को मानसिकता हो, जसको कारणले यहाँ यो सोचिदैछ कि विगत तीन चार दशकमा हामीले गफ गरेको जस्तो भारतसित ठूला विद्युत आयोजना बनाउनेबारे संझौता गर्न सकियो भने, देशमा विकास आउनेछ ।

यो गैर जिम्मेवारीपूर्ण सपना हो, भ्रम हो ।

मूल प्रश्न संझौताको होइन, हामी भारतीय बजारमा विजुली विक्रीबाट फाइदा लिन सक्ने हुन कसरी, कुन प्रयत्नहरूद्वारा, कति हदसम्म तयार छौं र तयार हुन सक्छौं- को हो । मूल प्रश्न- हामी कुन ठाउँमा हुन चाहन्छौं- को हो, बजारले हामीबाट फाइदा उठाउने दवाबका लागि हामी कति तम्तयार छौं- को हो ।

❑ विजुलीको निर्यातलाई पानी भण्डार गरेर नदी नियन्त्रण गर्ने सवालबाट अलग्याउन सकिन्न । पानीको भण्डार गर्ने कार्य (Storage) बाट भारतलाई निकै धेरै फाइदा छ, यो फाइदा उसको लागि विजुलीका खरीदबाट हुने फाइदा भन्दा पनि बेसी छ । विकास पाण्डेले भन्नु भए जस्तो विद्युत उत्पादनको लागत एक तिहाई घटाउने बाटो एउटा हो ।

साथसाथै अपनाउन सकिने अर्को बाटो, भारतलाई (पानी भण्डारणको लागि) बाँध निर्माण गर्न दुई तिहाई खर्च बेहोर्न मञ्जुर गराउन खोज्ने बाटो हो ।

यसबाट भारतको सिंचाइ, बाढी नियन्त्रण र जहाज सञ्चालनको समस्या हल गर्न मद्दत पुग्नेछ । यदि प्रधानमन्त्री अधिकारीले, विगतका सरकारले जस्तो नगरीकन, यस बारेमा शुरु कदम चाल्न सक्नु भयो भने, यो एउटा प्रमुख यथार्थ हुन जानेछ । यसले नेपाली विजुलीलाई भारतीय बजारमा निकै प्रतिस्पर्धात्मक बनाउन मद्दत गर्नेछ ।

❑ के ध्यानमा राख्नु जरुरी छ भने, विदेशी लगानी देश भित्रकै निजी पूँजी सञ्चालनको एउटा सानो भाग मात्र हो । ठूलो भाग त देशको आफ्नै निजी पूँजी हो । यदि देशभित्रैको पूँजी विद्युत उत्पादनमा लगानी गर्न निरूत्साहित हुन्छ र ढुकुटी तथा जग्गा खरीदतिर प्रोत्साहित हुन्छ भने विदेशी पूँजीलाई हाम्रो देशमा लगानी गर्न त्यति विश्वास हुने छैन । विदेशी पूँजी र स्वदेशी पूँजीमा फरक खाली परिमाणको हो, गुणको होइन । विदेशी पूँजी दीर्घकालीन रूपमा लगानी गर्न उनीहरू जुन सुरक्षा खोज्छन्, त्यही सुरक्षा यहाँ वा बिदेशमा लगानी गर्न स्वदेशी पूँजीले पनि खोज्छन् ।

त्यसैले मुख्य कुरा हो- स्वदेशी पूँजीलाई विद्युत क्षेत्रमा लगानी गर्न कसरी अनुकूल र आकर्षक वातावरण विकास गर्ने ? यस्तो भयो भने, आवश्यकता पर्नासाथ त्यो पूँजीले स्वतः विदेशी पूँजीलाई नेपालमा लगानी गर्न तानेर ल्याउने छ । यसरी आएको विदेशी पूँजीका शर्तहरू अरु किसिमबाट आएको भन्दा नरम हुनेछन् । भारतीय पूँजीपनि यसको अपवाद होइन । प्रारंभिक चरणमा हाम्रै घर ठीक ठीक नभएसम्म विकासजीले भन्नु भए जस्तै भारतीय पूँजी १५ देखि २० प्रतिशत भन्दा बढी हुनुहुन्न ।

❑ हाम्रो समाजमा सस्तो विजुली चाहिन्छ भन्ने सामाजिक वाहक को ? र उनीहरु कति बलिया छन् यहाँ ?

सस्तो विजुली उद्यमशील मानिसहरु नै उत्पादन गर्न चाहन्छन् । तर हाम्रो देशका महाजनहरु उद्योगपति कम, व्यापारी बढी, उद्यमीहरु कम, कमीशन एजेण्टहरु बढी छन् । यो संरचना अहिले पनि ज्यूँ का त्यूँ छ । यो संरचनालाई पूरापूर परिवर्तन गरेर उद्यमीहरु र उद्यमशीलतालाई प्रोत्साहित गर्ने आर्थिक-राजनीतिक संरचना ल्याउने काम यहाँ अहिलेसम्म कसैबाट भएको छैन । त्यो नभएसम्म विद्युत क्षेत्रमा लगानी गर्ने कसले ? र भारतलाई हामीले विजुली वेच्ने कसरी ? यो सवलामा हाम्रो ध्यान जानु जरुरी छ भन्ने मलाई लाग्छ ।

*प्रमुख टिप्पणीकर्ताले टिप्पणी सकिसकेपछि अर्थविद, इतिहासविद र राजनेताहरुको टिप्पणी गर्ने पालो आयो । त्यस क्रममा अर्थशास्त्रीको हैसियतले टिप्पणी गर्दै डा. किशोरकुमार गुरुघरानाले भन्नु भयो-*

## हामीले विदेशी लगानी गर्ने निहूँमा रातो गलैंचा ओछ्यायौं

डा. किशोरकुमार गुरूघराना

❑ म यी कुराप्रति अलि निराशावादी छु। हामी नेपालमा ३० हजार मेघावाट विजुली निकालेर भारतलाई बेच्ने कुरा गर्दैछौं। यो ३० हजार मेघावटको कुरा मलाई नेपालको यति भूमि छ, त्यसमा फ्रान्सको उत्पादनशीलता जोडिए कस्तो होला भन्ने कुरा गरेजस्तो लाग्छ। हामीले अब के कुरा आर्थिक रुपले संभव छ, त्यो भन्दा, के कुरा राजनीतिक रुपले संभव छ, त्यो हेर्ने बेला आइसक्यो। यहाँका नेता, यहाँका जनता, यहाँको राजनीतिक संरचना, यहाँको जनताको संस्कृति हेर्दा के कुरा संभव छ ? त्यो हेर्न थाल्नु पर्‍यो हामीले। २००/३०० मेघावाट विजुली निकाल्न १० वर्ष खेर फाल्ने, बरु ऋणको व्याज वेफ्वाँकमा तिरेर बस्ने यहाँको राजनीतिक संरचनामा हामीले के गर्न संभव छ ? त्यो हेर्नु पर्‍यो हामीले !

❑ प्राज्ञ दीपक ज्ञवालीले नेपालमा Rent Seeking मानसिकता छ भन्नु भयो। त्यो प्रवृत्ति जवर्जस्त छ नेपालमा। त्यसलाई म नेपालीमा "दलाली भाडा खाएर मोटाउने प्रवृत्ति" भन्छु। दलाली भाडा खाएर मोटाउन खोज्नेले सस्तो विजुली निकाल्दैनन्।

त्यो निकाल्ने नाफाखोर उद्यमीहरुले मात्र हो। ('नाफाखोर'- यो शब्द अर्थशास्त्रमा खराव शब्द होइन) उद्यम गरेर, लागत कम गरेर, बजार कब्जा गरेर र ग्राहकलाई संतुष्ट पारेर मात्र उद्यमीहरुले मुनाफा निकाल्छन्।

त्यस्तो नाफाखोर उद्यमशीलता नेपालमा छँदै छैन। दलाली भाडा खाएर मोटाउन खोज्ने प्रवृत्तिले लागत कम गर्न खोज्दै खोज्दैन। न त उसले सक्षमता (efficiency) नै विकास गर्न खोज्छ। उसको सरोकार त कमीशन हो। त्यो चिनीमा पाइन्छ कि विजुलीमा, उसले त्यो मात्र हेर्छ।

**यहाँका नेता, यहाँका जनता, यहाँको राजनीतिक संरचना, यहाँको जनताको संस्कृति हेर्दा के कुरा संभव छ ? त्यो हेर्न थाल्नु पर्‍यो हामीले ।**

यो प्रवृत्ति र संस्कृति नेपालमा अहिले पनि विद्यमान छ। यो बदल्नु नै प्रमुख कुरा हो। यो बदलेर नाफाखोर (Profit seeking) 'उद्यमशीलतालाई प्रोत्साहित गर्ने वातावरण नबनाएसम्म नेपालमा सस्तो विजुली सपना मात्र हो।

❑ हामीले विदेशी लगानी आकर्षित गर्ने निहूँमा रातो गलैंचा ओछ्यायौं। त्यति मात्र होइन, 'हाम्रो जिउमा नै कुल्चेर आइज' भनेर समेत हामी लम्पसार परिदियौं। तथापि विदेशी लगानी आइरहेको छैन, किन ?

विदेशी लगानी त्यहीं मात्र आउँछ, जहाँ नाफाको संभावना हुन्छ, बजारको संभावना हुन्छ र थोर बहुत नीतिगत स्थिरता हुन्छ। जुन देशमा त्यही देशका पूँजीपतिहरु उद्योग र विद्युत क्षेत्रमा लगानी गर्न डराइरहेका छन्, बरु दलाली भाडा खाएर वस्नमा सुरक्षित ठानिरहेछन्, त्यो देशमा बाहिरका पूँजीपतिहरु किन लगानी गर्न आउँछन् ?

वास्तवमा सरकारले बोलाएर कुनै विदेशी पूँजी-पति कुनै मुलुकमा आउँदैन, त्यही देशको पूँजीपतिले बोलाएमा मात्र आउँछ। त्यसैले, सर्वप्रथम नेपालमा विद्युत क्षेत्रमा वा कुनै पनि क्षेत्रमा लगानी गर्न यहाँका पूँजीपतिहरु आकर्षित हुने वातावरण तयार गर्नु पर्‍यो। अनि मात्र विदेशी लगानी यहाँ आउनेछ। यो सवाल दीपक ज्ञवालीले राम्रो उठाउनु भयो। म यसैको समर्थन गर्न चाहन्छु।

❑ नेपालले अहिले भारतलाई विजुली वेच्ने हिसावले उत्पादन गर्नु संभव छैन। सन् २०१०-१५ सम्म हामीले आफ्नै क्षमता विकास गर्नु पर्छ, आफ्नै राष्ट्रिय आवश्यकता पूर्ति गर्ने र बढाउनेतर्फ केन्द्रित हुनुपर्छ, साना तथा मझौला योजनामा हात हालेर, भारतीय बजारबाट आफूलाई अलग्याएर, अहिलेभन्दा एक तिहाई मूल्यमा विजुली निकाल्न सिकेर।

अनि मात्र भारतलाई विजुली वेच्न सोच्नु पर्छ- इंजिनीयर विकास पाण्डेको यो भनाइसित म पूर्णतः सहमत छु। नेपालको लागि एक मात्र सर्वश्रेष्ठ वाटो यही हो। एक तिहाई मूल्यमा विजुली निकाल्नु सजिलो कुरा छैन। त्यो गर्न नसकुंजेल विकासमा हामीले ध्यान दिनु पर्छ।

*त्यसपछि अर्थविद तथा नेपाल राष्ट्र बैंकका अन्तर्राष्ट्रिय व्यापार विभागका प्रमुख दीपेन्द्र क्षेत्रीले आफ्नो निजी टिप्पणी यसरी पेश गर्नु भयो :*

## भारतलाई जलविद्युतभन्दा बाढी नियन्त्रण र सिंचाईका लागि पानी बेच्न सक्छौं


दीपेन्द्र क्षेत्री

❑ अक्सरतया हामी गृहकार्य नै गर्दैनौं र भारतमा भने निकै गृहकार्य हुने गर्छ। यही कारणले पनि विद्युतको मामलामा वा कुनै पनि मामलामा भारतसित मोलतोल गर्दा हामी तल पर्छौं। उनीहरुलाई हाम्रो यो कमजोरी राम्ररी थाहा छ। त्यसैले, उनीहरु हामीलाई तल पार्न कोशिस गरिहाल्छन्। हामीले जलस्रोतकै वारेमा पनि भारतसित मोलतोल गर्ने हो भने, राम्रो गृहकार्य गर्नै पर्छ।

❑ हामीले भारतलाई वेच्न सक्ने भनेको जल विद्युत भन्दा वेसी बाढी नियन्त्रण र सिंचाइका लागि पानी हो। उनीहरु यही मामलामा हामीभन्दा तल छन् र छटपटिरहेछन्। हाम्रो यसमा तुलनात्मक फाइदाको स्थिति छ। यसैलाई हामीले मोलतोलको विषय बनाउनु पर्छ।

ठूला ठूला बाँधमा भारतलाई दुई तिहाई खर्च हाल्न लगाएर त्यसबाट उसलाई सिंचाइका लागि पानी दिने र बाढी नियन्त्रण गर्ने र हामीलाई चाहिं विजुली प्राप्त हुने नीति लिइनु पर्छ। भारतलाई हाम्रो विजुली नभए पनि काम चल्छ। ऊसित यसका थुप्रै विकल्पहरु छन्। यो भनाइसित म सहमत छु। तर बाढी नियन्त्रण र सिंचाइ उसको ठूलो र तात्कालीक आवश्यकताको विषय हो। यसैलाई हाम्रो तागत बनाएर जलस्रोतलाई मुख्य लक्ष्य बनाएर हामीले हाम्रो मोलतोल क्षमता बढाउन खोज्नु पर्छ।

जलविद्युतको क्षेत्रमा पहिलो चरण, दोश्रो चरण र तेश्रो चरण गर्दै पहिले आफ्नै क्षमता विकास गर्ने, आफ्नै राष्ट्रिय आवश्यकता धान्ने र तेश्रो चरणमा मात्र भारतसित विजुलीको लागि बजार खोज्ने भन्ने विकास पाण्डेजीको



# तपाई विद्युतमन्त्री हुनु भएको भए के गर्नु हुन्थ्यो ?

प्रस्थापनासित म सहमत छु । आफ्नै क्षमता विकास नभएसम्म विदेशी लगानीमा ठूलो योजना आइहाल्यो भने पनि कुलेखानी र मर्स्याङ्दीमा जस्तै; न हामी त्यसलाई सुरक्षा दिन सक्नेछौं, न त्यसको संभार मर्मत नै हामी गर्न सक्छौं । त्यो डुब्यो भने, देशै डुब्ने स्थिति हुनेछ ।

*त्यसपछि टिप्पणी गर्ने पालो थियो- डा. पिताम्बर शर्माको, जो भूगोल र राजनीतिक-भूगोलका ज्ञाता हुनुहुन्छ ।*

## नेपालको अभाव- विद्युत विकास सम्बन्धी रणनीतिको हो

-डा. पिताम्बर शर्मा

डा. शर्माले टिप्पणी गर्नु भएन, तर विकास पाण्डे र दीपक ज्ञवालीलाई प्रश्न सोध्नु भयो- यदि तपाईहरु अहिले विद्युत मंत्री हुनु भयो भने, के गर्नु हुथ्यो ?

उहाँले भन्नु भयो- म विद्युतविज्ञ होइन, तर अर्थ-राजनीतिक हिसावबाट भन्ने हो भने, नेपालको अभाव विद्युत विकास संवन्धी रणनीतिको हो ।

## अहिलेको भन्दा एक तिहाई मूल्यमा बिजुली निकाल्न सकिन्छ

-विकास पाण्डे

❑ अहिलेको भन्दा एक तिहाई मूल्यमा विजुली निकाल्नु, यो कुनै असंभव कुरा होइन । यो फ्रान्सको उत्पादनशीलता र नेपालको भूमि जोडे कस्तो होला भने जस्तो कुरा होइन । नेपालमा हालको मूल्यभन्दा एक तिहाई मूल्यमा विद्युत उत्पादन भएको प्रत्यक्ष उदाहरण छ ।

स्यांग्जा जिल्लाको आँधी खोला योजना यसको सवुद हो । त्यहाँ हजार डलर प्रतिकिलोवाटको मूल्यभन्दा कममा विजुली उत्पादन भइरहेछ ।५ मेगावाटको त्यो योजनाले हाम्रो प्रणालीको ३% विजुलीको उत्पादन गरिरहेछ । त्यति सानो योजनाले वर्षको ४ करोड रुपैयाँ आम्दानी पनि गरेको छ । त्यस्तो हामी अन्यत्र किन गर्न सक्दैनौ ?

प्रचलितभन्दा एक तिहाई मूल्यमै बनेको योजना झिमरुक पनि हो ।

त्यो बाहेक ६२ मेगावाटको खिम्ती योजना पनि त्यही रेटमा वन्दैछ, मोदी खोला योजना पनि र भोटेकोशी पनि ।

त्यसैले, जो सुकै सरकारमा आए पनि एक तिहाई मूल्यमा व्यापारिक हिसावले विजुली उत्पादन गर्नु नेपालमा विल्कूलै संभव छ । यो कुनै कोरा कल्पना होइन ।

मुख्य कुरा, सरकारको एउटा स्पष्ट रणनीति हुनुपर्‍यो, एउटा यूनतम दरमा विजुली खरिद गर्ने ग्यारेण्टी हुनु पर्‍यो । आँधी खोलामा जस्तै ५ मेगावाटसम्मको योजना संचालन गरेर नीजी क्षेत्रले विजुली निकालिदियो भने सरकारले विद्युत प्राधिकरण मार्फत २.५० वा ३ रुपियाँ प्रतियूनिटमा संपूर्ण विजुली खरीद गरीदिन्छौं भन्ने नीतिगत सुनिश्चितता हुनुपर्‍यो । त्यो भयो भने अहिले भन्दा एक तिहाई मूल्यमा निजी क्षेत्रले पर्ता पर्ने ठाउँमा, पर्ता पर्ने हिसावले विजुली निकाल्न विल्कूलै संभव छ ।

विकेन्द्रीकरणको नीतिका आधारमा हामी हरेक जिल्लालाई ५ मेगावाटसम्मको विजुली निकाल्ने र त्यसको आम्दानी आफैंले सदुपयोग गर्ने अख्तियार दिन सक्छौं ? त्यो गर्नका लागि संपूर्ण पूर्वाधार नेपालमा छ- इंजीनियर छन्, ४० वटा जति कंपनीहरु छन्, धेरैजसो यन्त्र बनाउने ठाउँ पनि यहीं छ ।

त्यसैले सरकारले बाटो खोलिदिनु पर्‍यो, दुई चारवटा नीति बदलीदिनु पर्‍यो । ५ मेगावाटसम्मको लागि मात्रै विजुली किनीदिने बाटो सरकारले खोल्ने हो भने, अर्को वर्ष अधिकांश इंजिनियरहरु विद्युत क्षेत्रमा लागि सकेका हुनेछन् । यसमा सरकारले कुनै अनुदान दिनु पर्दैन । विद्युत एउटा व्यापारिक उत्पादन हुन सक्छ भन्ने धारणा मात्र सरकारले लिई दिनु पर्छ । विद्युत किनवेचको व्यापारिक दर मात्र तोकिदिनु पर्छ ।

*त्यसपछि साना उद्यमीहरुको प्रतिनिधि संस्था "साना तथा घरेलु उद्योग संघका उपाध्यक्ष स्नेह सायमिले आफ्नो टिप्पणी पेश गर्नु भयो ।*

## राजनीतिक प्रतिबद्धताको अभाव देखिएको छ

-स्नेह सायमि

❑ यहाँ विद्युत संबन्धमा राम्रा कुराहरु उठे । विद्युत उत्पादन बाहिर बेच्नु भन्दा पहिले हाम्रै राष्ट्रिय क्षमता अभिवृद्धि गर्नु पर्छ भन्ने धारणा सही हो । यहाँ उद्योगपति भन्दा व्यापारी हावी, उद्यमीभन्दा दलाल हावी भएको कुरा पनि सही हो । यो ढाँचा नै बदल्नु पर्छ ।

तर यी सब कुरा गर्न राजनीतिक प्रतिवद्धता चाहिन्छ । त्यही कुराको अभाव देखिएको छ । सरकारको राजनीतिक प्रतिवद्धता भयो भने बल्ल उद्यमीहरुको पनि प्रतिवद्धता पल्हाउँछ ।

## सरकारमा विचारप्रष्टता छैन

-ओमबहादुर गुरुङ्ग

**साना तथा घरेलु उद्योग संघका अध्यक्ष**

❑ हाम्रो मुलुकमा राष्ट्रिय उद्योग र उद्यमशीलतालाई कसरी प्राथमिकता दिने- यो सवालमा नै सरकारमा रहेकाहरुसंग विचार प्रष्टता छैन । यसैको असर विद्युत क्षेत्रमा पनि परेको छ । राष्ट्रिय उद्यमशीलतालाई प्राथमिकता दिन पनि त राजनीतिक प्रतिवद्धता नै चाहिन्छ । त्यसैको यहाँ अभाव छ । मेरो विचारमा, हाम्रै क्षमताले सकिने विद्युत पनि हामीले उत्पादन गर्नु पर्छ तर अरुण तेस्रो जस्तो वल्ल वल्ल आएको योजनालाई पनि हामीले छोड्नु हुन्न ।

*त्यसपछि टिप्पणी गर्ने पालो थियो- राजनेताहरुको ।*

*उपस्थित सबै राजनेताहरुले विकास पाण्डेको कार्यपत्रको मूल विचारमाथि सहमति जनाउनुभयो । साथसाथै, मुख्य रुपमा निम्न सवाल उठाउनु भयो-*

## सही विद्युत नीति हुन सही राजनीतिक नेतृत्व चाहिन्छ


-क. शंभुराम श्रेष्ठ

**नेपालमा कम्युनिष्ट लीगका नेता**

❑ विद्युत र राजनीति अलग अलग हुँदैन । यो अभिन्न रुपमा जोडिएको हुन्छ । सही विद्युत नीति हुन सही राजनीतिक नेतृत्व चाहिन्छ ।

❑ नेपालमा आफ्नै राष्ट्रिय आवश्यकता पूरा गर्ने विजुली छैन, भारतलाई बेच्ने कसरी ? यो सवाल बडो जायज छ । तर हाम्रो विडम्वना के हो भने, हामी सात साल यता नेपालमा विदेशमुखी सरकार मात्र पाइरहेका छौं, जनतामुखी र राष्ट्रमुखी सरकार भइरहेको छैन । एमाले नै हेर्नुहोस्, उसले बाहिर रहुँजेल अरुण तेस्रोको विरोध गर्‍यो, सत्तामा जानासाथ विदेशमुखी भएर अरुण तेश्रो चुपचाप स्वीकार्‍यो । यही विदेशमुखि प्रवृत्ति बदल्नु पर्‍यो, सवभन्दा पहिले ।

❑ सरकारले देशभरका विज्ञहरु, राजनेताहरु जम्मा गर्नु पर्‍यो र



अन्तर्क्रियाको एकं दृश्य

एउटा राष्ट्रिय विद्युत रणनीति विकास गर्नु पर्‍यो । अनि मात्र यो दिशामा सही काम हुन सक्छ ।

## एमालेको सरकारले पनि आफूलाई दलाल पूँजीपतिकै निर्देशनबाट परिचालित गराइरहेछ

क. नारायणमान विजुक्छे, रोहित

**अध्यक्ष, ने.म.कि.पा.**

❑ विकास पाण्डेको कार्यपत्रसित मेरो धारणाले मेल खाएको छ । पहिले आफ्नै खुट्टामा उभिनु पर्छ, हाम्रै राष्ट्रिय क्षमता विकास गर्नु पर्छ, सानोबाट ठूलोमा क्रमशः जानु पर्छ र राष्ट्रिय आवश्यकता पूरा गर्नु पर्छ भन्ने प्रस्थापनासित मेरो पूरापूर सहमति छ ।

यस्तो किन भएन त ? यसमा कमी देखिएको राजनैतिक प्रतिवद्धताकै हो । यहाँ दलाल र नोकरशाही पूँजीपतिहरु मिलेका छन् । यसैको मिलिभगतले देश पछि परेको हो । यहाँ हामीले औद्योगिक पूँजीपति वर्ग नै विकसित गर्न सकेनौं । हामीले यो स्थिति र प्रवृत्ति फेर्नु परेको छ ।

अहिलेकै प्रगतिशील भनिएको एमालेको सरकारले पनि आफूलाई दलाल पूँजीपतिकै निर्देशनबाट परिचालित गराइरहेछ, जस्तो- अरुण-तेश्रोमा । यो प्रवृत्ति बदल्नु पर्छ ।

## राज्यको ढाँचा नै बदल्नु पर्छ

-डा. बाबुराम भट्टराई

**तात्कालीन अध्यक्ष, हाल सल्लाहकार संयुक्त जनमोर्चा नेपाल (भूसाल समूह)**

❑ पहिले कार्यपत्रको शीर्षक हेर्दा हामी गलत तरीकाले छलफल गर्दछौ कि जस्तो लागेको थियो । तर पछि हामी जुन निष्कर्षमा आइपुगेका छौं, त्यो सही छ भन्ने मलाई लागेको छ । पहिले चरणवद्ध तथा सानोबाटै शुरु गर्नु पर्छ, राष्ट्रिय क्षमता विकास गर्ने कुराबाटै शुरु गर्नु पर्छ र देशकै आवश्यकतालाई प्राथमिकता दिनु पर्छ- यो आजको सर्वसम्मत निष्कर्ष हो ।

जहाँसम्म राष्ट्रको सवाल छ, हामी राजनीतिक भाषामा सामन्त दल ल नोकरशाही पूँजीपति वर्ग भन्छौं, त्यसैलाई तपाईहरुले Rent seeking class, Commission seeking class भन्नु भएको छ । सार दुवैको एउटै हो । राज्यको ढाँचा नै बदल्नु पर्छ भन्ने कुरा पनि यहाँ उठ्यो- त्यो सही छ भन्ने मलाई लाग्छ ।

## यसको समाधान पनि राजनीतिक तवरले खोज्नु पर्छ

-क. मोहनचन्द्र अधिकारी

❑ यहाँ विद्वान प्राविधिज्ञहरुले जुन विचार राख्नु भयो, त्यसमा म सहमत छु । यहाँ आज नबुझेको थुप्रै कुराहरु बुझ्ने अवसर पाइयो ।

❑ सबै कुराको समाधान राजनैतिक रूपमै खोजिनु पर्छ । विद्युत क्षेत्रमा दलाली भाडा खाएर मोटाउने प्रवृत्ति, राष्ट्रिय हित विपरीत अरुण तेस्रो जस्तो विश्व बैंकको दासत्व लाद्ने योजना ल्याउने प्रवृत्ति- यसको समाधान पनि राजनीतिक तवरले खोज्नु पर्छ । यो राजनीतिक सवाल हो ।

## यो अलि एकलकाँटे सोच भयो कि ?

-चन्द्रदेव जोशी

**प्रतिनिधि, नेकपा (प्रजातन्त्रवादी)**

❑ म विकास पाण्डेजीको धारणा भन्दा अलि भिन्न सोच राख्छु । उहाँले सानोबाट अधि बढेर तेस्रो चरणमा मात्र ठूलोमा हात हाल्ने धारणा राख्नु भो । यो अलि एकलकाँटे सोच भयो कि ? विद्युत विकास गर्दा कहिले मझौलामा हात हाल्नु पर्छ, कहिले सानो, कहिले ठूलो, सरल रेखामा निधो गर्न सकिन्न । सानो आयोजना फेल खाएको अनुभव पनि हामीसित छ । पाँच मेगावाटका योजनामै हात हाल्दा भरे हाम्रो आवश्यकता त्यसले धान्ला-नधान्ला, त्यो पनि समस्या छ । त्यसैले हाम्रो मूलभूत बूँदा भारतलाई कसरी विजुली बेच्ने,- त्यो होइन; हामीले हाम्रो जल-विद्युत विकास गर्ने नीति के हुनुपर्ने,- त्यो हुनुपर्छ । विद्युत उत्पादन हुन्छ भने, बजार खोज्नु स्वतः आवश्यक हुन जान्छ । कर्णालीमा हात हालिन्छ भने, वाहिरी बजार खोज्नु स्वतः जरुरी हुन्छ। ❑


# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चूहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*

प्राकृतिक रवर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रवर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता **चिराग फोम ई. प्रा. लि.,** वा. औ. क्षे., काठमाडौं, फोन नं. : २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.,** पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता **श्री राम रवर ई.,** वालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**

हामी नेपालीहरुमा दुइटा प्रवृत्ति आम रुपमा हावी भएको पाइन्छ : एउटा प्रवृत्ति हो- हरेक कुरा हचुवामा गर्ने, अर्को-हरेक कुरा एघारौं घण्टामा पुगेपछि मात्र गर्ने । यस्तो देखिन्छ, मानौं यी दुई प्रवृत्तिहरु हामी नेपालीका राष्ट्रिय रोगहरु हुन् ।

पहिले कुरा गरौं हचुवापनको ।

हामी राम्रा र विवकेशील छोराछोरीको अपेक्षा गर्छौं । तर हामीलाई छोराछोरीलाई राम्रो र विवकेशील पार्न समय लगानी गर्ने जरुरत नै महसूस हुँदैन । उनीहरु के पढीरहेछन्, कस्ता मानिसहरुसित संगत गरिरहेछन्, कस्ता सामाग्रीहरुबाट उनीहरु प्रभावित भइरहेछन्, केमा उनीहरुको रुचि यो हचुवापनले थुप्रै घर-परिवार-संस्थाहरु गर्ल्याम्म ढलेको हामी जताततै देख्न सक्छौं ।

अरु त अरु, हाम्रो मुलुकमा त देश सिंगै र सरकार आफैं हचुवामा चलिरहेको भेटिन्छ ।

- जलस्रोतको यति धनी मुलुकमा हामी बिजुलीको संकट व्यापक रुपमा भोगिरहेछौं । लोडसेडिङ हाम्रो. नियति भइरहेछ । आखिर किन त ? आजको विद्युत्को खडेरी असलमा हिजोको सरकारको हचुवापनको परिणाम सिवाय केही होइन ।

तर पनि हामी चेतिरहेका छैनौ । उत्ति नै पैसामा डबल छिटो, र डबल बिजुली निकाल्ने विकल्प हामीसित छ । तर आवश्यक गृहकार्य नै नगरी हामी किन देशै डुब्ने शर्तमा पनि अरुण तेस्रोमा हाम्फालिरहेछौं ? यो हाम्रो वर्तमान हचुवापनको टड्कारो उदाहरण हो, जसको नतिजा हामी १०/१५ वर्षपछि अरु गंभीर रुपमा भोग्नेछौं ।

पानीको यति धनी देशको राजधानीमा अहिले पानीको हाहाकार छ । यो हाहाकार किन घटित भइरहेछ ? के हामीसित पानीको स्रोत नै सिद्धिएको हो त ? त्यो त कदापि होइन । वास्तवमा हामीले अहिले हिजोको सरकार र व्यवस्थाको हचुवापनको नतिजा मात्र भोगिरहेका छौं ।

- खालि पानी र बिजुलीको सवालमा मात्र होइन, जीवन र विकासको कुनै पनि क्षेत्रमा हामी दूरदृष्टि राखेर गृहकार्य गरिरहेका छैनौं । हाम्रो देशको आफ्नै राष्ट्रिय क्षमता र विशेषता के हों ? कुन कुन कुरा हामी आफ्नै शक्ति, साधन र स्रोतहरुमा आधारित भएर कसरी आफैं विकास गर्न सक्छौं ? कुन कुन कुरा हामी सक्दैनौं र बाहिरी स्रोतमा भर पर्नुपर्छ ? हामीसित यसबारे कुनै पनि क्षेत्रमा दूरगामी र दीर्घकालीन रणनीति छैन । चाहे उद्योगको क्षेत्र होस् या कृषिको, चाहे व्यापारको क्षेत्र होस् या जनस्वास्थ्यको, चाहे शिक्षाको क्षेत्र होस् या जनसंस्कृतिको कुनै पनि फाँटमा सरकारसित नेपालको वास्तविकता र राष्ट्रिय क्षमतामा आधारित दीर्घकालीन रणनीति छैन, योजना छैन । सबै फाँटमा

# कसरी मुक्त हुने
# हचुवापन र एघारौं घण्टे कु-संस्कृतिबाट ?

सुशील कर्माचार्य



बढिरहेछ- त्यो बेलैमा जान्ने, थाहा पाउने प्रयत्न नै हुँदैन । हामी हचुवामा छोरोछोरीलाई उत्तिकै हुर्कनको निम्ति छोडिदिन्छौ । अनि आशा गर्छौं- उनीहरुमा असल गुणको । त्यो कसरी हुन सक्छ ? बारीको मूला त हचुवामा सप्रँदैन, त्यसलाई उचित स्याहार र मलजलको आवश्यकता पर्छ । मान्छे कसरी हचुवामा राम्रो भएर निस्कन्छ ?

❑ एकजना साथीले दैनिक पत्रिका निकाल्ने रहर गर्नु भो । मैले र अन्य साथीले उहाँलाई बेलैमा भन्यौं- पत्रिका निकाल्नुअघि आवश्यक गृहकार्य गर्नका लागि । कम भन्दा कम कति बिक्री पुऱ्याएमा आम्दानी-खर्च संतुलित हुन जान्छ, कति पुऱ्याएमा पत्रिका टिक्छ र नाफामा जान्छ- त्यत्तिको वस्तुगत लेखाजोखा गरी हेर्न हामीले संझायौं । तर उहाँ असाध्यै हतारिनु भयो । आवश्यक गृहकार्य नै नगरी हचुवामा ऋण सापटी गरेर पत्रिका निकाल्नु भयो । नभन्दै, दुई महीना पनि पुग्न पाएको थिएन, पत्रिका डुब्यो । एक डेढ लाख रुपियाँ उत्तिकै स्वाहा भयो ।

यही रीतले थुप्रै मान्छेहरु बर्वाद भएको हामी हाम्रै वरपर दिनहुँ देख्न सक्छौं । खालि नाकैमुनिको कुरा मात्र हेर्ने, दूर दृष्टि नराख्ने; तात्कालीन फाइदा मात्र हेर्ने, दीर्घकालीन र दिगो सोच नराख्ने - यही रोगको नाम हो- हचुवापन !

> “हामी हचुवामा छोरोछोरीलाई उत्तिकै हुर्कनको निम्ति छोडिदिन्छौं । अनि आशा गर्छौं- उनीहरुमा असल गुणको । त्यो कसरी हुन सक्छ ? बारीको मूला त हचुवामा सप्रँदैन, त्यसलाई उचित स्याहार र मलजलको आवश्यकता पर्छ । मान्छे कसरी हचुवामा राम्रो भएर निस्कन्छ ?”

सबै कुरा हचुवामा भइरहेछ । हचुवामा काम गर्ने प्रवृत्ति देशको लगाम समाउने सरकार आफैंमा छ्यास्छ्यास्ती हाबी छ ।

- नेपालको मुस्ताङ र जुम्लामा स्याउ फालाफाल छ तर हामी काश्मिरबाट स्याउ मगाएर खाइरहेछौं । हाम्रै देशको स्याउ हामीले देशको सबै भागमा कसरी पुऱ्याउने ? हामीसित कुनै रणनीतिक योजना छैन ।

- देशभित्र बाटै प्रशस्त तरकारी आपूर्ति गर्न सक्ने जग्गा हामी निकै छिटो घरघडेरीमा स्वाहा पार्दैछौं र भारतबाट तरकारी भिकाएर खाँदैछौं । सरकार हचुवामा चलिरहेको छैन भने उसले यो प्रक्रिया तुरुन्तै रोक्न सक्दैनथ्यो र ? बस्ती विकासको लागि कम उब्जाउ क्षेत्रतिर जनतालाई आकर्षित गर्ने काम उसले गर्न सक्दैनथ्यो ?

- नेपालको उद्योग र व्यापार सबैभन्दा ठूलो र मोटो खम्बा अहिले गलैंचा र गार्मेण्ट भइरहेछ । देशको ८०% निर्यात व्यापार यसैमा टिकेको छ, तर गलैंचा र गार्मेण्टको कोटा चाहिं केही देशको दयामा टिकेको छ । त्यो कुनै पनि बेला गर्ल्याम्म ढल्न सक्छ । त्यो ढल्नासाथ नेपालको सारा विदेश व्यापार र विदेशी मुद्राको मुख्य स्रोत नै ढल्छ । यति जोखिमपूर्ण औद्योगिक संरचना छ हाम्रो । के यो नेपालको सरकारको हचुवा

औद्योगिक नीतिकै प्रत्यक्ष परिणाम हैन र ? नत्र नेपालको सरकारले यति सजिलै नढल्ने आफ्नै राष्ट्रिय क्षमता जस्तो कि नेपालकै कृषिजन्य पदार्थ, पानी, ढुङ्गा, माटो आदिमा आधारित औद्योगिक संरचना किन बनाउन सक्दैन ? किन बनाउनतिर लाग्दैन ?

यी त खालि उदाहरण मात्रै हुन् । उदाहरण सैकडौं हुन सक्छन् । तर मूल आशय के हो भने नेपालको सरकार आफैं दूरदृष्टि राखेर चलिरहेको छैन । सरकार आफैं नाकैमुनिको फाइदामात्रै हेर्दैछ, दिगो र दीर्घकालीन सोच राखिरहेको छैन । जब देशको लगाम समाउने सारथी आफैं हचुवा हुन्छ, त्यो देशको भविष्य कस्तो हुन्छ ?

हामी देखिरहेछौं- यहाँ क्रान्तिकारी भनिएका पार्टीहरु आफैं हचुवामा चलिरहेछन् । सबै क्रान्तिकारी वाम पार्टीहरु एक से एक क्रान्तिको कुरा गरिरहेका छन् । तर सामाजिक जीवनको हरेक फाँटमा क्रान्ति गरेपछि गर्ने के ? कुनै पनि पार्टीसित वैचारिक स्पष्टता देखिन्न । यस्तो प्रतित हुन्छ, सत्ता हातमा साँच्चि नै आयो भने फसाद छ यहाँ । किनकि त्यसो भयो भने के गर्ने? कुनै पनि क्षेत्रमा देशको यथार्थ र राष्ट्रिय विशेषतामा आधारित क्रान्तिकारी वाम-विकल्प निकाल्न आवश्यक गृहकार्य गर्न सकिएकै छैन ! हालसम्म उधारो विचार र उधारो योजनाकै भरमा काम चलाइएको छ । हचुवामै अघि बढिएको छ ।

२०४८ सालको आम चुनावमा वामपन्थीको बहुमत आउन सक्ने प्रष्ट संभावना भएर पनि नआउनुको सन्दर्भमा एक चोटी झलनाथ खनालले भन्नु भएथ्यो- सरकारमा नआएको राम्रै भो, नत्र हामीसित सरकार चलाउने कसरी, त्यसको तम्तयारी नै थिएन । बिजोग हुन्थ्यो ।

मलाई यो भनाइ निकै सारगर्भित र घतलाग्दो लागेको थियो किनकि यसले हाम्रो वास्तविकतालाई निकै राम्ररी उदांगो पारेको थियो ।

स्थिति अहिले पनि त्यस्तै छ । अहिले देशमा एमालेको सरकार कुर्सीमा छ । तर किन उसले अहिले हरेक क्षेत्रमा आयोगै आयोग मात्र गठन गरिरहेछ ? सामाजिक जीवनको हरेक फाँटमा तुरुन्तै के गर्ने ? वैचारिक स्पष्टता उसित हुँदो हो भने ऊ के आयोगको टण्टा उठाएर बस्थ्यो ? अहिलेका आयोगहरु पहिलेको हचुवापनको परिणाम सिवाय केही होइनन् । देशको यथार्थ र राष्ट्रिय विशेषतामा आधारित भएर वाम विकल्प निकाल्न पहिले जरुरी गृहकार्य गरिएन । त्यसैले सरकारमा आएपछि हतार हतारमा अहिले त्यो गृहकार्य गर्नु परिरहेछ । पहिले हचुवामा सोचिएका कुराहरु अहिले कामै थाल्नु पर्दा मिलेजस्तो लाग्दैन ।

हचुवापनको यो समस्या फगत एमालेको मात्र होइन, सबै क्रान्तिकारी वाम पार्टीहरुको पनि यही समस्या हो । हचुवापन र वैचारिक अस्पष्टता सबैको



**यहाँ क्रान्तिकारी भनिएका पार्टीहरु आफैं हचुवामा चलिरहेछन् । सबै क्रान्तिकारी वाम पार्टीहरु एक से एक क्रान्तिको कुरा गरिरहेका छन् । तर सामाजिक जीवनको हरेक फाँटमा क्रान्ति गरेपछि गर्ने के ?**

साझा रोग हो । एमालेको सट्टा कुनै अर्को वाम पार्टी सरकारमा पुग्यो भने पनि, अहिलेकै हचुवापन यथावत् रहिरह्यो भने, उसको पनि त्यही हविगत हुनेवाला देखिन्छ, जुन एमालेको भइरहेछ ।

यसरी हचुवापन नेपालको राष्ट्रिय रोग भइरहेछ । माथिदेखि तलसम्म, नेतादेखि कार्यकर्तासम्म, सरकारदेखि जनतासम्म यो व्याप्त छ ।

यत्तिकै खतरनाक अर्को राष्ट्रिय रोगले पनि हामी ग्रस्त छौं, त्यो हो- समय रहुन्जेल काम नगर्ने, एघारौं घण्टामा पुगेपछि मात्र काम गर्ने हाम्रो प्रवृत्ति ।

❑ हामी अस्पतालमा रोग लाग्नासाथ विरामीलाई लान जरुरी ठान्दैनौं । रोगले चापेर सिकिस्त भएपछि मशानघाटमा लानुको सट्टा हामी बिरामीलाई अस्पताल लैजान्छौं ।

❑ सरकारी कार्यालय वर्षभरि सुतेर बस्छ । जब जेठ आउँछ, आर्थिक वर्ष सिद्धिने समय हुन्छ अनि शुरु हुन्छ- असाधारण सक्रियता । चौबीसै घण्टा, तीन शिफ्टमा काम गर्ने लर्को शुरु हुन्छ ।

❑ देशको एउटा शिक्षित नागरिक समय रहुंजेल घुमेर, गफ गरेर फिल्म हेरेर बिताउँछ । जब जाँच आउन एक महीना बाँकी हुन्छ, ऊ सुत्न समेत छाडेर पढ्न थाल्छ ।

❑ विदेशसित वार्तामा जान लागेको सरकारी प्रतिनिधि मण्डल वार्तामा आउन संभव प्रश्नहरुबारे बेलैमा आवश्यक गृहकार्य गर्दैन । जब अन्तिम समयले चाप्छ, इज्जतको सवालले प्रेरित भएर केही तयारी गर्छ । तर जब विपक्षसित उसले सामना गर्छ, त्यहाँ उठ्ने प्रश्नले उसलाई नाजवाफ पार्छ र ऊ "सौहार्द्रपूर्ण वार्ता भयो" भन्दै रित्तै हात फर्कन्छ ।

❑ क्रान्तिकारी पार्टीहरु आन्दोलनको गंभीर तयारीकाबारेमा एघारौं घण्टामा पुगेर मात्र छट्पटाउँछन् । र अन्तिम घडीमा पार्टीको इज्जत जोगाई दिनको लागि सडकमा जसरी पनि आउन सहयोगीहरुलाई आव्हान गर्छन् ।

यसरी एघारौं घण्टामा पुगेपछि मात्र काम गर्ने प्रवृत्ति पनि हाम्रो राष्ट्रिय रोग बनेको छ । सामान्य बेलामा हाम्रो कामको प्राथमिकता गडबडाउँछ । हामी महत्वपूर्ण समय गैर महत्वपूर्ण वा कम महत्वपूर्ण काम गरेर बिताइरहेका हुन्छौं । सारै महत्वपूर्ण र सारै जरुरी कुरा पछि छुटिरहेको हुन्छ, कम महत्वपूर्ण र कम जरुरी कुरामा हामी लागिरहेका हुन्छौं ।

यस्तो प्रतित हुन्छ, हामी अधिकांश कुरा बेहोशीमै गरिरहेका हुन्छौं । हाम्रो खुट्टा जता लाग्छ त्यहीं हामी हिंडिरहेका हुन्छौं ! अनायास लक्ष्यहीन भएर । तर जब समयले हाम्रो कान निमोठ्न थाल्छ, बल्ल हाम्रो होश जागृत हुन्छ । हामी अहम् महत्वपूर्ण काम त गर्न थाल्छौं तर त्यो थाल्न धेरै ढीलो भइसकेको हुन्छ । त्यसैले त हामी हतारोमा काम गर्छौं, तर फुर्सदमा पछुताएर बस्छौं । हाम्रो हचुवापन हाम्रो एघारौं घण्टामा मात्र काम गर्ने स्वभावसित घनिष्ट रुपले जोडिएको देखिन्छ ।

प्रश्न के उठ्छ भने, हामी किन हचुवामा काम गर्छौं ? किन हामी एघारौं घण्टामा पुगेर मात्र काम गर्छौं ?

यी दुवैको जरो हाम्रो सांस्कृतिक पछौटेपन र अवैज्ञानिक चिन्तन प्रक्रिया हो ।

हामी पछौटे अर्थतन्त्र भएको राष्ट्र हौं । त्यसैले सांस्कृतिक पछौटेपन र अवैज्ञानिक चिन्तन प्रक्रिया हुनु हाम्रो लागि अनौठो कुरा होइन । तर पछौटे अर्थतन्त्र भएको मुलुकका जनताले पनि बढी मिहीनेत गर्‍यो भने र आफ्नो कमजोरी महसूस गर्‍यो भने- सांस्कृतिक पछौटेपन र अवैज्ञानिक चिन्तन प्रक्रियाबाट मुक्त हुन सकिंदैन भन्ने छैन । सम्म मैदानमा भन्दा पहाडमा सडक बनाउन गाह्रो हुन्छ । तर पहाडमा सडकै बनाउन सकिन्न, यस्तो हुँदैन । निकै गाह्रो हुन्छ, मिहेनत धेरै गर्नुपर्छ, कुरा त्यति मात्र हो ।

हचुवामा हामी यस कारणले काम गर्छौं कि- हाम्रो काम गर्ने र चिन्तन गर्ने पद्धति वैज्ञानिक छैन । वैज्ञानिक चिन्तन-पद्धतिले त हामीलाई हरेक काम कुरा गर्नुअघि, खालि नाकैमुनिका कुरामात्र होइन, टाढा टाढासम्म हेर, चौतर्फी हेर, गहीरोमा हेर भनेर सिकाउँछ । विज्ञानले त हामीलाई कुनै पनि समस्यालाई टालटुल गरेर त्यो हल हुँदैन, जटिल मात्र बन्छ भनेर सिकाउँछ । समस्याको जरो गहीराइमा पत्ता लगाऊ, अनि मात्र समस्याको दिगो हल हुन्छ भनेर सिकाउँछ ।

वास्तवमा हचुवापन समस्याको

(बाँकी ४० पेजमा)

# के यो सरकार पनि मृत्युदण्डको कानून ज्यूँका त्यूँ राख्ने पक्षमा छ ?

-एल्भीस जोशी

२०४६ सालको जनआन्दोलन-पश्चात् परिवर्तित व्यवस्थाले ल्याएको मृत्युदण्डलाई प्रतिबन्धित गर्ने नेपाल अधिराज्यको संविधान-२०४७, २३ कार्तिक २०४७ सालदेखि लागू भएको हो ।

तर २०५० सालमा संशोधित मुलुकी ऐनको १० औं संशोधनको महल-२ अन्तर्गत दण्ड सजायको ५५, ५६ नम्बरमा लेखिएको छ-

**"मृत्युदण्ड दिने अन्तिम टुंगो लागी फैसला भएको मितिले साधारणतया एक महिनाभित्र सो फैसला बमोजिम मृत्युदण्ड पाउने मानिसलाई भुण्ड्याई वा गोली हानी मारिनुपर्छ । मृत्युदण्ड दिंदा मृत्युदण्ड पाउने मानिसलाई सम्बन्धित कारागारको हाकिमले श्री ५को सरकारबाट सामान्य वा विशेष अदालतद्वारा यस सम्बन्धमा कुनै निश्चित ठाउँ तोकिएकोमा सोही ठाउँमा र त्यस्तो ठाउँ नतोकिएकोमा कसैको सन्धि-सर्पन नपर्ने र गाउँ बाहिरको कुनै खोलाको बगर र फराक खाली ठाउँमा लगी झुण्ड्याई वा गोली हानी मार्दिनुपर्छ ।"**

स्मरणीय कुरा के हो भने, संविधानको भाग-३, धारा १२ (१) मा प्रत्याभूत गरिएको छ, "………र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।"

अनि संविधानको भाग १ मा प्रारम्भ अन्तर्गत धारा १ ले प्रत्याभूत गरेको छ, "यो संविधान नेपालको मूल कानून हो । यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुन्छ ।"

यसप्रकार प्रचलित संविधानबाट प्रत्याभूत अधिकारप्रति दृष्टि लगाउँदा मुलुकी ऐनको नवौं संशोधन २०४३ बाट व्यवस्था गरिएको मृत्युदण्डको प्रावधान एवं अन्य ऐन-कानूनमा व्यवस्थित मृत्युदण्डका प्रावधानहरु संविधानअनुसार समेत हटाउँदै लानुपर्नेमा हालै संशोधित मुलुकी ऐनमा समेत मृत्युदण्डको प्रावधान राख्नु संविधानको सरासर उल्लंघन हो । यो प्रजातन्त्रको मूल सिद्धान्त र मानव अधिकारको उल्लंघन हो ।

इतिहासको पाना पल्टाउने हो भने, २२ माघ २०३५ सालमा क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई सुनसरी जिल्लाको महेन्द्रनगर र कमला नदीको बगरमा मारेपछि श्री ५को सरकारले घोषित रुपमा अन्य मृत्युदण्डको सजाय गरेको छैन । र २०४२ सालको बमकाण्डमा बेपत्ता पारिएकाहरुलाई सरकारले अघोषित रुपमा मारेको व्यापक आशंका गरिएको छ ।

यसै परिप्रेक्ष्यमा विद्यमान मृत्युदण्डसम्बन्धी कानून संविधानको धारा ८८ (१) बमोजिम बाझिएकोले अमान्य र वदर घोषणा गरिनुपर्छ भन्ने मागसहित मानव अधिकार संरक्षण मञ्चका महासचिव कृष्णप्रसाद शिवाकोटीले ४५ औं मानवाधिकार दिवसको उपलक्ष्यमा ९ दिसेम्बर १९९३ मा सर्वोच्च अदालतमा रिट समेत दर्ता गरेका छन् । उक्त रिटअनुसार मृत्युदण्डको प्रावधान ज्यूँका त्यूँ भएका विद्यमान कानूनहरु, सैनिक ऐन-२०१६, राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन-२०४४, राज्य विरुद्धको अपराध र सजाय ऐन-२०४६ हुन् । उक्त रिटमा जिकीर गरिएको छ- "उपरोक्त ऐनहरुमा बाहेक पनि अन्यत्र मृत्युदण्डका शब्दहरुको अवशेष बाँकी नै हुन सक्दछ । ....... उपरोक्त ऐनहरुमा उल्लेख भएका बाहेक पनि कुनै मृत्युदण्डसम्बन्धी शब्दहरु छन् भने ती शब्दहरु पनि हट्नुपर्दछ भनी माग गर्दछु ।"

खोजी गर्न लागी पर्ने हो भने मुलुकी ऐनमै ज्यानसम्बन्धी महलमा पनि मृत्युदण्डको प्रावधान पाइन्छ । त्यस्तै प्रहरी ऐन २०१२ र ३ भदौ २०४२ सालदेखि ३ वर्षको लागि लागू गरेको र राजपत्रमा सूचना प्रकाशित गरी २ वर्ष थप अवधि बढाउन सकिने भनिएको विध्वंसात्मक अपराध ( विशेष नियन्त्रण तथा सजाय ) ऐन-२०४२ मा पनि मृत्युदण्डको प्रावधान उल्लिखित पाइन्छ ।

मृत्युदण्डको कानूनी प्रावधानको यो प्रसङ्गमा उल्लेखनीय कुरा के छ भने शिवाकोटीजीको रिटसम्बन्धी मुद्दामा सर्वोच्च अदालतलाई वैशाख २०५१ मा श्री ५को सरकार मन्त्रीपरिषद् सचिवालयले महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रस्तुत गरेको लिखित जवाफमा संविधानको धारा १२ (१) अनुसार मृत्युदण्डको व्यवस्था खारेज गरेको नदेखिने र धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश आकर्षित नभएको जिकीर गरिएको छ । तर, आश्चर्यजनक विरोधाभाष के छ भने, नेपालको सरकारले सन् १९९२ मा अर्थात् २०४९ सालमै संयुक्त राष्ट्रसंघमा बुझाएको प्रतिवेदनमा भने नेपालको "…..कुनै कानूनले मृत्युदण्डको प्रावधान नराखेको, संविधानले मृत्युदण्डको प्रावधान निर्मूल गरेको" कुरा उल्लेख गरेको छ ।

यो तत्कालीन कांग्रेस सरकारको कथित "प्रजातन्त्र प्रेम" र नैतिकताको स्तर उदांगो पार्ने निकै गंभीर उदाहरण हो । यता सर्वोच्च अदालतमा कांग्रेस सरकारद्वारा मृत्युदण्डकै पक्षमा जिकीर, उता विश्व मंचहरुमा त्यही सरकारद्वारा नेपालको नयाँ संविधानमा मृत्युदण्डको प्रावधान नै निर्मूल पारेको सगौरव दावी-नेपाली कांग्रेसको सरकारको यो द्वैध चरित्र उसको ढोंग र अनैतिकताको पराकाष्ठा हो । मृत्युदण्ड, प्रजातन्त्र र मानव अधिकारबारे नेपाली कांग्रेसको दृष्टिकोण के हो त्यो यहीं घटनाबाट मात्र पनि निकै छर्लङ्ग हुन्छ ।

यही परिप्रेक्ष्यमा २०५० सालमा कांग्रेसी शासनकालमा संशोधित भनी हालै प्रकाशित मुलुकी ऐनको दशौं संशोधन निकै अर्थपूर्ण छ । यसमा

**(बाँकी ४० पेजमा)**

## गत वर्ष दुईहजार तीनसय एकतीस जनालाई मृत्युदण्ड दिइयो

**लण्डन स्थित विश्व मानवाधिकारवादी संस्था एम्नेष्टी इण्टरनेशनलको रिपोर्टअनुसार गत वर्ष सन् १९९४ मा विश्वभरि २७ देशमा दुईहजार तीनसय एकतीस जना मानिसलाई मृत्युदण्ड दिइयो । र अन्य ७५ देशमा गरी चार हजार बत्तीस जनालाई मृत्युदण्डको सजाय घोषणा गरियो । एम्नेष्टीले ५४ वटा देशमा मृत्युदण्डको कानून पूर्णरुपमा उन्मूलन गरिएको, १५ वटा देशमा विशेष अवस्थामा मात्र मृत्युदण्ड दिने र २७ वटा देशमा मृत्युदण्डको प्रावधान रहे पनि गत १० वर्षदेखि यसको कार्यान्वयन नभएको कुरा जनाएको छ । उक्त रिपोर्टअनुसार नेपाल सामान्य अपराधको लागी मृत्युदण्ड उन्मूलन गर्ने देशको सूचीमा पर्दछ ।**



**प्रजातन्त्रको पुनः उदय पश्चात् कांग्रेस सरकार ढलेपछि नेपालमा मानव अधिकार आयोग गठन गर्ने, मानव अधिकारको स्थितिप्रति गर्व प्रकट गर्ने एमाले सरकारले यो मुलुकी ऐन संशोधनप्रति आफ्नो नीति र दृष्टिकोण अझै प्रष्ट पारेको छैन ।**

# आमा र बच्चाको सुस्वास्थ्यको लागि परिवार नियोजन

## २० वर्ष उमेर पुगेपछि मात्र छोरीको विवाह गरौं

किनकि,

- पढ्न पाई पारिवारिक जिम्मेवारी लिन सक्छिन् ।
- रोजगारीको लागि शिप बढाउन सक्छिन्, यसले गर्दा आम्दानी बढ्छ ।
- शारीरिक बृद्धि राम्रोसँग भईसकेको हुन्छ ।

## विवाहको केही वर्षपछि मात्र पहिलो बच्चा पाउनु पर्छ

किनकि,

- आमा र बच्चालाई गर्भावस्थामा हुने खतराबाट जोगाउन सकिन्छ ।
- सन्तान हुर्काउनका लागि आवश्यक पर्ने आर्थिक सम्पन्नतालाई दह्रो पार्न सकिन्छ ।
- लोग्ने र स्वास्नी बीचमा समझदारी बढाई भविष्यको योजना बनाउन सकिन्छ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र / UNFPA

# सर्वश्रेष्ठ DAEWOO COLOR TV

**CLEAR PICTURE**
**CLEAR SOUND**
**CLEAR** *CHOICE*




## DAEWOO
### HIGH TECHNOLOGY COLOR TV

- Only TV in Nepal with **SUPERVISION - S** technology to give you crystal clear picture.
- Multisystem
- 30' - months guarantee
- New Total Control (including auto search) remote control
- Woofer - type double speakers
- Automatic switch - off if no programme / telecast
- plus many more additional features.

Golchha Organisation

**Him Electronics P. Ltd.**

Classic

## कसरी मुक्त हुने.........

टालटुले हल निकाल्ने अवैज्ञानिक पद्धतिको नाम हो । जहिले पनि समस्याको गहीरोमा पुग्ने र जरो नै पत्ता लगाउने वैज्ञानिक पद्धति अप्नाउन थाल्ने हो भने, हचुवापन हामीबाट बिदा हुन शुरु गर्छ । यथार्थको गहीरोमा नपस्ने, समग्रतामा नपस्ने, एउटा अंश टिपेर खालि माथि माथि, सतह सतहमा मात्र दौडने अवैज्ञानिक पद्धतिको नाम हचुवापन हो । कुनै पनि सवालमा सर्वांगीण यथार्थ थाहा पाउने र यथार्थको गहीरोसम्म डुबुल्की मार्ने वैज्ञानिक पद्धति अप्नाउन थाल्ने हो भने- हचुवापनले हामीलाई बाईबाई गर्न थालिहाल्छ ।

हचुवापनको सांस्कृतिक पक्ष पनि छ । छिटो परिणाम खोज्ने, छिटो फल खोज्ने निम्न-पूँजीवादी अधैर्यताले हामीलाई हमेशा हचुवापनतिर डोऱ्याउँछ । चाँडो परिणाम खोज्ने, चाँडो फल खोज्ने निम्न-पूँजीवादी संस्कृतिले हामीलाई हचुवा हुन नै उत्प्रेरित गर्छ । हचुवापन पूँजीवादी संस्कृति समेत होइन । आफ्नो स्वार्थप्रति सचेष्ट पूँजीवादीहरु तात्कालीन फाइदाको कुरा मात्र हेर्दैनन्, समस्याको सतह सतहमा मात्र कुद्दैनन् । वर्ग स्वार्थकै कारणले उनीहरु दूरदृष्टि राख्छन्, दीर्घकालीन हित हेर्छन् । हचुवापन त पूँजीवादी संस्कृतिभन्दा पछौटे संस्कृति हो । यो निम्न-पूँजीवादी संस्कृति हो । त्यसैले हचुवापनबाट मुक्त हुने हो भने निम्न पूँजीवादी अधैर्यता विरुद्ध सांस्कृतिक संघर्ष गर्नुपर्ने हुन्छ ।

एघारौं घण्टे प्रवृत्ति पनि हाम्रो सांस्कृतिक समस्या हो । यो हाम्रो सांस्कृतिक पछौटेपनको उपज हो । निकै पछौटे किसान अर्थतन्त्रबाट आएका हामी नेपालीहरुको निम्ति कुन काम प्राथमिक, कुन काम गौण, कुन काम अति महत्वपूर्ण र जरुरी, कुन काम कम महत्वपूर्ण र कम जरुरी, बेलैमा राम्ररी छुट्टिनै गर्दैन । हाम्रो देशको स्तर निकै पातलो छ । हामी पहिले बेला रहँदै बेहोशीमा कम महत्वपूर्ण र कम जरुरी कुरा गरिरहेका हुन्छौं । तर जब समयले हामीलाई भित्तैसम्म अँचेट्छ, अनि हाम्रो होश खुल्छ ।

हरेक काम गर्दा प्राथमिकता क्रम छुट्याउने, पहिलो प्राथमिकताको काम पहिले गर्ने- यो शुरु गर्नासाथ एघारौं घण्टे कुसंस्कृति हामीबाट बिदा हुन थालिहाल्छ । सबै काम अति महत्वपूर्ण र अति जरुरी हुन्नन् । कुनै काम महत्वपूर्ण त हुन्छन्, तर अति जरुरी हुन्नन् । कुनै जरुरी त हुन्छन्, तर कम महत्वपूर्ण हुन्छन् । कुनै काम न त महत्वपूर्ण हुन्छन्, न जरुरी नै । यदि हामी अति महत्वपूर्ण र अति जरुरी मात्र पहिले कुरा गर्न थाल्छौं भने हामी एघारौं घण्टे प्रवृत्तिलाई कुचो लाएर बढार्न सक्छौं । ❑

## के यो सरकार पनि......

नेपालको संविधान- २०४६ को मृत्युदण्ड विरोधी प्रावधानलाई सरासर नाघेर फेरि दण्ड सजायको महलमा मृत्युदण्डको प्रावधान ज्यूँका त्यूँ राखिएको छ । यसमा देशको मूल कानून अर्थात् संविधानलाई कानूनले मिच्ने कार्य जानाजान गरिएको छ । यो घटनाले पनि नेपाली कांग्रेस प्रजातन्त्र र मानव अधिकारको सवालमा, मृत्युदण्डकै सवालमा, संविधान पालनाको सवालमा कुन छेउमा उभिएको छ; अरु उदांगो पारेको छ ।

ने.क.पा. (एमाले) को शासनकालमा प्रकाशित यो संशोधित मुलुकी ऐन मृत्युदण्डसम्बन्धी दफा कांग्रेसी कालमै तयार भएको कुरा यसको मितिले प्रष्ट्याउँछ । तर प्रजातन्त्रको पुनः उदय पश्चात् कांग्रेस सरकार ढलेपछि नेपालमा मानव अधिकार आयोग गठन गर्ने, मानव अधिकारको स्थितिप्रति गर्व प्रकट गर्ने एमाले सरकारले यो मुलुकी ऐन संशोधनप्रति आफ्नो नीति र दृष्टिकोण अझै प्रष्ट पारेको छैन ।

एमाले सरकार मानवाधिकारको वास्तविक हिमायती हो भने, उक्त संशोधित मुलुकी ऐनको उक्त मृत्युदण्डको प्रावधान र अन्य कानूनी प्रावधान संविधानको मूल भावना विपरीत हुने गरी बाझिने भएकाले तिनलाई पुनः संशोधन र खारेज गर्नेतिर वर्तमान सरकार लाग्नुपर्ने हो । तर सरकारमा आएको ६ महीना नाघिसक्यो, अहिलेसम्म त्यस्तो पाइला चालिएको कुनै समाचार छैन ।

तसर्थ लाग्दछ; "खोला तऱ्यो लौरो बिर्स्यो" भन्ने उक्ति नेपालमा मानवाधिकारको सन्दर्भमा "प्रजातन्त्रवादी र मानवाधिकारवादी" भनिएको कांग्रेसमा त लागू भयो नै, कतै यो एमालेको सरकारको सन्दर्भमा पनि लागू हुने त होइन ? प्रश्न उठाउने ठाउँ एमालेको सरकारले पनि पैदा गरेको छ ।

भनिन्छ, "जसले मरेको मान्छे जिउँदो पार्न सक्तैन, उसले अरुलाई मार्ने अधिकार पनि छैन ।" तसर्थ कसैलाई पनि मान्छे मार्ने अधिकार हुनुहुन्न र दिनु हुन्न पनि । यसमा एमाले सरकारको नीति र दृष्टिकोण के ? त्यो अब प्रष्ट रुपमा जनसमक्ष आउनु जरुरी भएको छ ।

मृत्युदण्डको पक्षमा हालै भएको नयाँ ऐन संशोधन र संविधानसँग बाझिने मृत्युदण्डसंबन्धी अन्य कानूनी प्रावधान के एमाले सरकार पनि कांग्रेस सरकार जस्तै ज्यूँका त्यूँ राख्न चाहन्छ ? त्यो प्रष्ट हुनु जरुरी भएको छ । ❑

## के वामपन्थीहरुले......

त्यहाँ भयो । फलस्वरुप एमाले बाहेक संजमो र मसालले हार खानुपऱ्यो । अल्पमतको सरकार बनाउनुपर्ने बाध्यतालाई यसबाट थप सहयोग मिल्यो ।

यी सबै कुराहरूबाट के बुझिन्छ भने वामशक्तिहरूले समयमै वाम एकता गरेर चुनाव लडेको भए गएको संसद्मा वामशक्तिको एकछत्र प्रभुत्व हुन्थ्यो । कांग्रेस र राप्रपाको स्थिति निक्कै कमजोर हुन्थ्यो । समर्थन र विश्वासको मतको लागि प्रतिक्रियावादीहरूको आवश्यकता पर्ने थिएन । यसरी मध्यावधि चुनावको आवश्यकता पनि हुने थिएन ।

अहिले पनि वामपन्थी शक्तिहरूले बुद्धि पुऱ्याएनन् वा स्वार्थमुखी प्रवृत्ति, ठूलो शक्ति-अहंकार, यथार्थको जगमा नउभिएको आफ्नो औकातको मूल्याङ्कन आदि गल्तीहरू सच्याउन ध्यान पुऱ्याएनन् भने र पहिले जस्तै आ-आफ्नो स्वार्थ र अहंमा नै अडिग रहिरहे भने परिणाम पहिलेको जस्तै निक्लनेछ । पूँजीवादी राज्य यन्त्र र संसद्को सीमाभित्र रहेर पनि गर्न सकिने थुप्रै सुधारहरू, जनतालाई दिन सकिने केही राहतहरू र क्रान्तिको लागि पूर्वाधार तयार पार्न टेवा पुऱ्याउने अवसर समेत नेपाली जनताले गुमाउनुपर्ने छ । देशमा लामो अवधिसम्म बारम्बार अल्पमतको सरकार वा मिलिजुली सरकार बनाउनुपर्ने वाध्यता आइ पर्नेछ । बारम्बार महंगो मध्यावधि चुनावको सामना राष्ट्रले गर्नु पर्नेछ ।

०४८ सालको आम चुनावमा वाम तालमेल नहुनाले स्वतः जित्न सक्ने १४ सिट गुमाउनु परेको थियो । त्यसैले सबै वाम पार्टीहरुले आफ्नो तुच्छ स्वार्थ र अवस्तुवादी दृष्टिकोणबाट पैदा भएको अहंलाई त्याग्नु जरुरी छ । समयमै राष्ट्र र जनताको हितमा "एक वाम एक ठाम"को आधारमा चुनावी एकता गरेर चुनावी मैदानमा उत्रिनुपर्ने जरुरी भएको छ ।

पहिलेकै दुईवटा चुनावमा प्राप्त मतलाई आधार बनाएमा वाम तालमेलको लागि सिट बाँडफाँडको वस्तुवादी मूल्याङ्कनको आधार सबैलाई प्राप्त हुन सम्भव छ । एक दुई ठाउँमा समस्या रहेमा त्यो आपसी समझदारी र सर्वमान्य तटस्थ व्यक्तिहरुको निर्णय र रिपोर्टको आधारमा हल हुन सम्भव छ । ❑

Take a bite of Protein
Take a bite of Power

Pashupati
BISCUITS

Cream Cracker + Soaltee + Saltn Sweet

Cream Verieties

A TRADITION IN BISCUITS

**Shree pashupati Biscuit Industries (Pvt.) Ltd.**

**Head Office** : 6/373 Khichapokhari, G. P. O. Box : 648, Kathmandu, Nepal.
**Tel** : 221260, Telex : 2258 KUSUM NP Fax : 977-1-226293
**Factory** : Duhabi, Sunsari, P. O. Box : 26, Cable : Biscuits. Tel : 40035, 40164
**Office** : Tel : 22264, 25116 (Biratnagar)

पोर्चुगल

# 'कम्युनिष्ट रानी' को मृत्यु

> पोर्चुगलको कम्युनिष्ट आन्दोलनको सानो झलक

हाले पोर्चुगलकी 'कम्युनिष्ट रानी' को नामले चर्चित राजकुमारी मारिया पिया डे ब्रागान्काको ८८ वर्षको उमेरमा मृत्यु भएको छ।

गत वैशाख २३ गते इटालीको मेरोनामा मृत्यु भएकी राजकुमारी मारियाले आफ्नो जीवन कालभरि पोर्चुगलको कम्युनिष्ट आन्दोलनलाई भौतिक र नैतिक रुपमा सहयोग गर्दै आएकी थिइन्। साम्यवादी सिद्धान्तका कट्टर हिमायतीका रुपमा चर्चित मानिने 'कम्युनिष्ट रानी'- राजकुमारी मारियाको अधिकांश जीवन इटालीमा बितेको थियो। पोर्चुगलका गणतन्त्रवादीहरुद्वारा मारिएका राजा कार्लोस- प्रथमकी अवैध छोरी राजकुमारी मारियाले राजतन्त्रको र फासीवादको विरोधमा पोर्चुगलका गणतन्त्रवादी- वामपन्थीहरुद्वारा गरिएको लामो संघर्षमा साथ दिएको बताइन्छ। भनिन्छ, पोर्चुगलका वाम झुकाव भएका राष्ट्रपति मारियो सोरेससंग राजकुमारी मारियाको घनिष्ठ सम्बन्ध थियो।

स्मरणीय छ, पुरानो यूरोपेली साम्राज्यवादी देशको रुपमा कुख्यात पोर्चुगलमा वामपन्थीहरु राजतन्त्र र फासीवादी सैनिक शासनको विरुद्धमा कठोर संघर्ष गरेका थिए। यसकै फलस्वरुप सैनिक सरकार अन्तर्गत रहेका वाम-झुकाव भएका सैनिक अधिकारीहरुले सन् १९७० को दशकको शुरुमै सैनिक विद्रोह गरी सालाजारको सैनिक शासनलाई पल्टाई गणतन्त्र स्थापना गर्ने कार्य गरेका थिए, जसको पृष्ठभूमिमा पोर्चुगलको कम्युनिष्ट पार्टी (PCP) को भूमिकालाई उल्लेखनीय मानिन्छ।

सैनिक विद्रोहलाई पोर्चुगलको कम्युनिष्ट पार्टीले 'क्रान्ति'को संज्ञा दिदैं यस क्रान्तिको उपलब्धिहरुको रक्षार्थ उनीहरुले संघर्ष समेत गरेका थिए। यस 'क्रान्ति'लाई पछि फासीवादी सैनिक जुन्ताले अमेरिकी साम्राज्यवादको सहयोगमा ध्वस्त गरी पुनः फासीवादी शासन स्थापना गरेको थियो। यस फासीवादी शासन विरोधी पोर्चुगलका जनताको संघर्षलाई नेतृत्व गरिरहेको पोर्चुगल कम्युनिष्ट पार्टीको क्रान्तिकारी संघर्ष अद्यापि जारी छ। ❑





बलियो, भरपर्दो, टिकाऊ, सुरक्षित.........




हनुमान छाप कर्कट पाता (जस्ता पाता)

सधैं प्रयोग गर्नुहोस्!

उत्पादक:
सुन्दर स्टील्स प्रा. लि.
फोन: ०५१-२१८२४, २२०९२
२-७०७३०, २-७०३७१

# के तपाईलाई थाहा छ ?

बाढी नियन्त्रण तथा भूक्षयबाट सुरक्षित राख्नको लागि हिमाल वायर्स, परवानीपुरबाट उत्पादित अति भरपर्दो तथा उच्च गुणस्तरको


जि. आई. तार तथा काँडेतार प्रयोग गर्नुहोस्,

जुन परीक्षणमा पास भएपछि टेष्ट सर्टिफिकेटसाथ मात्र बजारमा आउँछ।



हिमाल वायर्स लि.
ज्योति भवन, काठमाडौं
फोन: २२५४९०, २२६३२७

| काठमाडौं | वीरगंज | विराटनगर | जनकपुर | हेटौंडा | नारायणघाट | भैरहवा | नेपालगंज | पोखरा | बुटवल |
|---|---|---|---|---|---|---|---|---|---|
| २१७३६२, ४१३८५० | २२१९३ | २५६९६ | २०३२२ | २०४८१ | २०२९७ | २०१२० | २०३७४ | २१९२२ | २००४९ |




## धन्यवाद !

पूर्णाङ्क २७ को आवरण पृष्ठमा रहेको फिडेल क्यास्त्रोको तस्वीरसहित उनको ताजा विशेष अन्तर्वार्ता पढ्न पाउँदा, त्यहाँको शिक्षा-राजनीतिक-आर्थिक नीति र सामाजिक परिवर्तन कुन तरीकाले अगाडि बढिरहेको छ भन्ने कुरा पढ्न पाउँदा मूल्यांकन मासिकलाई धन्यवाद दिन चाहन्छु ।

*-नारायण चौलागाईं 'विस्फोटन'*, पोखरी चौरी १, काभ्रेपलाञ्चोक, हाल नयाँ बानेश्वर

## जड्सूत्रवादी र सुधारवादी

मूल्याङ्कनको अंक २८ मा चन्द्रदेव नेपालीद्वारा लिखित नीति/संस्कृति स्तम्भ अन्तर्गतको "रामको अन्धभक्त हनुमान, हनुमान चालिसा पढ्ने हामी" लेख अत्यन्त उपयोगी लाग्यो । बाले श्राद्ध गर्दा बिरालो बाँधेको देखेर छोराले पनि परम्पराको जगेर्ना गर्न जानेर वा नजानेर गाउँबाटै खोजेर भए पनि श्राद्ध गर्दा बिरालो बाँधेको नेपाली परम्परालाई बाहिरि रुपमा देखाएर पनि यसको गहिरो र गम्भीर अभिव्यक्ति छ । नेपाली माटो सुहाउँदो भनेर र जडसूत्रवादी बनिने खतराबाट उम्किनका लागि विचारधारा, मान्यता र सिद्धान्तलाई थाती राखेर बर्तमान वाम सरकार कुर्सी जोगाउने कार्यमा मात्र लागि पर्नु जनताप्रतिको कुठाराघात होइन र ?

महेन्द्रमणि पौड्याल, भोर्लेटार- ७, लम्जुङ्ग, हाल: पृथ्वीनारायण क्याम्पस, पोखरा

## मूल्यांकनको स्तर अवमूल्यन !

अंक २८ मा उच्चस्तरीय लेख तथा खोजहरुमा चन्द्रदेव नेपालीको नीति/संस्कृतिसम्बन्धी लेख र विश्व कम्युनिष्ट आन्दोलनका सम्बन्धमा राजेन्द्र महर्जन र श्यामजीबाट भारतमा नै गई अध्ययन गरी त्यहाँको सशक्त क्रान्तिकारी कम्युनिष्ट पार्टी एस.यू.सी.आई. को बारेमा विविध क्रान्तिकारी ज्ञान सम्बन्धी जानकारी प्रकाशमा ल्याउनु भएका कुराहरू उल्लेखनीय तथा ज्ञानवर्द्धक छन् । यी दुई स्तम्भ अध्ययनपश्चात् क्रान्तिकारीहरूमा जडसूत्रवाद र संशोधनवाद तथा विसर्जनवादको विरुद्ध क्रान्तिकारी जोश र जाँगर बढाउँछ । अन्य सवालमा चाहिँ मूल्यांकनले लेख रचनाहरूमा स्तर अवमूल्यन गरेभैं लाग्यो । कारण, अघिल्ला अंकहरूमा दिइने गरेको प्रज्ञानरत्नजी र खगेन्द्र संग्रौलाजीले लेख्ने गर्नु भएको लेख आउन छोडेको कारण हामी पाठक ज्ञानबाट वञ्चित भएझैं लाग्छ । आगामी अंकमा विश्वमा भएको घटनामध्ये हाल विश्वकै ध्यान आकर्षित भएको पूर्व युगोस्लाभियाको घटना तथा सर्वियामाथि अमेरिकी साम्राज्यवादको इशारामा राष्ट्रसंघ तथा नेटोद्वारा भएको आक्रमणको सम्बन्धमा मार्क्सवादी लेनिनवादी दृष्टिकोणसाथ घटनाक्रम जान्न पाईएमा हामी पाठक वर्गले तत्सम्बन्धी ज्ञान हासिल गर्न पाउँथ्यौं कि ? अनि मूल्यांकनमा विश्व सर्वहारावादी क्रान्तिका गुरुहरू मार्क्स, लेनिन, एंगेल्स, माओ, स्टालिन तथा होचि मिन्हका जीवनका झाँकीहरू प्रकाशित भएमा अझ राम्रो हुन्थ्यो कि ?

*शम्भुप्रसाद हुमागाईं "प्रतिबन्धित"*
डुमरिया- ७ चेतनगर, रौतहट

## पाठ सिक्ने हो कि ?

जेठ महिनाको अंक समयमा नै पाएँ । यसमा रहेका सबैजसो स्तम्भ राम्रो लाग्यो । अझ यसमा रहेका "नेताहरु कम्युनमा बस्छन्" भन्ने प्रधान सम्पादक श्याम श्रेष्ठद्वारा लिखित स्थलगत रिपोर्ट समसामयिक हुनुका साथै हामीले पनि यस्तै व्यवहारमा उतार्न सक्छौं कि ? यसलाई पाठको रुपमा लागु गर्ने हो भने अवश्य हाम्रो लागि उपयोगी सिद्ध हुनेछ ।

*दीपककुमार श्रेष्ठ "नैनदीप"* धनगढी- ५, सिराहा । हाल भैलुभूज, भैरहवा

## सरकारले बेलैमा बुद्धि पुऱ्याएर काम गरोस्

पद्मरत्न तुलाधरले मानवाधिकारको सन्दर्भमा गाईको प्रकरणमा जुन कुरा उठाउनु भएको थियो, त्यो उपयुक्त नै थियो । यसबाट राजनीतिक फाइदा लिन भ्रम फिंजाउनेहरूसँग माफी माग्नु पद्मरत्नको कमजोरी हो ।

सक्षम, निष्पक्ष र धर्मनिरपेक्ष राज्य बनाउने कुरामा यो सरकारले बेलैमा बुद्धि पुऱ्याएर सजगता अपनाउनुपर्ने देखिन्छ ।

*-बाबुराम हुमागाइं*, काभ्रे, शारदा- ३, जाइडोल

## महिमा अधिकारीले लेखको महिमा बुझिनन् ?

मूल्यांकनको जेठ अंक "पाठकको कुरो" स्तम्भमा महिमा अधिकारीले "विद्यार्थीहरू पढ्दै नपढी पास हुन चाहन्छन्' भनेर सम्पूर्ण विद्यार्थीहरूप्रति नकारात्मक भावना पोख्नु भएछ । महिमाजीले मूल्यांकनमा प्रकाशित "संस्कृत समाचार किन र कसका लागि" भन्ने लेख राम्ररी अध्ययन नगर्नु भए झैं लाग्यो । शायद उहाँले लेखको वास्तविक आशय बुझ्नै सक्नु भएन कि ? महिमाजी साँच्चिनै कक्षा ८ मा पढ्दै हुनुहुन्छ भने उहाँका लागि अध्ययन मनन गर्ने समय प्रशस्तै छँदैछ, तर उक्त लेखन महिमा अधिकारीको नामबाट कसैले प्रेषित गरेको भए, प्रेषक स्वयं बुझक्कड व्यक्ति हुँदाहुँदै पनि एउटा संकुचित मनस्थितिमा फँस्न पुगेझैं लाग्छ । विरोधको लागि विरोध नै हो भने संसारमा कुन चिज बाँकी रहला र ?

-रत्न सांगपांग, जाउलाखेल

## गाई आन्दोलनबारे

जेठ अंकमा गाई आन्दोलनबारे पढ्न पाइयो । वर्तमान श्रम तथा स्वास्थ्य मन्त्रीद्वारा मानवाधिकारसम्बन्धी प्रसंगमा अभिव्यक्त स्वतन्त्रताको कुरा र धार्मिक सहिष्णुता र स्वतन्त्रताको उपजको रुपमा आएको शब्दलाई नेपाली छापाले अर्कै अर्थ लगाए तापनि सोझा जनताको दिमागमा भ्रम भर्न गाह्रो पर्छ । मन्त्री महोदयले सफाइ दिएर प्रष्ट पार्दा पनि सहिष्णु भनिएका हिन्दू-धर्म प्रचारकहरू राजनीतिको आडमा धर्म गुरु बन्ने व्यक्तिले टाउको काट्ने कुरा गर्नु आफैंमा हास्यास्पद देखिन्छ । उनीहरूको क्रियाकलापले मानवाधिकार र धार्मिक स्वतन्त्रता अनि सहिष्णुतामा समेत प्रश्न चिन्ह तेर्साएको भान हुन्छ ।

अर्को कुरा, नेपाल भारत सम्बन्धलाई अझ टड्कारो रुपमा अगाडि बढाउनु पर्ने कुरा समय सापेक्ष छ र अन्य स्तम्भ ज्ञानवर्द्धक देखिन्छन् ।

*-हर्कबहादुर काँचुली*, इशानेश्वर- ८, लमजुङ्ग

## आशा र दुःख

पूर्णाङ्क २७ को आवरण कथा "के अरुण तेस्रो बारे एमाले सरकारले सारा अडान छोड्यो ?" यसबारे एमाले सरकारलाई सचेत गराउनु भएकोमा धेरै धन्यवाद छ । "अब नेपाल भारत सम्बन्ध कस्तो हुनुपर्छ" अन्तर्क्रिया अन्तर्गत इतिहासविद् डा. कृष्णबहादुर थापाको विश्लेषण, अर्थविद् महेश्वरमान श्रेष्ठ र विद्युतविज्ञ विकास पाण्डेको विचार र श्याम श्रेष्ठको विचार राम्रो नै छ । फेरि फेरि पनि उहाँहरूको विचार पढ्न पाउने आशामा छु ।

अन्तर्राष्ट्रियसम्बन्धी लेखमा फिडेल क्यास्त्रोको अन्तर्वार्ता सबैभन्दा राम्रो लाग्यो । किनकि यसले आजको समाजवादबारे फिंजाएको हल्लाको मुखमा बुजो लगाइदिएको छ । अब पनि फेरि अरु समाजवादी देशका नेताहरूको अन्तर्वार्ता र त्यहाँको क्रान्तिकारी गतिविधिबारे जानकारी पढ्न पाउने आशा राखेको छु ।

रंगमञ्च/पर्दा बारे लेख समाचार कम भइरहेको छ । यसलाई ठाउँ दिनुपर्छ । क. रोहित, क. शम्भुराम श्रेष्ठले सरकारलाई दिनु भएको सुझाव राम्रो लाग्यो । तर मूल्यांकनले प्रवासी नेपालीको विचार, पाठकको विचारलाई समेट्न नसकेकोमा दुःख लागेको छ ।

-मूल्यांकनको प्रवासी पाठक
*जयविक्रम धुजु श्रेष्ठ 'फकिरा'* साउदी अरब

## नयाँ जोश र जाँगर

विश्व कम्युनिष्ट आन्दोलनबारेको लेख रचना ज्ञानवर्द्धक, स्तरीय र रोचक लाग्यो । अझ SUCIको क्रान्ति अगावै कम्युन जीवनको थालनी" भन्ने लेख पढ्दा नयाँ जोश, जाँगर प्राप्त भयो ।

"गाई आन्दोलन" लेख पनि उपयुक्त र सान्दर्भिक लाग्यो । तर मूल्यांकनले सानो धार्मिक बिवादलाई यति महत्व दिएर वक्तव्य संकलन गर्नु त्यत्ति सान्दर्भिक नभएजस्तो लाग्यो । बरु उक्त घटनाबारे मूल्यांकनको धारणा भन्ने शीर्षकमा स्पष्ट लेख प्रकाशित गरे भै हाल्थ्यो ।

बरु "हाम्रो मूल्यांकन"ले कोट्याउन खोजेजस्तो "खोलो तऱ्यो लौरो बिर्स्यो" भन्ने जस्ता रचनाहरू प्रकाशित गर्न अनुरोध गर्दछु ।

*-जयप्रसाद तिमिल्सिना*,
चमुण्डा- ८ दैलेख,
हाल: शिक्षा क्याम्पस, सुर्खेत,
बी. एड. दोस्रो वर्ष

## मान्छे फाँड्ने शास्त्र !

गाई आन्दोलनबारे मैले जति बुझेथें त्यो भन्दा बढ्ता बुझ्ने मौका मूल्यांकनबाट मिल्यो । क. पद्मरत्न तुलाधर गलत बाटोमा हुनुहुन्न अथवा उहाँको कुनै भूल नै थिएन भन्ने त पहिले नै विचार गरिसकेको थिएँ । यहाँ मैले नयाँ कुरा यो थाहा पाएँ कि- शास्त्रीजी भनिने भरत आचार्यले तुलाधरको टाउको काट्नेलाई इनाम ५० हजार दिने घोषणा गरेका रहेछन् । शास्त्रीजीको शास्त्रले त पशु जोगाउन मान्छे फाँड्नु भन्ने किसिमको शिक्षा दिन्छ जस्तो लाग्यो । नत्र उहाँको मुखबाट मान्छे काट्ने शब्द नै निस्कदैनथ्यो ।

*-हिमाल लिम्बु*, रमोला चोक, मुनाल पथ, धरान- १०,

## मूल्यांकनमा शून्यवाद !

मूल्यांकनको शुरुवातदेखि अद्यावधि मैले त्यसको सकारात्मक पाटो ग्रहण गर्दै आफ्नो हैसियतमा समग्र मूल्यांकन गरिराखेको छु । यसै प्रसंगमा करीब १ वर्ष पूर्व कमजोरी पक्षमा रहेको सुझावसहित मैले त्यस पत्रिकामा गरेको पत्राचारलाई तपाईंहरूले पनि प्रकाशित गर्ने हिम्मत राखिदिनु भएन । यद्यपि मूल्यांकन प्रकाशनका कमजोरी अनुभूति गर्दागर्दै पनि यो कुन तथ्यगत धरातलमा उभिएर विचार प्रवाह गर्दैछ भन्ने सही सैद्धान्तिक ठम्याइ मभित्र थिएन । तर हालैका दिनमा "आव्हान" वर्ष १ अंक १ मा प्रकाशित चैतन्यज्यूको शून्यवाद बारेको लेखबाट "मूल्यांकन"को धरातल यही शून्यवाद भएको गुन्जाइस पाएको छु । यदि यसै हो भने देशमा स्थापित "मूल्यांकन" पत्रिका समाजको मरणशील पक्षमा नलागी जीवनशील पक्षमा अघि बढोस् भन्ने कामना गर्दछु । अन्तमा, प्रस्तुत पत्रलाई प्रकाशन गर्न पनि निराशाको अभिव्यक्ति देखाउनु हुनेछैन भन्ने विश्वास लिएको छु ।

*-राजेन्द्र ढकाल*, गोरखा

## वैज्ञानिकहरुको विचार चाहियो

नेपाली युवाहरूको जोश र जाँगर भनेको राजनीतिमा मात्र सीमित रहँदैन । त्यसैले गर्दा हामी मूल्यांकनलाई के अनुरोध गर्दछौं भने यसले कम्युनिष्ट देशका व्यक्तित्वका अन्तर्वार्ताका साथसाथै त्यस्ता देशका वैज्ञानिकहरूको पनि अन्तर्वार्ता पाठकसम्म ल्याइदिओस् । अनुभूति स्तम्भमा कम्युनिष्ट वैज्ञानिकहरूका अनुभूतिहरू पनि प्रकाशित गरियोस् । साथै वैज्ञानिक लेखहरूलाई पनि बढी प्रोत्साहन दिइयोस् भन्ने हामी चाहन्छौं ।

*-विनोद नेपाल, मैयाँ मोक्तान, राम ब. तामाङ्ग, सुन ब. तामाङ्ग, चित्र ब. तामाङ्ग*, माङ्खा १, तोप्का, सिन्धुपाल्चोक

हरेक सोमबार
जन एकता साप्ताहिक
आकर्षणहरु
खगेन्द्र संग्रौला/हरिगोविन्द लुइटेल/
राजेन्द्र महर्जन/आहुति/
डा. नारायण पोखरेल/
कवि कालिदासको कलम आदि
यही असार १२ गतेदेखि प्रकाशित हुँदैछ

# GET THE PANTHER PROTECTION

Panther; the modern contraceptive for responsible men. Made in U.S.A. Electronically tested. Lubricated, strong and reliable.

Panther protects from unwanted burden, STDs and AIDS.

Now, in a new attractive pack. Easy to keep, easy to carry. Available whenever and wherever you need it.

Panther; the first choice of men who understand that family planning is also a male responsibility and takes responsibility for protecting his family.

Get yourself the Panther Protection.


*Panther for protection.*
*Panther for family planning.*




Marketed by:

Nepal CRS Company Pvt. Ltd.



MULYANKAN
A magazine for Thought-Interaction ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२


# बोर्डिङ्ग पास - समयको उपहार


एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने